# भक्तपुर दरवार क्षेत्रका कलामा पशुपंछीका मूर्तिहरु

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

स्नातकोत्तर तहको आंशिक आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

# शोध - प्रवन्ध


प्रस्तुतकर्ता

**राजनलाल जोशी**

रोल नं ३४०६


विसं २०६८


नेपाली इतिहास तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, नेपाल

# सिफारिस पत्र

श्री राजनलाल जोशी नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि 'भक्तपुर दरवारक्षेत्रका कलामा पशुपंछ ीका मूर्तिहरु' शीर्षकको मेरो सुपरिवेक्षणमा तयार गर्नुभएको हो । निजको कार्यबाट म सन्तुष्ट छु । अत: प्रस्तुत शोधपत्र मुल्यांकनको लागि सिफारिस गर्दछु ।

..........................

सहप्रा. डा. डिल्लीबहादुर ओली

त्रिभुवन विश्वविद्यालय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र संकाय**

**कीर्तिपुर**

## स्वीकृति–पत्र

राजनलाल जोशीले नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागको स्नातकोत्तर तह उपाधिको आंशिक परिपूर्तिको लागि पेश गर्नुभएको 'भक्तपुर दरवार क्षेत्रका कलामा पशुपंछीका मूर्तिहरु' नामक शोधपत्र मूल्यांकन समितिबाट स्वीकृत गरियो ।

मूल्यांकन समिति

१) विभागीय प्रमुख ......................

२) आन्तरिक सुपरिवेक्षक .......................

३) वाह्य परीक्षक ........................

# कृतज्ञता ज्ञापन

सर्वप्रथम त म मेरा आदरणीय गुरू सहप्रा. डा. डिल्लीबहादुर ओली ज्यूको अमूल्य सुझाव, सहयोगप्रति हृदयदेखि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र साथसाथै उहाँले दिनु भएको विषयगत एवं भाषागत शैलीको ज्ञानको लागि सदैव ऋणी रहने छु ।

मेरो शोधकार्यको लागि अमुल्य सुझाव तथा स्वीकृति दिनुहुने नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभागका आदरणीय गुरूआमा तथा विभाग प्रमुख प्रा.डा. वीणा पौड्यालप्रति विशेष कृतज्ञता जाहेर गर्न चाहन्छु । उहाँले सदैव शिघ्र शोध कार्य सम्पन्न गर्न घच्घच्याउने कार्य गर्नु भएको थियो । त्यसैगरी संस्कृतिविद् हरिराम जोशीप्रति पनि विशेष कृतज्ञता जाहेर गर्दछु । उहाँले यस अध्ययनका लागि आवश्यक पाठ्य सामाग्री उपलव्ध गराउनु भएको थियो । त्यसैगरी प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठज्यूले पनि आवश्यक सरसल्लाह दिनुभएको थियो । उहाँलाई पनि धन्यवाद नदिइ रहन सक्दिन । यस शोध सम्पन्न गर्नका लागि समय समयमा घच्घच्याइरहनु हुने गुरु मदन रिमाल, विभागका धर्मदाई (धर्म महर्जन), इन्द्र महर्जन प्रति समेत कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो यस सोधकार्यमा सहयोग गरिदिनु हुने आदरणीय मित्र रवि शाक्य, संस्कृतिविद स्व. लीलाभक्त मुनंकर्मी, विनोदराज शर्माप्रति धन्यवाद व्यक्त गर्दछु । यसैगरी मेरी श्रीमति सृजना शाक्य जस्ले यस शोध कार्य अवधिभर सामाग्री संकलन कार्यका लागि सहायकको भूमिका निर्वाह गरिदिएको प्रति आभार व्यक्त गर्दछु ।

राजनलाल जोशी

विषयसूची

सिफारिस–पत्र

स्वीकृति–पत्र

कृतज्ञता–ज्ञापन

पहिलो अध्याय

अनुसन्धान परिचय

१.१ समस्याकथन

१.२ अनुसन्धानका उद्देश्यहरु

१.३  अध्ययन विधि

१. ३.१ अध्ययन क्षेत्र

१.३.२तथ्यांक संकलन विधि

१.४ अध्ययनको सीमा

१.५ अध्ययनको महत्व

१.६ पूर्वकार्यको समीक्षा

१.७ शोध संगठन

दोस्रो अध्याय

सांस्कृतिक एवं ऐतिहासिक परिचय

२.१ नेपाली कलामा जीवजन्तुको प्रयोग

२.२ भक्तपुर दरवार क्षेत्रभित्र जीवजन्तु प्रयोग

२.३ वाहन

२.४पूजा परम्परा

२.४.१ हात्ती

२.४.२ वृष र गाई

२.४.३ भ्यागुता

२.४.४ नाग

२.४.५ काग

२.४.६ कुकुर

२.४.७ माछा

२.४.८ कछुवा

२.५ जात्रा

२.५.१ नृसिंह यात्रा

२.५.२ दीपंखा यात्रा (नीलवृषयात्रा)

२.६ धार्मिक ग्रन्थमा पशुपंछी

२.६.१ वेद

२.६.२ तन्त्र

२.६.३ पुराण

२.६.३.१वराह पुराण

२.६.३.२ कूर्म पुराण

२.६.३.३ मत्स्य पुराण

२.६.३.४गरुड पुराण

२.७ ज्यौतिषी विज्ञानमा पशुपंछी

२.७.१ सक्रान्ति वाहन

२.७.२ संवत समयको वाहन

२.८ खाद्य परिकारको रुपमा

तेस्रो अध्याय

शास्त्रीय परिचय

३.१थलचर

३.१.१ उँट

३.१.२ कुकुर

३.१.३ कृष्णसार

३.१.४ गाई र वसाहा

३.१.५ गैंडा

३.१.६ घोडा

३.१.७ न्याउरी

३.१.८ बाघ

३.१.९ बाँदर

३.१.१० बोका

३.१.११ भेडा

३.१.१२ मुसा

३.१.१३ राँगा

३.१.१४ वनेल

३.१.१५ स्याल/ब्वाँसो

३.१.१६ सिंह

३.१.१७ हात्ती

३.१.१८ हिरण

३.२ नभचर

३.२.१ उल्लु

३.२.२ काग

३.२.३ कुखुरा

३.२.४ गरुड

३.२.५ परेवा

३.२.६ मयुर

३.२.७ सुगा

३.२.८ हाँस

३.३ जलचर

३.३.१ कछुवा

३.३.२ भ्यागुता

३.३.३ मकर

३.३.४ माछा

३.४ सरीसृप

३.४.१ नाग

३.४.२ छेपारो

३.४.३ विच्छी

३.५किराफट्याङ्ग्रा

३.५.१ गंगटो

३.५.२ माकुरा

३.६ विविध

३.६.१ ड्रागन

## चौथो अध्याय

## मूर्तिहरुको उपयोगिता

४.१ वास्तुमा पशुपंछीको उपयोग

४.१.१ देवदेवीसँग

४.१.२ स्वतन्त्र

४.१.३ मूर्तिफलक

४.१.४ स्तम्भ

४.१.५ सिंढी

४.१.६ छाना

४.१.७ तोरण

४.१.८ टुँडाल

४.२ गहना

४.२.१ मुकुट

४.२.२ माला

४.२.३ सिक्री

४.२.४ मणि

४.२.५ चुरा/बाजु/कली

४.२.६ विविध

४.३ पशुपन्छिको मूर्तिमा पाइएको विविधता

पाँचौं अध्याय

५.१ निश्कर्ष तथा सुझावहरु

सन्दर्भसूची

तस्वीर

# पहिलो अध्याय

# अनुसन्धान परिचय

विभिन्न उद्देश्य राखी सृजना गरिएको कलाको चर्चा गर्ने क्रममा सिन्धुघाटीको सभ्यतापनि एक महत्वपूर्ण रहेको छ । पाँच छ हजार वर्ष अघि सिन्धु नदीको छेउमा निर्मित बस्ती अर्थात सभ्यतालाई लिएर नामाकरण भएको सिन्धुघाटीको सभ्यतामा धेरै किसिमका कला सृजना भएको पाउँछौं । उत्खननपछि प्राप्त अवशेषको आधारमा तत्कालिन समयमा नै जनावरलाई घरपालुवाको रुपमा लिन थालेको पाइन्छ । त्यसैगरी मोहन जोदडामा गरिएको उत्खननमा वैलगाडीको प्रयोग भएको अवशेष पाइएको छ । मोहन जोदडो र हरप्पामा कलात्मक रुपमा वृष उत्किर्ण गरिएको मुद्रा प्राप्त भएको आधारमा पनि सिन्धुघाटीको सभ्यतामा पशुपंछीको विशेष स्थान रहेको झल्किन्छ । त्यसैगरी सोही स्थानमा प्राप्त कुकुरको हड्डिको आधारमा जनावरलाई घरपालुवा बनाउने कला सिकीसकेको महसुस हुन्छ । त्यसैगरी सिन्धुघाटीको सभ्यतामा प्राप्त अन्य अवशेषहरुमा पखेटायुक्त सिंह, दुई शिरवाला पंछी, दुई शीर चार सिंङ भएको राँगो, एउटा शिर १० अंग भएको वत्स , हिमालमा पाइने सोन्हखुट्टे शरभ मृग विशेषको मूर्ति उत्कीर्ण गरिएको पाइएको छ । साथै, इहामृग आदि प्राप्त भएको आधारमा पनि सिन्धुघाटीको सभ्यता विकास भइरहेको समयमा पनि कलाको माध्यमबाट अभिव्यक्ति गर्ने प्रचलन रहेको छ भन्ने ज्ञात हुन आउँछ । यसरी प्राचीन कालमा नै विभिन्न ढंगले विकास भएको कला पछिल्लो कालमा आएर अझ परिस्कृत भएको मान्न सक्छौं । अभिव्यक्तिको माध्यममा साहित्य र धर्मको प्रभाव बढेपछि विभिन्न धार्मिक ग्रन्थ वा परिकल्पनामा आधारित मूर्तिहरु निर्माण हुन थालेको महशुस हुन्छ । जुन पछिल्लो कालमा धर्ममा आधारित मूर्तिहरु बढ्दो संख्यामा निर्माण भए ।

अभिव्यक्तिको रुपमा विकास भएको कलाले धार्मिक स्वरुप पाएपछि वैदिक साहित्यमा समेत स्थान पाइएको छ । मूर्तिकलाको प्राचीनतालाई लिएर अध्ययन गर्ने क्रममा ऋग्वेदमा 'न मन्वान:

एषां देवान् अर्च्चा ' भन्ने उल्लेख छ । ऋग्वेदमा प्रयुक्त अर्चा शव्द लाई प्रतिमाको रुपमा व्याख्या गरिएको छ । त्यसैगरी पाणिनीले पनि 'इभे प्रतिकृतौ' भनी प्रतिकृति शव्द प्रयोग भएको आधारमा मूर्तिकलाको विकास भइसकेको प्रष्ट हुन्छ । तर त्यसरी निर्मित मूर्तिहरु अहिले जस्तै पूजाको दृष्टिकोणले तयार भएको हो वा होइन भन्ने विवाद भन्ने रहेको छ । सिन्धुघाटीमा प्राप्त मुद्रामा (?)नारी मूर्ति, योगासनमा बसेको त्रिमुखी र पशुले घेरिएको एक त्रिमुखीको मूर्ति उत्किर्ण भएको आधारमा प्राचीनकालदेखि देवदेवीको स्थान रहेको छ भन्न सकिन्छ ।

वैदिक साहित्यमा विभिन्न मूर्तिको चर्चा गरिएको आधारमा भने यसको प्राचीनता प्रति गंभीर हुनैपर्छ। ऋग्वेदमा 'देवोनरेश' र 'नृपशेस' भनी सम्वोधन गरिएको आधारमा तत्कालिन मानिसहरू देवतालाई मानिसकै स्वरुपमा लिने गरेको थियो भन्ने आधार छ । यसलाई पुष्टि गर्नका लागि ऋग्वेद कै एक स्थानमा इन्द्रको शारीरिक वर्णनमा उक्त कुरा प्रष्टिन्छ । ऋग्वेदमा इन्द्रलाई ठूलो भुँडी भएको, राम्रा हात भएका, हरियो चिउँडो, कमलो पेट भएका भनी उल्लेख गरिएको छ। त्यसैगरी रुद्रलाई कमलो पेट भएका, विष्णुलाई तन्नेरी र युद्ध गर्न जाँदै गरेको देखाइएको छ । साथै ऋग्वेदमानै मूर्ति निर्माणको एक अर्कोपनि प्रसंग रहेको छ - 'मेरो यस इन्द्रलाई दशवटा गाईको बदलामा कसले किन्छ' । त्यसैगरी 'यस इन्द्रले शत्रुहरुलाई मारेपछि फेरि कसले मलाई फर्काउँछ' भनी ऋग्वेदको ऋचाको आधारमापनि मूर्तिको विकासक्रम शुरु भइसकेको थाहा हुन आउँछ । सोही ग्रन्थको एक स्थानमा 'हे इन्द्र म तिमीलाई जुनसुकै मूल्यमा पनि बेच्ने छैन। चाहे मलाई कसैले एक सय, एकहजार या दसहजार गाई नै किन नदिउन' भन्ने आधारमा पनि मूर्ति निर्माणको विकासक्रम झल्किन्छ ।

अर्को तर्फ मन्दिरै मन्दिरको सहरको रुपमा चित्रित नेपालमा पनि विभिन्न किसिमको मूर्तिको उत्तिकै महत्व रही आएको छ । त्यसमाथि काठमाडौं पाइलै पिच्छे मन्दिरै मन्दिरले गर्दा यसको सांस्कृतिक महत्व अझ माथि उठेको छ । बहुजातीय बसोबास रहेको काठमाडौं उपत्यकामा मन्दिरै मन्दिर निर्माण भएपनि हरेक जाती समुदायले आफ्नै ढंगले व्याख्या विश्लेषण गरेको पाइन्छ । यहाँ भित्र बस्ने विभिन्न जातीय समुदायले यहाँ निर्माण भएको सांस्कृतिक अवशेषलाई आफ्नै

जीवन शैलीको एक रुपमा व्याख्या गर्ने गरेका छन् । त्यसैले पनि यहाँ मन्दिरको सहरको रुपमा चित्रण गर्न विदेशी विद्वानहरू पछि परेनन् । र मानिस भन्दापनि देवताका मूर्ति बढी भएको नगरको रुपमा चित्रण गर्ने गरेका छन् ।

मध्य पहाडी भागमा अवस्थित काठमाडौं उपत्यकामा रहेका मन्दिरहरू आफैमा पनि एक अध्ययनको विषयवस्तु बन्दै आइरहेको छ । यहाँको मन्दिरहरू सीमित एक वाद (सम्प्रदाय)मा आधारित नभई विभिन्न सम्प्रदायहरूका भएको पाइन्छ । यसरी विभिन्न सम्प्रदायमा आधारित भई निर्माण भएको भएपनि मन्दिर निर्माणमा एक सम्प्रदाय र अर्को सम्प्रदायबीच सामिप्य रहेको पाइन्छ । यहाँको मन्दिरमा रहेको बास्तु र देवताको बारे धेरै भन्दा धेरै विद्वानहरूले विभिन्न प्रसंगमा व्याख्या विश्लेषण गरेको पाइन्छ । त्यसमाथि मन्दिर निर्माण क्रममा सौन्दर्य शास्त्रलाई ध्यानमा राखेर आकर्षित गर्न विभिन्न पशुपंछीलाई विशेष स्थान दिएको पाइन्छ । यसले गर्दा उपत्यकाका हरेक मन्दिर एउटा खुल्ला संग्रहालय नै हुन भन्दा फरक पर्दैन । यो सिंगो मुलुकको गर्वको विषय हो ।

मानव सभ्यताको विकासक्रमदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ( प्रागऐतिहासिक कालमा गुफामा जनावरको चित्र कोरिएको) पशुपंछीलाई स्थान दिएको पाइन्छ । नेपालको सन्दर्भमा पनि यहाँको कलाकौशमा पनि पशुपंछीको भरपुर प्रयोग भएको पाइन्छ । नेपाली मन्दिरको विभिन्न स्थानमा प्रयोग भएको पशुपंछीले गर्दा नेपाली समाजमा पशुपंछी बारे कति ज्ञान छ भनी झल्काउँछ भने अर्कोतिर सांस्कृतिक मूल्यमान्यतालाई जीविन राख्न पनि पशुपंछी प्रयोग भएको पाइन्छ । नेपाली समुदायमा परिचित घरपालुवा जीवजन्तुदेखि लिएर नेपाली सीमा भित्र नपाइने त्यस्ता जन्तुको प्रयोगले धार्मिक आस्था बोकेर मन्दिर क्षेत्र जाने जो कोहीलाई यस बारे उत्सुक बनाएको देख्न सक्छौं ।

## १.१ समस्याकथन

भक्तपुर सभ्यता, संस्कृति, कला वास्तुकलाको क्षेत्रमा महत्वपूर्ण स्थान मानिन्छ । नेपालमण्डलभित्र भक्तपुर (ख्वप)को विभिन्न क्षेत्रमा विशिष्ठ पहिचान छ । खासगरेर कला वास्तुकलाको क्षेत्रमा यो ठाउँ अद्वितीय मानिन्छ । विभिन्न समयमा विभिन्न शासक, व्यक्तिहरुबाट धर्म, परम्परा, भूगोल, इतिहासलाई केन्द्रविन्दूमा राखेर विभिन्न कला वास्तुकलाको क्षेत्रमा विकास गरेको पाइन्छ । यहाँ विकसित भएको कलाको कारणले भक्तपुर दरवारक्षेत्र विश्वसम्पदा सूचीमा समेत सूचिकृत छ । कला र वास्तुकलामा प्रयुक्त विषयहरुले यो क्षेत्रको विशिष्ठता, वहुआयामिकता र सुन्दरतालाई प्रतिविम्वित गर्दछन् । यस सन्दर्भमा भक्तपुर दरवार क्षेत्रका कलामा प्रयुक्त पशुपंछीका मूर्तिहरु अध्ययनको विषय भएकोले तिनको स्वरुप, उपस्थितिको विश्लेषण र चर्चा अध्ययनको समस्याको रुपमा लिइएको छ । समग्र शोध संगठनको दृष्टिले शोधमा निम्न आधारभूत प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) पशुपंछीका महत्व नबुझेर मूर्तिमा विविधता र अलौकिता झल्काउने प्रयासले नेपाली कलामा रहेको मौलिकपनामा कमी आउने अवस्था रहेको छ कि छैन ?

ख) मूर्तिकारले मूर्ति निर्माणको क्रममा बाह्य मुलुकमा देखिएको परम्परालाई अक्षरस: पालना गर्ने प्रयासले नेपाली समाजमा कायम रहेको परम्परामा असर पुग्ला ?

ग) जीवजन्तुका मूर्तिहरु निर्माणको क्रममा धर्म परम्परालाई उपेक्षा गरेको छ ?

घ) भक्तपुर दरवार क्षेत्रको कलामा पशुपंछीको प्रयोग अवस्था कस्तो छ ?

## १.२ अध्ययनका उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार छन् -

क) नेपाली मन्दिरमा प्रयोग भएको पशुपंछीको महत्व दर्शाउनु ।

ख) नेपाली कलामा प्रयुक्त जनावर लौकिक र पारलौकिक छुट्याउनु ।

ग) पशुपंछीलाई लिएर धार्मिक एवं सांस्कृतिक दृष्टिकोण प्रष्ट्याउनु ।

घ) नेपाली संस्कृतिमा पशुपंछीबारे लिएर बनेको आख्यान खोतल्नु ।

छ) पशुपंछीको नामसँगै जोडिएको जात्रा पर्वबारे अध्ययन गर्नु ।

## १.३ शोध विधि

भक्तपुर धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण स्थान हो । काठमाडौं उपत्यकाभित्र रहेको यो स्थान अन्य जिल्लाको तुलनामा धर्म, संस्कृति क्षेत्रमा पुरानो एवं मौलिकपनलाई केही हदसम्म जोगाउन सफल मानिन्छ । त्यसैले यहाँको अध्ययन विभिन्न दृष्टिकोण र विषयवस्तुमा आधारित छ । यस स्थानको अध्ययन परम्परागत मान्यता, वर्तमान अवस्था आदि दृष्टिकोणमा आधारित छ ।

### १.३.१ अध्ययन क्षेत्र

यस अध्ययनमा भक्तपुर दरवार क्षेत्रको मठमन्दिर, दरवार, धार्मिक सत्तल, ढुंगेधारा आदि रहेका छन् । यहाँ भएका धार्मिक, सामाजिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदामा रहेका शिला र धातुका पशुपंछीका मूर्तिको वर्गिकरण र तिनको विश्लेषण गर्नु यसको अपरिहार्य क्षेत्र मानिएको छ ।

### १.३.२ तथ्यांक संकलन विधि

प्रस्तुत शोधका लागि मुख्यतया प्राथमिक स्रोत अन्तर्गत अवलोकन, प्रत्यक्ष अनुभव, तस्वीर संकलन, स्थानीय एवं विज्ञहरुसँग लिइने जानकारी रहने छ । यस दरवार क्षेत्रका विभिन्न समयमा विभिन्न व्यक्तिहरुद्वारा लेखिएका सामाग्री तथा भत्तपुर दरवार क्षेत्रबारे जानकारी लिएको छ ।

### क) प्राथमिक स्रोत

यस अन्तर्गत अवलोकन प्रक्रिया, फोटोग्राफी, प्रत्यक्ष अनुभव, अन्तर्वार्ता आदिलाई लिइएको छ । साथै भक्तपुर दरवार क्षेत्रको कला, धर्म, संस्कृतिबारे विज्ञहरुसँग विशेष सम्वाद समावेश गरिएको छ ।

### ख) द्वितीयक स्रोत

यस अन्तर्गत भक्तपुर दरवार क्षेत्र र पशुपंछी सम्वन्धीको इतिहास, धार्मिक परम्परा, कला आदि बारे विभिन्न समयमा विभिन्न व्यक्तिहरुद्वारा लेखिएका पुस्तक, प्रकाशन पर्दछन् । यहाँका मठमन्दिर, सत्तल, ढुंगेधारा, बारेमा विस्तृत अध्ययन नभएपनि छिटपुट रुपमा जे जति कुरा प्रकाशना आएका छन्, तिनलाई समेट्ने प्रयास गरिएको छ ।

## १.४ अध्ययनको सीमा

मूर्ति विज्ञानको इतिहास वैदिककालदेखि विकास भएको भएपनि यहाँ मध्यकाल, उत्तरमध्यकाल र आधुनिक कालमा निर्माण भएको मूर्तिलाई मात्र अध्ययनको विषयवस्तु बनाइएको छ । पशुपंछीको प्रयोग सिन्धुघाटीको सभ्यता र इजिप्टमा पनि देखिएपनि नेपाली कलाको अध्ययनको क्रममा भक्तपुर दरबार क्षेत्रभित्रको पूर्वमा चतुब्रम्ह महाविहार, पश्चिममा खौमा द्वार, उत्तरमा फसिदेवल र दक्षिणमा बहतालमा रहेको मठमन्दिर, धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वका धातु र शिला मूर्तिहरुलाईमात्र समेटिने छ ।

## १.५ अध्ययनको महत्व

नेपाली कलाको अभिन्न अंगको रुपमा रहेको जनावरलाई स्थापत्यकलाबाट अलग्याएको खण्डम यहाँको कलापनि खण्डित हुन जाने छ । त्यसमाथि मन्दिर परिसरबाट पाइने वातावरणीय, भुगोलिय, सांस्कृतिक र धार्मिक महत्वपनि कम हुनेछ । मन्दिर मात्र मन्दिरको रुपमा रहने छ ।

सौन्दर्यशास्त्रको दृष्टिकोणलेपनि कम आकर्षित हुनेछ । नेपाली शिल्पीबीच रहेको पशुपंछी सम्वन्धित ज्ञानपनि सीमित हुँदै जानेछ ।

## १.६ पूर्वकार्यको समीक्षा

मूर्ति विज्ञानलाई लिएर धेरै विद्वानले विभिन्न प्रशंगमा व्याख्या विश्लेषण गरेपनि जनावरलाई मात्र लिएर अध्ययन गरेको अध्ययन गरेको  कम छ । त्यसमाथि नेपाली कलालाई लिएर व्याख्या विश्लेषण गरेको नगन्य नै छ । मूर्ति विज्ञानको अध्ययन गर्ने वा कलाको व्याख्याकारहरूले सिंगो मूर्तिको एउटा सानो हिस्साको रुपमा मात्र यदाकदा चर्चा गरेको र जीवजन्तुका अवस्थितिबारे मात्र चर्चा गरेको पाइन्छ ।

पी.पालले *Vaisnav Iconology In Nepal(1985)* मा वैष्णव सम्प्रदायसँग सम्वन्धित मूर्ति, कृष्ण संस्कृति र शयन नारायणको विशेष रुपमा व्याख्या गरेको छ । उक्त पुस्तकमा वैष्णव धर्मसँग सम्वन्धित व्याख्याको क्रममा विभिन्न पशुपंछीको संक्षिप्त चर्चा गरेको छ ।

त्यसैगरी पी.पाल र दिपकचन्द्र भट्टाचार्यको *The Astral Divinites of Nepal* (1969)मा नवग्रहसम्वन्धी विशेष अध्ययन गरेको पाइन्छ । नेपालमा नवग्रहको मूर्तिको व्याख्या गर्ने क्रममा यी ग्रहसँग जोडिएर आउने वाहन पशुपंछीको सामान्य चर्चा गरेको पाइन्छ । पुस्तकमा मूर्तिसँगै रहेको वा वाहनको रुपमा प्रयुक्त पशुपंछीको अवस्थितिबारेमात्र चर्चा छ । पुस्तकमा पशुपंछीको मूर्तिको विशेषताबारे लेखिएको छैन ।

पशुपंछी बारे लेख्ने क्रममा लैनसिंह वाङ्देलले *नेपाली मूर्तिकलाको इतिहास (२०३९)* विषयक पुस्तकमा नेपालको मूर्तिकलाको इतिहासलाई प्रष्ट्याउने प्रयास गर्नुभएको छ । मूर्ति विज्ञानको दृष्टिकोणबाट  महत्व रहेको उक्त पुस्तकमा पनि विभिन्न देवदेवीसँग जोडिंदै आउने जनावर अर्थात पशुपंछीबारे सामान्य चर्चा गरेको छ । पुस्तकमा विशेषगरी मूर्तिसँग जोडिएको पशुपंछीको अवस्थितिबारे मात्र चर्चा गरिएको छ ।

अर्का विद्वान लेखक मोहन खनालले *नेपाली कला* (२०५२) पुस्तकमा नेपाली मूर्ति परम्परालाई अघि सार्नुभएको छ । नेपाली मुर्ति परम्परालाई अघि सारेर लेखिएको उक्त पुस्तकमा पनि मूर्तिसँगै प्रयोगमा रहेको जनावरको अवस्थितिबारेमात्र उल्लेख छ । प्रस्तुत पुस्तक नेपाली कलाको जानकारी दिने उद्देश्यले यहाँको शिल्पको ऐतिहासिक विवेचना गरिएको पाइन्छ । तर यसरी अध्ययन गरिएको उक्त पुस्तकमा नेपाली कलामा पशुपंछीको स्थानलाई लिएर विशेष चर्चा गरेको पाइन्न ।

पेशल दाहाल र सोम खतिवडाको *नेपाली कला र वास्तुकला (२०५८)* मा कलाको विकासक्रमबारे चर्चा गरिएको छ । यस पुस्तक कला र पुरातत्व विषयक इच्छुक अध्येताहरुलाई नेपाली कला र वास्तुकलाबारे जानकारी दिने उद्देश्य हेतु कला एवं वास्तुकलाका सम्पूर्ण पक्षलाई सामान्य रुपमा चर्चा गरिएको छ । यसरी चर्चा गर्ने क्रममा कलामा परोक्ष वा अपरोक्ष रुपमा देखापर्ने पशुपंछीको विशेष रुपमा चर्चा वा अध्ययन गरिएको पाइन्न ।

त्यसैगरी मूर्तिकलामा पशुपंछीबारे विवेचना गर्ने क्रममा वीणा पौड्यालले *नेपाली मूर्तिकला र चित्रकला (२०५७)*मा नेपाली कलाको प्रवृत्ति र यसको विविध पक्षबारे सरल रुपमा व्याख्या गरिएको पाइन्छ । प्रस्तुत पुस्तकमा नेपाली मूर्तिकलाको विकासक्रम, विभिन्न देवदेवीको मूर्ति एवं चित्र र त्यसमा देखापरेको विशेषता, विभिन्न संग्रहालयमा संग्रहित मूर्ति आदि बारे लेखन गरिएको पाइन्छ । मूर्तिकला र चित्रकलासम्वन्धी ज्ञान राख्नेहरुका लागि लक्षित गरिएको प्रतित हुने प्रस्तुत पुस्तकमा गरुड, नरसिंह, हुनमान र नागको चर्चा विशेष रुपले गरेको पाइन्छ । यद्यपी ती चर्चा बाहेक अन्य जीवजन्तुको चर्चा गरिएको छैन ।

त्रिलोकचन्द्र मजपुरियाले नेपाली कलामा प्रयुक्त जनावरको बारे Sacred Animal of Nepal & India (2000) मा भारत र नेपालको संस्कृतिमा स्थान दिइएका पशुपंछीबारे लेख्नु भएको छ । नेपाली एवं भारतीय संस्कृतिभित्र समावेश गरिएका जीवजन्तुलाई आधार मानेर लेखिएको उक्त पुस्तकमा पशुपंछीको विशेषताबारे खासै चर्चा गरेको छैन । धर्मग्रन्थमा लेखिएको

जनावरको महत्वलाई दर्शाउन खोजिएको उक्त पुस्तकमा भक्तपुर क्षेत्रको कलाबारे सामान्य चर्चामात्र गरिएको छ ।

यसैक्रममा तुल्सीराम वैद्य र पुरुषोत्तमलोचन श्रेष्ठको *भक्तपुर दरबार(२००२)*मा दरवार क्षेत्रको निर्देशिका पुस्तकको रुपमा लिन सकिन्छ । दरवार र आसपासका धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाको अनुसन्धनात्मक उक्त पुस्तकमा सोही क्षेत्रको कलाको बारे चर्चा गरिएको छैन । प्रस्तुत पुस्तकमा पशुपंछीबारे विस्तृत रुपमा चर्चा गरेको पाइन्न ।

१.७ शोध संगठन

कुनैपनि अनुसन्धानको विषयवस्तु र शीर्षक सुनियोजित र व्यवस्थित हुनु आवश्यक छ । उचित संगठनको व्यवस्थाले नं सवै ग्रन्थ र कृतिको पठन र लेखनमा व्यवस्थित रुप दिन्छ । जसले पाठक अलमलमा पर्दैनन् । तसर्थ, विषयसूची र शीर्षकको उचित संरचना आवश्यक पर्दछ ।

यसरी यस अनुसन्धानको संरचनालाई तीन भागमा गरिएको छ । जस्को मुख्य अध्ययन धार्मिक एवं सांस्कृतिक विषयमा अध्ययन गर्नु रहेको छ ।

# दोस्रो अध्याय

## सांस्कृतिक एवं ऐतिहासिक परिचय

कलाको विकास कसरी भयो भन्ने प्रश्न आफैमा जटिल छ । प्राचीनकालदेखि नै अस्तित्त्वमा आइसकेको कलाको विकास कहिले र कहाँबाट आयो भन्ने प्रश्नको जवाफ भने निरुत्तर नै हुन्छ । मानव सभ्यताको विकाससँगै कलाको चरम रुपमा विकास भएपनि प्रारम्भमा हालको जस्तो परिष्कृत थिएन होला भनी सहजै अनुमान गर्न सकिन्छ । विभिन्न मानवीय संवेग, भावनालाई चित्र वा अन्य मूर्तिमा चित्रण गर्ने मानवीय स्वभावले गर्दा नै आजको कलाको प्रारुप तयार भएको नकार्न सकिन्न ।

वेदकालमा मूर्तिहरुको विभिन्न किसिमले चर्चा पश्चात त्यसपछि बनेको विभिन्न ब्राम्हण साहित्य, गृहसूत्र आदिमा पनि मूर्तिबारे चर्चा पाइन्छ । विष्णुधर्मोत्तर ग्रन्थको अध्याय ४६ मा देवताको दुई स्वरुप उल्लेख गरिएको छ । प्रकृति र विकृतिको नाम दिइएको देवता मध्ये विकृतिलाई नै साकार देवताको रुपमा राखिएको छ ।[१] त्यसैगरी आपस्तम्भ गृहसूत्रमा इशान र उसको पत्नी र पुत्र जयन्तको मूर्तिको पूजा हुने गरेको उल्लेख छ ।[२] त्यसैगरी विष्णु धर्मसूत्रमा देवमूर्ति तथा भगवान बासुदेवको मूर्तिको उल्लेख पाइन्छ ।

ब्राम्हण साहित्यबाहेक उपनिषदहरुमा पनि मूर्तिबारे चर्चा पाइन्छ । श्वेताम्बर उपनिषदमा 'न तस्या प्रतिमा अस्ति यश्य नाम महादशय' अर्थात नाम र यश ठूलो हुनेको मूर्ति बनाइ रहन आवश्यक छैन भनी उल्लेख छ ।[३] यसबाहेक ज्वालोपनिषदमा पनि अग्निको मूर्तिको चर्चा पाइन्छ ।

---

[1] वासुदेव उपाध्याय, **प्राचीन भारतीय मूर्ति विज्ञान,** (वाराणसी : चौखम्बा विद्याभवन, १९८२ ) पृ. ७४

[2] पीभी काणे, **धर्मशास्त्रका इतिहास**, भाग १-५,(लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान, १९९२) पृ. ३९०

[3] उही । पृ. ३९०

पछिल्लो कालमा आएर मूर्तिहरु अझ धर्ममा आधारित बन्न पुगेपछि धेरै किसिमका मूर्तिहरु निर्माण हुन पुग्यो ।

उता मध्य युरोपको प्राग ऐतिहासिक कलाको विवेचना गर्ने क्रममा पनि यस्तै संवेग र भावनालाई विशेष स्थान दिइएको पाइन्छ । मध्य युरोपमा पाइएको चित्रमा जनावरहरुको चित्र बढीमात्रामा सृजना गरेको पाइन्छ । म्याक्स लुथिका अनुसार प्रागऐतिहासिक जनताले जनावरको महत्वलाई लुकाउन खोजेका थिए । तर वास्तवमा उक्त समयमा जनावर नै एकदम महत्वपूर्ण र बलियो शक्तिको रुपमा लिइन्थ्यो । मानिसले उक्त समयमा सर्पबाट पानी, भ्यागुताबाट आगो र छेपारोबाट आराम गर्न सिके भन्ने आधारमा पनि मूर्ति वा चित्र निर्माणसँगै जनावर निर्माण अवधारणा विकास भएको मान्न सकिन्छ । प्रागऐतिहासिक चित्रमा विशेष गरी ठूला स्तनधारी जनावर उत्कीर्ण गरिएको पाइएको र त्यसमा पनि घोडा, साँढे, हरिण, सिंह, भालु, गैंडाको चित्र थियो । अनाटोलियाको क्याटाल हुयुकमा गरिएको उत्खननमा साँढेको मूर्ति फेलापरेको थियो । करिब ६२०० इपू तिरको रहेको उक्त साँढे देवी नजिकै देखिएको छ ।[४]

एसियाली मुलुकमा पनि मध्य यूरोपमा जस्तै देवीदेवताको मूर्तिसँगै पशुपंछीका मूर्ति बन्न थालेको पाइन्छ । वैदिक साहित्यदेखि विकास भएको साहित्यको आधारमा बनेका देवमूर्तिसँगै जनावरका मूर्तिलाई समेत धार्मिक भावनाले हेर्न थालेपछि पशुपंछीको मूर्ति निर्माणको क्रम अझ बढ्न पुग्यो ।

मूर्ति धर्ममा आधारित हुन थालेपछि पशुपंछीमा पनि धर्म वा सम्प्रदाय गाभिएपछि यसले आफ्नो जरा विस्तार गर्न सफल भएको छ । वैष्णव सम्प्रदायले माछा, कछुवा, बनेललाई पनि विष्णुको अवतारको रुपमा चित्रण गर्न थाले । साथै सिंह, घोडा र बाँदरसँग मानिसको सम्मिश्रण गरी तयार गरिएको मूर्तिलाईपनि विष्णुको अंश अवतारको रुपमा वर्णन गर्न थालेपछि जनावरको मूर्ति निर्माण क्रम अझ बढ्न पुग्यो । जुन गुप्तकालमा पशुपंछीलाई देवताको रुपमा चित्रण

---

[4] A. L. Bastrow, **The prehistoric goddess**. In Olson, C. (Ed.), (The book of goddesses: Past and present . New York: Crossroad, 1988)p. 10.

गरिएको हो भने पशुपंछीमा आधारित मूर्तिहरु बढी से बढी गुप्तकालमा नै बन्न पुग्यो ।[५] पशुपंछीमा आधारित कलाको निर्माणको क्रममा इजिप्टको इतिहासमा मानिस र जनावरबीच अझ नजिकको सम्वन्ध देखाइएको छ । त्यहाँको कलामा जनावरलाई देवीदेवताका रुपमा पूजिने गरेको पाइन्छ । यसरी पूजिने पशुमा स्याल र गाई प्रमुख रहेको छ । इजिप्ट बाहेक ग्रीक र मेसोपोटामियामा धेरै देवदेवीहरु जनावरसँग सम्वन्धित रहेको पाइएको छ । उल्लुलाई एथेन, चीललाई ज्युस, गाईलाई हेरा र ढुक्कुरलाई एफ्रोडाइट देवदेवीको रुपमा राखिएको छ । त्यसैगरी यूरोपमा साँढे, हाँसलाईपनि देवदेवीको सूचीमा राखिएको छ । ब्लुमबर्गले जनावरसँग सम्वन्धित संस्कृतिलाई अझैपनि होमेरको नामले चिनिन्छ भनेको छ । यो ८०० ईपू तिर निर्माण भएको थियो जुन पछि गएर थेरियोमर्फिक व्यवहार र मानवीय स्वभावले देवदेवीको रुपमा वर्णन गर्न पुगेका थिए ।[६] जुन एसियाली परम्परासँग नजिकको सम्वन्ध राख्छ । समयको विकाससँगै कलाकारको स्कुल परिवर्तनले कलामा पनि विविधता देखिन थाल्यो । जनावरलाई पवित्र भनी वर्गिकरण गर्न थालेको छ । पछि गएर मुकुण्डोमा देवदेवी चित्रण वा रुपान्तरण गर्ने परिपाटीको विकास हुन पुग्यो । विसौं शताव्दीको मध्यतिर विभिन्न धर्मको तत्त्वलाई स्वीकार गर्न पुगेपछि मूर्ति निर्माणमा धार्मिक असरहरु देखापर्न थालेको मानिन्छ । परम्पराबादी पूजाहरू जुन अधिकांश जनावरसँग सम्वन्धित बन्न पुग्यो । जस्तो हिन्दूहरुबीच हात्तीको टाउकोलाई गणेशको रुपमा पूज्छन् । गणेशलाई बुद्धिका देवता पनि भनिन्छ । उता बुद्धिको देवताको रुपमा बौद्धहरु बाँदरलाई पूज्ने गर्छन् । जुन बोधिज्ञानको प्रतिक मानिआएको छ । त्यसैगरी क्रिश्चियनहरु ढुकुरलाई देवताको प्रतिक मान्ने गर्छन् । जुडेओ क्रिश्चियन इश्लामिक परम्परामा जनावरको सांकेतिकबादको बढीमात्रामा प्रयोग भएको पाइन्छ ।

यसरी विभिन्न चरण र स्थान विशेष अनुसार विकास भइरहेको जनावर मूर्तिमापनि सोही अनुरुप विकास भएको पाइन्छ । यसैक्रममा शुंगकालमा पुगेपछि मूर्तिहरुमा सामाजिक प्रभाव पर्न थाल्यो। फलस्वरुप त्यसबेलाका मूर्तिमा सौन्दर्य, वस्त्र, रत्नद्वारा सजावट, केश विन्यास, मुद्रा

---

[5] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या १, पृ. ७४

[6] H. Blumenberg, **Work on myth**. (R. W. Wallace, Trans.),(Cambridge: MIT Press, 1985)p. 137

आदिको प्रभाव पर्न थाल्यो । सोही समयमा वनस्पति, जीव विज्ञानलाई पनि मूर्ति निर्माणसँगै राखिन थालेपछि पशुपंछीको मूर्ति निर्माण क्रम अझ बढ्न पुग्यो । मानिसले दैनिक जीवनमा बढीभन्दा बढी जनावरलाई उपयोगमा ल्याएपछि जनावरको मूर्ति निर्माण बढेको हुनसक्ने अनुमान गर्न सकिन्छ । व्यावहारिक जीवनमा प्रयुक्त भएकै कारण मोहनजोदडोमा प्राप्त जनावरको आखेटपहार र चाँदीको सिक्कामा (कार्षापण) पनि कुकुरको मूर्ति फेलापरेको थियो । [७]

## २.१ नेपाली कलामा जीवजन्तुको प्रयोग

जनावरको प्रयोग विशेष गरी अशोकको शासनकालमा अझ बढी प्रयोग भएको पाइन्छ । अशोककालीन मूर्तिहरुमा घोडा, सिंह, साँढे, मृगजस्ता मूर्तिहरु सुक्ष्म र सजीव ढंगले कुँडिएको छ । जस्को निरन्तरता लुम्बिनीको मूर्तिकलामा पनि प्रयुक्त भएको पाइन्छ । सम्राट अशोकको राज्यरोहणको २० औं वर्षमा लुम्बिनीमा राखिएको स्तम्भमा घोडाको मूर्ति राखिएको थियो । जुन हालसम्म सबैभन्दा प्राचीन जनावरको मूर्ति हो । तर, विदम्बना उक्त मूर्ति स्तम्भबाट छुट्टिन पुगेपछि चिन्न नसकिने गरी टुटफुट भएको छ । बाँकी रहेको मूर्तिको भागपनि मात्र ढुंगाको डल्लोजस्तोमात्र देखिन्छ । यस बाहेक उक्त क्षेत्र र कपिलबस्तुको उत्खननको क्रममा पनि उल्लेखनीय रुपमा जनावरको मूर्ति प्राप्त भएको छ । ठूला वा साना संख्यामा फेलापरेका जीवजन्तुका मूर्तिको प्रयोजन स्पष्ट नभएपनि साना मूर्ति भने खेलौनाको रुपमा प्रयोग गरिने गर्दथ्यो भन्ने अनुमान लगाउन सकिन्छ । जुन ईशापूर्व दोस्रो शताव्दीदेखि तेस्रो शताव्दीसम्मका हुन भन्ने अनुमान छ । यस बाहेक कपिलबस्तुमा प्राप्त बराहको मूर्ति र ढुंगेधारामा प्रयोग हुने मकर त्यस क्षेत्रमा पाइएको इशापूर्व वा पहिलो शताव्दी आसपासको प्रमुख मूर्ति हो । जुन हाल कपिलबस्तुस्थित संग्रहालयमा सुरक्षित रहेको छ ।

लुम्बिनी र आसपासको क्षेत्रमा प्राप्त जनावरको मूर्तिपछि हालसम्म प्राप्त मूर्ति मध्ये उपत्यकाको पाटन च्यासलको गजलक्ष्मीको मूर्ति फलकमा प्रयुक्त हात्ती नै हालसम्मको पहिलो

---

[7] उपाध्याय, पूर्ववत् पादटिप्पणी संख्या १, पृ.२४२

जनावरको मूर्ति हो ।[८] त्यसपछि पाटन हौगबहालको मातृका मूर्तिमा रहेको माछाको मूर्ति देखिन आउँछ । दोस्रो शताव्दीको उक्त मातृका मूर्तिको देब्रे हातले माछा समाएको छ ।[९] त्यसपछिका मूर्तिहरुमा जनावर वा पशुपंछीको प्रयोग बढी मात्रामा पाइएको छ । भक्तपुरस्थित चांगुमा पनि जनावरको मूर्ति उल्लेखनीय रुपमा स्थापना गरेके पाइन्छ । महाभारतको वनपर्वको पुलस्त्य तीर्थ यात्रा प्रसंगमा चंपकारण्य भनी उल्लेखित हालको चांगुमा अवस्थित विश्वरुप मूर्तिमा सुक्ष्म रुपमा विविध किसिमका पशुपंछीको मूर्ति बनाइएको छ । विश्वरुपको मूर्तिमा गरुड बाहेक चारदिगको प्रतीक हात्ती, नागराजको मूर्ति आकर्षक रुपमा बनाइएको छ । यसबाहेक चांगुनारायण क्षेत्रमा गरुड, नृसिंह, गरुड नारायण लगायत दर्जनौं संख्यामा जनावरको मूर्ति स्थापना गरिएको छ ।

## २.२ भक्तपुर दरवार क्षेत्रभित्र जीवजन्तु प्रयोग

मूर्ति निर्माणको इतिहासलाई नियाल्ने क्रममा भक्तपुर दरवार क्षेत्रमा पनि बढीमात्रामा जनावर वा पशुपंछीको मूर्ति निर्माण भएको पाइन्छ । मध्यकालमा निर्माण भएको भक्तपुरमा मूर्तिकलाको दृष्टिकोणले महत्वपूर्ण मूर्तिहरु पाइएको छ । दरवार प्रवेश गर्ने पश्चिमी खौमाद्वारदेखि पूर्वमा दतात्रयमन्दिर उत्तरमा हालको जिल्ला प्रशासन कार्यालय र दक्षिणमा बहताल क्षेत्रभित्र सयौंको संख्यामा पशुपंछीका मूर्तिहरु निर्माण भएको पाइन्छ । कतिपय मूर्तिहरु प्रमुख मूर्तिको महत्व झल्काउन प्रयोग भएको भएतापनि यस क्षेत्रमा  जनावरको मूर्ति प्रयोग संख्यात्मक रुपमा बढी रहेको छ । यस क्षेत्रको काष्ठकला, प्रस्तर र धातु कलामा व्यापक रुपमा पशुपंछीलाई स्थान दिइएको छ । हरेक मठमन्दिरको द्वारपाल र अन्य स्थानमा जनावरको मूर्ति विभिन्न स्वरुपमा प्रयोग भएको पाइन्छ । यहाँको मूर्तिमा कलाकारले सजीव बनाउन सुक्ष्म रुपमा चित्रण गर्न पछि परेको छैन ।

[8] लैनसिंह वाङदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास** ,(काठमाडौं : नेराप्रप्र,२०३९)पृ. २५

[9] उही । पृ. ४२

## २.३ वाहन

मूर्तिनिर्माणको क्रममा पशुपंछीको मूर्ति निर्माण हुने क्रम बढेपछि विभिन्न धार्मिक साहित्यले यसलाई प्रभावित बनाउँदै लगेको पाइन्छ । फलस्वरुप पशुपंछीको मूर्तिलाई देवताको रुपमा पूजिन थाले । मानिसको भित्री र बाहिरी शक्तिबीचको सम्वन्ध दर्शाउन[10] देवताको रुपमा पूजिएपनि पछि आएर विभिन्न जनावरलाई देवताको रुपमा भन्दापनि वाहनको रुपमा पूजिएको पाइन्छ । जसले गर्दा हिन्दू वा बुद्धधर्मसँग सम्वन्धित प्रत्येक जसो देवदेवीसँगै जनावरको पनि मूर्ति बनाउने क्रम शुरु भयो । जुन पछि गएर देवदेवीको वाहनको रुपमा नै प्रतिष्ठित हुन पुगेको पाइन्छ । शुरुका दिनमा मूर्तिलाई अझ परिष्कृत र सुक्ष्म रुपमा व्याख्या गर्नका लागि देवदेवीको चरित्रसँग मिल्ने वा सामिप्यता राख्ने जनावरको मूर्ति बनाइएपनि पछि गएर त्यसैलाई वाहन भन्न थालियो । यसले गर्दा कतिपय मूर्तिमा देवदेवीसँगै जनावरको मूर्ति अनिवार्य बन्न पुग्यो । यसैलाई लिएर विभिन्न कथा उपकथासँगै पशुपंछीको विकास भएपछि धार्मिक साहित्यमा देवदेवीका वाहनभनी महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ । व्यापक रुपमा पशुपंछीले स्थान लिएपछि लौकिक जीवनमा रहेका मानिसले ज्यौतिषीशास्त्रको आडमा विभिन्न पशुपंछीलाई वाहनको रुपमा चयन गर्न थाले । यसरी देवदेवीको वाहनको रुपमा पशुपंछीलाई राख्ने क्रममा कतिपय जनावर दुई वा दुईभन्दाबढी देवदेवीका साझा वाहनको रुपमा समेत रहेको छ । कतिपय देवदेवीका एकभन्दाबढी पशुपंछी वाहनको रुपमा रहेको छ । उदाहरणका लागि हात्तीलाई इन्द्र, मातंग र बुद्धधर्ममा अक्षोभ्य, समन्तभद्र र वलभद्रको बाहनको रुपमा लिइन्छ भने कृष्णसारलाई चन्द्रमा र वायुदेवताको संयुक्त वाहनको रुपमा रहेको छ । घोडालाई कल्किदेवता, सूर्य, अमिताभको वाहनको रुपमा राखिएको छ । त्यसैगरी कछुवालाई शनि देवता र गंगाको बाहन, सुंगुरलाई अशोकान्त र दसभ्रिजासिता, सिंहलाई दुर्गा र मंजुघोष, हाँसलाई ब्रम्हा र सरस्वतीको वाहनको रुपमा लिइन्छ । कतिपयले यसरी वाहनको रुपमा रहेका पशुपंछीलाई सम्वन्धित देवदेवीको रुपमा पनि पूजिने परम्परा पाइएको छ ।

---

10 http://www.psyeta.org/sa/sa2.2

## २.४पूजा परम्परा

नेपाली समाजमा देवदेवी एक स्थानबाट अर्को स्थानमा हिंडडुल गर्न वाहनको रुपमा मात्र जनावर पशुपंछीलाई लिएको नभई देवताको अंशअवतारको रुपमा पनि लिइन्छ । यसले गर्दा नेपाली संस्कृतिबीच देवदेवीको वाहनलाई प्रमुख मूर्तिपछि विशेष स्थान दिंदै पूजा गर्ने परम्परा रहि आएको छ । सम्मान सत्कार गर्न वा कसैलाई प्रसन्न पार्न फूल, अक्षता, जल, धूप, दीप, पुष्प र नैवेद्य आदिले पूजा गर्ने विधानमा विकास भएको भन्दै पशुपंछीको पूजा 'याग' विधिबाट पनि गर्न थालेको पाइन्छ । यागविधिबाट पूजाक्रममा पशुपंछीको शरीरमाथि चिन्ह लगाउन तातो डाम्ने गरिन्छ ।[११] विशेष गरी मृतकको नाममा वृषोत्सर्गको अवसरमा बसाहालाई तातो डामेर गरिने उक्त पूजालाई यागविधिको रुपमा मानिएको छ । निर्णयसिन्धु जस्तो कर्मकाण्डीय ग्रन्थमा समेत आमाको निधनमा यागविधिबाट वृषोत्सर्ग अनिवार्य रुपमा गर्नुपर्ने उल्लेख छ । यागविधिबाट वृषोत्सर्ग नगर्ने पुत्र आमाको विष्टाको रुपमा रहने र धेरै पुत्र हुने आमाको जुन छोराले गयामा गई अश्वमेध वा नीलवृष दान गर्छ त्यहि सच्चा पुत्र हुन भनी उल्लेख छ । वृषोत्सर्ग नगर्नेले सय श्राद्ध गरेपनि मृतकले प्रेतत्त्वबाट मुक्ति नपाउनेपनि निर्णयसिन्धुमा उल्लेख गरिएको छ ।[१२] सोही ग्रन्थमा नीलवृष छोडेपछि परमगति प्राप्त हुने उल्लेख गरिएको छ । यसरी वृष छोडिएको खण्डमा अघिल्ला दश र पछिल्ला दश निधन भएकाहरूलाई पवित्र बनाउने मान्यता रहिआएको छ । विशेषगरी यो चैत वा वैशाखको तृतीया वा द्वादशीका दिन गर्नुपर्छ तर, कालिका पुराणमा अधिक फलका लागि घरमा वृषोत्सर्ग गर्नुहुन्न भनी उल्लेख छ । यसरी गरिने वृषोत्सर्गमा मुख रातो रंग, पुच्छर पंहेलो, खुर र सिङ सेतो भएकोलाई नीलवृष भनी नामाकरण गरिएको छ ।

---

[11] राजवली पाण्डेय, **हिन्दू धर्म कोश** (तृतीय सं),(लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान, २००३) पृ.५३५

[12] मिहिरचन्द्र शर्मा, **निर्णयसिन्धु** ,(बाराणसी : बम्बइ बुक डिपो, १९९०) पृ. ९०६

नेपाली समाजमा पूजा परम्परासँगै देवीदेवता खुसी पार्नका लागिपनि पशुपंछीको वलि दिने परम्परा रहिआएको छ । देवदेवीलाई खुसी तुल्याउन उपहार चढाउने विधि अन्तर्गत रहेको यो पूजामा जीव युक्त पशुपंछी काटेर वलि दिने गरिन्छ । ऋग्वेदमासमेत उल्लेखित उक्त विधिमा जीवयुक्त पशुपंछीलाई यज्ञमा होमेर, काटेर वा अन्य तरिकाले वलि दिइन्छ । ऋग्वेदमा ( १०।९१।१४) अग्निको लागि घोडा, गोरु, बाँझी गाई, भेडाको वलि दिन सकिन्छ भनी उल्लेख गरिएको आधारबाट पनि उक्त कुराको पुष्टि हुन्छ । यसरी ऋग्वेदमा वर्णन गरिए अनुसार अग्निका लागि वलि दिइने बाँझी गाईलाई अध्न्या भनी नामाकरण गरिएको छ । तन्त्रशास्त्र अनुसार यागरुप अनुष्ठानमा पशुबलिमा पशुको गर्धनका मासुले षोडशाहुति अग्निकुण्डमा हवन गरी कुलपुष्प र कुलामृतले देवतालाई तर्पण गरी वीरभोजन गरे यज्ञरुप अनुष्ठान हुन्छ भनी उल्लेख छ । [१३]

यसैगरी ऐतरेय ब्राम्हणमा पनि वलि प्रथाको चर्चा गरेको छ । पशु वा पंछीलाई विशेष धार्मिक वा सांस्कृतिक प्रयोजनका लागि पूजा गरी बली दिन सकिने उल्लेख छ । उक्त ग्रन्थको ( ६।८) मा घोडा, बैल, बोका र भेडा वलि दिन सबैभन्दा उपयुक्त पशुको रुपमा राखिएको छ । सोही ग्रन्थमा किम्पुरुष, गौरमृग (नीलगाई?) उँट र शरभ (आठखुट्टे कलात्मक जनावर) लाई भने बलि दिन उपयुक्त छैन भनी उल्लेख गरिएको छ ।[१४] वलि दिन अनुपयुक्त माथि उल्लेखित चारकिसिमका पशु खानसमेत अनुपयुक्त भनी उक्त ग्रन्थमा उल्लेख छ । तान्त्रिक मतमा महत्व रहेको पशुवलिलाई वैष्णव धर्मको विकाससँगै यस्को प्रारुपमा परिवर्तन भएको देखिन्छ । वैष्णव सम्प्रदायमा अहिंसालाई जोड दिइएकोले नेपाली समाजमा रहेको तान्त्रिक विधिबाट प्रभावित पूजापरम्परामा पनि परिवर्तन आउन थाले र खाद्यबस्तुलाई नै पशुपंछीको रुपमा चित्रण गर्न थाले । जुन दशैंको अवसरमा लौका, घिरौला वा कुभिण्डोलाई पशुवलिको रुपमा लिइन्छ भने नेवार समाजमा सांकेतिक रुपमा विभिन्न खाद्य पदार्थलाई नै पशुपंछीको रुपमा चढाइने परम्पराको विकास गरेको पाइन्छ । फलस्वरुप खाजाको रुपमा प्रयोग हुने स्याबजीलाई भेडा, कालो भटमासलाई राँगो, अदुवालाई हाँस आदिको रुपमा लिइन्छ ।

---

[13] धनशमशेर जबरा, **कामकला रहस्य** । (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र,२०३६) पृ. २५

[14] काणे, पूर्ववत् पादटिप्पणी २ , पृ. ४२०

यसैगरी निधारमा चन्दनको टीका लगाइ दिएर पुण्ड्र यागविधि, पशुपंछीलाई नामाकरण गरेर, पशुपंछीलाई तान्त्रिक विधिबाट मन्त्र सुनाएर र देवताको पूजा गरेर पशुपंछीको पूजा गर्ने परम्परा नेपाली समाजमा छ ।[१५] उपत्यकामा देवदेवी खुसी पार्नका लागि दिइने वलि प्रथामा वलिको अनिवार्य पूजा गर्ने परम्परा छ । भक्तपुरमा वलि दिनका लागि राँगोलाई विभिन्न नामाकरण गरी पूजासमेत गर्ने गरिन्छ । देवदेवीसमक्ष वलि दिन तयार पशुपंछीलाई पूजा गरीसकेपछिमात्र पर्साउने गरिन्छ । नपर्सिएको पशुपंछी वलिकालागि अनुपयुक्त हुन्छ भन्ने मान्यता छ । भक्तपुर दरवारपरिसरमा रहेको तलेजुक्षेत्रमा दशैंको कालरात्रीको अवसरमा गरिने स्याक्वत्याक्व पर्वमा वलि दिइने राँगोलाई विशेष उत्सवका साथ पूजा गर्ने गरिन्छ । निकुथु भनी नामाकरण गरिने उक्त राँगो ३२ लक्षण युक्त हुनुपर्ने मान्यता छ । साथै राँगाको ३२ दाँत हुनुपर्ने, शरीरको विभिन्न स्थानमा चक्र हुनुपर्छ भन्ने छ ।[१६] उक्त राँगो चयन गरीसकेपछि हनुमानघाटमा स्नान गराउने गरिन्छ र बाजागाजासहित ब्यासीटोलसम्म ल्याउने गरिन्छ । साथै कालरात्रीको अवसरमा राँगोलाई तलेजु क्षेत्रमा प्रवेश गराउनुअघि स्थानीय बासिन्दा सडकको दाँयाबाँया बसी राँगोको स्वागत गर्ने गरिन्छ । साथै दशैंको अवसरमा मूलचोकमा वलि दिइने १२ राँगालाई व्यासीथु, किगथु, तमारीथु, थुगचोथु र लैसाथु नाम राखिन्छ ।[१७] दशैंको मूलचोक नजिकैको जन्हंचोकमा रहेको काष्ठ मुठबालामा यससम्वन्धी अभिलेख नै लेखिएको छ । अभिलेखमा विसूतथू, किपलथु, क्वाछेथु, जेलाथु, झत्तप्वालथु, च्छूमोतथु, ञलाछेथु, इताछेथु, तलमढेथु नाम गरिएका राँगाको चित्रसहित अभिलेख उत्कीर्ण छ । तर एउटा नाम भने पढ्न नसकिने गरी खिइसकेको छ । यसैगरी जन्हंचोकमा नै दायाँपट्टि (पश्चिम)को मुठबालामा १४ वटा मौलोमो बाँधिएको बोकाको आकृति रहेको छ ।[१८] तर उक्त स्थानमा बोकाको नाम भने लेखिएको देखिन्न ।

---

15 पाण्डेय, पादटिप्पणी संख्या ११ , पृ. ५३५

16 लीलाभक्त मुनंकर्मी, 'कालरात्री पूजा र पायो जात्रा' **भक्तपुर** *१५१२* ,( भक्तपुर : भक्तपुर न.पा. , २०५४) पृ. ३९

17 उही । पृ. ३९

18 पुरुषोत्तमलोचन श्रेष्ठ, 'जन्हं चोकका कलाकृतिहरु' **भक्तपुर** *१५ ३* ,(भक्तपुर : भक्तपुर न.पा. , २०५५) पृ ३१

यसबाहेक दसैंको अवसरमा नवदुर्गा भवानीलाई जगाउन भक्तपुर ग:छेँस्थित नवदुर्गा भवानीको देवघरमा पालित राँगाकोपनि जात्रा गरी वलि चढाइन्छ । ख:म्ये नामले चिनिने उक्त राँगालाई भलभलअष्टमीदेखि (आषाढ कृष्ण अष्टमी) देखि बन्दकोठाभित्र पालेर हुर्काइन्छ र दशैंको नवमीका दिन जाँडरक्सीजस्ता मादकपदार्थ पिलाएर मत्त बनाई बीच सडकमा छोडिन्छ । जुन ब्रम्हायणीघाटमा लगी नवदुर्गा गणका सदस्यहरूबीच वलि दिइन्छ ।

पशुपंछीसँग जोडिएको पूजा परम्परामा रोमको प्यानथन (Pantheon) मन्दिरमा जनावरको टाउकोलाई यौनको प्रतीकको रुपमा लिएको पाइन्छ ।[१९] त्यसैगरी रोममा सिंह, हवाई घोडा, र सिंह चीललाई सूर्यको प्रतीकको[२०] रुपमा लिइएकोले जनावरलाई पूजा गर्ने परम्परा रहेको खुल्न आउँछ । यसबाहेक रोममा कालो वा ध्वाँसे बाघलाई देवताको रुपमा पनि लिइन्छ ।[२१] पूर्वीय संस्कृतिमा पनि विभिन्न जनावरलाई देवदेवीको रुपमा लिइन्छ ।

### २.४.१ **हात्ती**

वर्षाको देवताको रुपमा रहेका इन्द्रले यात्रा गर्ने भएकोले हात्तीलाई इन्द्रको वाहन मानिन्छ । सामान्यतया हात्तीलाई इन्द्रको वाहनको रुपमा लिएपनि कतिपय स्थानमा इन्द्रको प्रतिनिधित्व गराउनका लागि हात्तीको मूर्तिमात्र प्रदर्शन गर्ने गरिन्छ । जुन इन्द्रजात्राको अवसरमा विशेष रुपमा हेर्न सकिन्छ । त्यसैले इन्द्रजात्राको समयमा इन्द्र खोज्न आएका हात्तीलाई इन्द्रको प्रतिनिधिको रुपमा काठमाडौंमा तानांकिसी र भक्तपुरमा पुलुकिसी पूजा गर्ने गरिन्छ । हात्तीलाई नेपाल लगायत भारत र हिन्दू एवं बौद्धधर्मावलम्वीहरुले गणेशको रुपमा पूजा गर्ने परम्परापनि रहेको छ । तिहारमा समेत हात्तीको पूजा गर्ने गरिन्छ ।[२२] तिहारको सबैभन्दा अघिल्लो दिन अर्थात कात्तिक कृष्ण द्वादशीका दिन हात्तीलाई पूजा गर्ने परम्परा काठमाडौं उपत्यकामा रहेपनि हाल यो

[19] http://www.psyeta.org/

[20] http://www.psyeta.org/

[21] http://www.ecoheritage.cpreec.org/

[22] विनोदराज शर्मा, 'म्हपूजाया महत्व'(म्हपूजाको महत्व) **विश्वभूमि** ,(यें : सुशिलवीरसिंह कंसाकार,१११८) पृ ३

परम्परा भने विलुप्त प्राय: भएको छ । यसबाहेक बुद्धि, सुन्ने शक्ति, सुक्ष्म दृष्टि र वलशाली भएकोलेपनि हात्तीलाई पूजिने गरिन्छ ।

२.४.२ **वृष र गाई**

देवताका पनि देवता भनिने पशुका मालिक शिवको वाहन वृषलाई पनि देवता कै रुपमा पूजा गर्ने परम्परा काठमाडौं उपत्यकामा अद्यापी छ । भगवान शिवका वाहनको रुपमा वृषलाई मृतकको मोक्ष प्राप्तीका लागि मनाइने गाईजात्रामा पूजा गर्ने परम्परा छ । विशेषगरी भक्तपुरमा मृतकको नाममा गाईजात्राको दिन वृषको मूर्ति निर्माण गरी पूजा गर्ने र नगरपरिक्रमापछि खोलामा सेलाउने गरिन्छ । वृषलाई पूजिनुको अर्को कारण कृषिप्रधान नेपाली समाजमा गोवरका लागि लाभदायक र हलो जोत्न अत्यावश्यक भएकोलेपनि यस्को विशेष महत्व रहन पुगेको हो । साथै यमपंचकको प्रतिपदाका दिन गोवर्द्धन पूजा गर्ने भनी गोरुलाई पुज्ने परम्परा एकातर्फ रहेको छ भने अर्को तर्फ यमपंचककै औंशीका दिन गाईलाई लक्ष्मीको रुपमा पूजा गर्ने गरिन्छ । नेपाली समाजमा सांस्कृतिक रुपमा समेत गाईको महत्व रहेको छ । घरमा जिवाणु मुक्त गर्न गरिने सफाई, बालीनालीमा मलका साथै किराफट्यांग्रा हटाउन गहुँतको प्रयोगका लागिपनि गाईको गुणस्मरण गरेर पूजा गर्ने विधान अगाडि बढाएको हुनसक्ने अनुमान सहजै गर्न सकिन्छ । आयुर्वेदमा समेत महत्व रहेको गहुँत, गोबरका साथै दूध उत्पादन गरी पुष्टि दिने भएकोले गाईलाई विशेष रुपमा सम्मान र पूजा गर्ने गरिन्छ ।

२.४.३ **भ्यागुता**

श्रावण पुर्णिमाका दिन नेवार समुदायले भ्यागुतोलाई भात खुवाइ पूजा गर्ने गरिन्छ । किसानहरुको सहयोगी भ्यागुतोले खेती कामको लागि सहयोग गरिदिएकोले भात खुवाउन चलन रहेको छ । कतिपय किसानले यसकार्यलाई खेतीको क्रममा मरेका भ्यागुता र अन्य उपयोगी किरा फट्याङ्ग्राको श्राद्ध पनि भन्ने गरिन्छ । भ्यागुतालाई कतिपयले वर्षाका देवताको रुपमा पनि मानिन्छ । एकोहोरो भ्यागुता कराएपछि इन्द्रलेसमेत वर्षा गर्न बाध्य भएको लोककथापनि जोडिएको छ ।

२.४.४ **नाग**

श्रावण शुक्ल पंचमीका दिन घरको ढोकामा गोबरबाट सर्प बनाई त्यसमा दही, दुबो, कुश, धुप दिप आदिले पूजा गरी ब्राम्हणलाई भोजन गराएको खण्डमा नागविघ्न हट्ने विश्वास रहेको छ ।[२३] यसदिन उपत्यकामा चित्रकारहरूले लेखिएको नागको चित्र मूलढोकाको सिरानीमा टाँस्ने गरिन्छ । यसबाहेक नागलाई पूजा गर्ने पर्वको रुपमा मंसिर शुक्ल पंचमीलाई पनि लिइन्छ । कार्तिक शुक्ल चतुर्थीका दिन नागको उपवास बस्ने प्रचलनपनि रहि आएको छ । यसदिन शेष, शंखपाल लगायतका नागको पूजा गर्नुका साथै विहान र दिउँसो नागको स्नान गराउनुका साथै दूध चढाएमा सर्पले हानी पुऱ्याउँदैन भन्ने छ । पंचमीका दिन नागमूर्तिमा पंचगव्य घ्यू, दूध, मह, दहीले पूजा र होम गरेको खण्डमा नागविषबाट बचिने र पत्नी र पुत्र लाभका साथै सौभाग्यशाली हुन्छ भन्ने छ । [२४]

२.४.५ **काग**

नेपाली समाजमा तिहारमा अझ बढी पशुपंछीको पूजा गर्ने परम्परा छ । कात्तिक कृष्णपक्ष त्रयोदशीका दिन सूचनाका संवाहक एवं यमको दूतको रुपमा कागको पूजा गर्ने गरिन्छ । यसदिन कागलाई चोखो खाना खुवाइने गरिन्छ ।

२.४.६ **कुकुर**

यमपंचकको दोस्रो दिन नरक चर्तुदशीका दिन यमराजका दूतको रुपमा कुकुरको पूजा गर्ने गरिन्छ । भैरवको प्रतिकको रुपमा लिइने कुकुरको पूजा दशा निवारण गर्नपनि गरिन्छ । नरक चर्तुदशीका दिन कुकुरलाई पूजिएको खण्डमा यमद्वार प्रवेश गर्न व्यवधान आउँदैन भन्ने छ ।[२५]

२.४.७ **माछा**

---

[23] शर्मा, पादटिप्पणी संख्या १२, पृ. १६३

[24] पाण्डेय, पादटिप्पणी संख्या ११, पृ. ३५७

[25] मधुसुदन सुवेदी, २०६२, **सनातन दैनिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका** (दोस्रो सं),(ललितपुर : सानुमैया सुवेदी ) पृ. ११८

मार्गशुक्ल द्वादशीका दिन माछा पूजा गर्ने विधानपनि रहेको छ । मत्स्यद्वादशीको नामले चिनिने यस दिन माटो शरीरमा लेपेर नुहाउनुपर्ने र नारायणको पूजा गर्नुपर्छ । यसरी पूजा गरेपछि चारवटा कलस स्थापना गरी सुनको माछा अवतार बनाई रातभर जाग्राम बस्नुपर्ने विधान छ । जाग्राम बसीसकेपछि चारैवटा कलश ब्राम्हणलाई दान दिएको खण्डमा सम्पूर्ण गंभीर पाप नाश हुन्छ भन्ने रहेको छ ।[२६]

### २.४.८ कछुवा

पृथ्वीको उद्धार गर्नकालागि विष्णुले कछुवा अवतार ग्रहण गरेको दिनको रुपमा लिइने पौषशुक्ल द्वादशीका दिन नै कछुवा पूजा गर्ने परम्परा रहिआएको छ । यसदिन घ्यूले भरिएको तामाको पात्रमा कछुवाको मूर्ति स्थापना गरेर त्यसमाथि मन्दराचल राखेर सुपात्रलाई दान दिएको खण्डमा विष्णु खुसी हुन्छन् भन्ने मान्यता छ । [२७]

## २.५ जात्रा

समाजसँगै प्रत्यक्ष अप्रत्यक्ष सम्वन्ध रहेको जात्रा परम्पराको थालनी कहिलेदेखि भयो भनी यकीन गर्न नसकिएपनि प्राचीनकालदेखि नै विभिन्न रुपमा जात्रामा थालनी भएको मान्न सक्छौं । नेपालको परिप्रेक्ष्यमा धार्मिकता व्यक्त गर्ने माध्यमको रुपमा रहेको जात्रा परम्परा अहिलेसम्मको प्राप्त प्रमाणको आधारमा लिच्छविकालदेखि प्रचलनमा थियो । हालसम्म प्राप्त लिच्छविकालीन अभिलेखहरू मध्ये तीनवटामात्र जात्रा सम्वन्धी चर्चा पाइन्छ । जसमध्ये सन् ६५६ को अनन्तलिंगेश्वरको नरेन्द्रदेवको अभिलेख, भीमार्जुनदेव र जिष्णुगुप्तको सन् ६३५ (संवत् ५७) को थानकोटको अभिलेखमा पशुपंछीसम्बद्ध जात्राहरूको उल्लेख पाइन्छ । नरेन्द्रदेवको अभिलेखको १४औं हरफमा गोयुद्धसम्वन्धी र २६ औं हरफमा ज्येष्ठशुक्ल एकादशीका दिन वराह जात्रा

[26] पाण्डेय, पादटिप्पणी संख्या ११, पृ.४८८

[27] पाण्डेय, पादटिप्पणी संख्या ११ । पृ.१९६

मनाइन्थ्यो भनी उल्लेख छ ।[२८] तर कसरी यो जात्रा मनाइन्छ भन्ने विवरण भने उक्त अभिलेखमा रहेको पाइन्न । यसैगरी भीमार्जुनदेव र जिष्णुगुप्तको थानकोटको अभिलेखमा गोयुद्धको चर्चा गरिएको छ । दक्षिणकोलीग्राममा साँढे जुढाएर गरिने जात्रामा एकएक हलो जग्गामा बुझाउनुपर्ने करको आधा माफी दिने व्यवस्था गरिएको छ । [२९] त्यसैगरी पताकालाई २५ पुराण व्यवस्था गरिएको आधारमा पनि उक्त जात्रा प्रसिद्ध रहेको पुष्टि हुन्छ । [३०]यसरी विकास हुँदै आएको जात्रा परम्परा पछिल्लो कालमा अझ विकास भएको मान्न सकिन्छ ।

पशुपंछीलाई आधार लिएर नेपालमा मनाइने जात्रा पर्वमा इन्द्रजात्रा, गाईजात्रा, घोडेजात्रा, च्वलेचाजात्रा (ललितपुरको खोकना र थैबमा मनाइने पाठी जात्रा), असं म्येय्चा जात्रा, भक्तपुर ख:मेय् जात्रा, कीर्तिपुरमा वाघभैरव, नृसिंह र दीपंखा जात्रा प्रसिद्ध छन् । इन्द्रजात्रामा पारिजातको फूल चोर्न आएका (भक्तपुरमा खाइसि) इन्द्रलाई बाँधेर राखेपछि उनकै बाहन हात्तीले खोज्न आउने कथासँग सम्वन्धित छ । जसलाई काठमाडौंमा तानांकिसि भनिन्छ भने भक्तपुरमा पुलुकिसि भनिन्छ । भक्तपुरमा पुलुकिसि जात्रा गर्न ज्येष्ठ ब्राम्हणको निधनपछि प्रयोग हुने मान्द्रो(पुलु)लाई नै पुलुकिसि बनाउन प्रयोग गरिन्छ । मान्द्रोबाट बनाइने पुलुकिसिलाई मसान भैरवको रुपमा पनि लिइने भएकोले उक्त जात्रा सर्वसाधारणले छुन नहुने र छोएको खण्डमा विघ्न आइपर्ने जनविश्वास रही आएको छ । [३१] यसैगरी गाईजात्रामा पनि गाई वा वसाहालाई लिएर यात्रा गर्ने परम्परा छ । मृतकको आत्माले स्वर्गमावास पाउन भनी कामना गर्दै आफन्तजनले मनाइने यस पर्वका दिन स्वर्गको द्वार आधा खुल्ने मान्यता छ । आधा खुलेको स्वर्गको द्वार पूरा खोली मृतक आफन्तजनलाई स्वर्गमा प्रवेश गर्न सजिलो बनाउन गाई वा वसाहा (जीवित वा प्रतिमा) नगर प्रदक्षिणा गर्ने

---

[28] जगदीशचन्द्र रेग्मी, **प्राचीन नेपाली संस्कृति** (दोस्रो सं.),(काठमाडौं : साझा प्रकाशन , २०५०) पृ. १०२

[29] धनवज्र वज्राचार्य,**लिच्छविकालका अभिलेख**,( काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ) पृ. ४३५

[30] वज्राचार्य, पूर्ववत पादटिप्पणी संख्या २९, पृ.१०३

[31] रास जोशी, **स्वनिग:या संस्कृति** (उपत्यकाको संस्कृति) ,(ख्वप : कुत: पिकाक: , नेसं ११२९) पृ. १९

परम्परा छ ।[३२] यसदिन मृतकका आफन्तहरू अन्य गाई वा वसाहालाई मिष्ठान्न खुवाउने परम्परापनि छ । गाईजात्रा पर्वको शुरुवात कहिले देखि भयो भनी भन्न नसकिएपनि गोपालराजवंशावलीको पत्र ६१ ख मा गाईजात्राको वर्णन परेकोले यो जात्रा लिच्छविकालदेखिको निरन्तरता हो कि भन्ने अनुमान गर्न सकिन्छ ।[३३]

जात्राकै क्रममा घोडेजात्रापनि एक प्रमुख हो । काठमाडौं उपत्यकाको तीनैशहरमा रहेको घोडेजात्राले पनि साँस्कृतिक एवं धार्मिक महत्व बोकेको छ । राजा अनन्त मल्लको शासनकालदेखि शुरुभएको विश्वास गरिने यो जात्रामा टुंडिखेलमा घोडा दौडाउने गरिन्छ । काठमाडौंमा मनाइने यस जात्रामा कुमारीको घोडायात्रापनि गर्नुपर्छ । कुमारीको उपस्थितिबिना काठमाडौंमा घोडाजात्रा नै मनाउनुहुन्न भन्ने मान्यता छ । यसैगरी सोहीदिन ललितपुरमा कांसल (अन्धा घोडा) दौडाइन्छ । ललितपुरको बखुंबहालदेखि बालकुमारीसम्म एक्लो घोडा दौडाउने परम्परा छ । भक्तपुरमा पनि घोडाजात्रा पर्व मनाइएतापनि ललितपुर र काठमाडौंभन्दा पृथक रहेको छ । घोडाजात्राको दिन स्थानीय इनाचो टोलका किसानहरू घोडाको टाउको आकृति कुँदिएको काठको छेस्को पटुकाभित्र घुसाइन्छ भने पुच्छर परालको लगाई आफै कुद्ने गरिन्छ । दुर्लभ जात्राको रुपमा रहेको भक्तपुरको घोडेजात्रा स्थानीय बासिन्दाले समेत बिर्सन थालेका छन् । यसैगरी भक्तपुरमा दशैंको टीकाका दिनपनि घोडाजात्रा गरिन्छ । उक्त दिन नवदुर्गाभवानी गणले भक्तपुरदरवार क्षेत्र परिसरमा पुगी तलेजुभवानीको प्रतिमासँग अंकमाल गरी शक्तिसाधन गरेपछि अघि बढाइने पायोजात्रा ( खड्गजात्रा)को क्रममा तलेजुमा विशेष रुपमा पालित सेतो घोडापनि नगर घुमाइने परम्परा छ । भक्तपुरमा दशैंको नवमीका दिन विशेष रुपमा पालिएको राँगाको पनि जात्रा गर्ने गरिन्छ । स्थानीय भाषामा ख:मेय् भनिने उक्त जात्रामा नवदुर्गा मन्दिरमा ६ महिनाअघिदेखि पालिएका (घामसमेत नछिर्ने कोठामा राखिएको) राँगालाई मादकपदार्थ खुवाइ ब्रम्हायणी स्थानमा लगी बलि दिने

---

32 लीलाभक्त मुनंकर्मी, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन** (भक्तपुर : भवानीकेशरी मुनंकर्मी,२०४१) पृ.

33 धनवज्र वज्राचार्य र मल्ल के.पी.,द **गोपालराजवंशावली** ,(काठमाडौं : नेपाल रिसर्च सेन्टर, १९८५) पृ. ६९

गरिन्छ । यसरी बलि दिन लगिने राँगालाई सिन्दुर जात्रा गरी लाने क्रममा होहल्ला गरी राँगालाई उत्तेजित बनाउने गरिन्छ ।

उपत्यकामा रहेको अन्य जात्रामा च्वलेचा (पाठी) जात्रापनि विशेष महत्व बोकेको छ । ललितपुरको खोकना र ठैबमा पाठी जात्रा (ठैबमा पाठी जात्रा भनिएतापनि बोका प्रयोग हुँदै आएको छ) मनाइएतापनि दुबैमा कुनै किसिमले एकरुपता भने रहेको पाइन्न । ठैबमा होलिपूर्णिमाका दिन मनाइने जात्रामा पाठीलाई फूलचोकी माईको रुपमा लिइन्छ । यहाँ मनाइने जात्रामा पाठीको शरीरभित्रको सम्पूर्ण भित्रीअंग तान्त्रिक विधिले निकालिन्छ । यसरी निकालिएको पाठीको आँखामा चाँदीको दृष्टि (आँखा) लगाउनुका साथै थुतुनोले चतांमरी (चामलको पिठोको रोटी) टोक्न लगाइन्छ । खुर र सिङमा चाँदीको खुर र सिङ लगाइसकेपछि विशेष किसिमले सजाइएको खटमा राखी नगर प्रदक्षिणा गराइन्छ । ठैबका फूलचोकी गुठीका बाहेकले पाठीको भित्री अंग निकाल्ने काम हेर्नुहुन्न भन्ने मान्यता छ । साथै यसबारे कसैलाई भन्नुपनि हुन्न भन्ने मान्यता रहि आएको छ ।

खोकनामा रहेको पाठीजात्रामा कुमारी पाठीलाई सिकाली मन्दिर अगाडिको देपुखु ( पोखरी)मा खसाइन्छ । भाद्र कृष्ण दुतियाका दिन यसरी खसाइएको पाठी हातपार्न स्थानीय युवाहरूबीच लुछाचुँडी गर्ने गर्छन् । लोककथा अनुसार कुनै समयमा उक्त पोखरीमा राक्षस बसेर दुःख दिएपछि कसैलेपनि पानी पिउन र प्रयोग गर्न सकेनन् । पछि एक तान्त्रिक (सिकाली गण)ले राक्षस मारेपनि स्थानीयबासिन्दाबीच पोखरीभित्र राक्षस रहेको भन्ने भ्रम हटाउन नसकिएपछि कुमारी पाठीलाई खसालेर राक्षस नभएको प्रमाणित गर्न नै यो जात्रा मनाउँदै आएको पाइन्छ ।

असं म्येय्चा जात्रा दशैंको अवसरमा काठमाडौं असनमामात्र मनाइने यो जात्रामा अन्नपूर्णदेवीसम्मुख राँगाको वलिदिई मनाइन्छ । दशैंको नवमीका दिन मध्यरातमा असनभित्र छिर्ने सम्पूर्ण नाका बन्द गरीसकेपछि अन्नपूर्णदेवी मन्दिरका पुजारीहरूले तन्त्रोक्तविधिबाट राँगा टुक्राटुक्रा गरि वलि दिइन्छ (घाँटी, चारखुट्टा, पेट आदि)। यसरी वलिदिएपछि राँगाको शरीर अन्नपूर्णदेवी अगाडि र टाउको गणेशमन्दिर अगाडि प्रदर्शनमा राखिन्छ । र, सम्पूर्ण शरीरको अंग निकाली एउटा क्वंचा (सानो घ्याम्पो) राखि देवघरसम्म लगिन्छ । यता बलि दिइसकेको राँगा

एकैस्थानमा राखी सग्लो जस्तै बनाई दशमीका दिन दिन दिनभर प्रदर्शनपछि देवघर लगि क्वंचा राँगाको शरीरभित्र राखिन्छ र राँगाको आत्मा र देवताको आत्माबीच मिलन गराइन्छ ।[३४]

कीर्तिपुरमा मनाइने बाघभैरव जात्रापनि जनावरसँगै सम्वन्धित रहेको छ । भदौ १ गते कीर्तिपुरमा मनाइने यो जात्राको प्रमुख देवता लिच्छविराजा शिवदेवको पालामा निर्माण भएको मानिन्छ । लोककथन अनुसार ग्वालाहरूले खेल्दाखेल्दै माटोबाट बाघको मूर्ति बनाएको र जिब्रो राख्नका लागि सुहाउँदो पात खोज्न गएको समयमा माटोको बाघले चरीरहेको सम्पूर्ण भेडा खाएपछि ग्वालाहरूले रिसाएर सँधै मुख बाइरहुन भनी श्राप दिएको र साथमा ल्याएको पात मुखमा नराखीदिएपछि अहिलेसम्मपनि बाघभैरवको जिब्रो विहीन बन्न पुगेको भन्ने छ । सोही देवताको भदौ सक्रान्तिका दिन मन्दिरबाट निकाली पूजा पाठ गर्नुका साथै नगर प्रदक्षिणा गर्ने परम्परा छ । यसै देवताको नामबाट प्रत्येक १२ वर्षमा कीर्तिपुर क्षेत्रमा बाघभैरव गण नृत्यपनि प्रदर्शन गर्ने गरिन्छ ।

### २.५.१ **नृसिंह यात्रा**

नृसिंहलाई देवताको रुपमा पूजा गरेपनि मूलत: यो जीवपनि जनावर र मान्छेको संयुक्त रुप नै हो । हिरण्यकश्यपुको बध गर्नका लागि विष्णुको नृसिंह अवतारलाई लिएर ललितपुरमा प्रत्येक वर्षको भाद्रकृष्ण पंचमीका दिन उपाकलं साया:को रुपमा मनाइन्छ । यसैगरी वैशाख शुक्ल चतुर्दशीका दिन नृसिंहको व्रत समेत बस्ने परम्परा छ ।[३५]

### २.५.२ **दीपंखा यात्रा** (**नीलवृषयात्रा**)

बौद्धधर्मावलम्वीहरूले विशेष मान्यता दिंदै आएको यो जात्रा उपत्यकामा मनाइने जात्राहरूमध्ये  दुर्लभ जात्राको रुपमा लिइन्छ । ललितपुरको नागबहालमा अवस्थित नीलवृष अर्थात वसाहाको नामबाट मनाइंदै आएको यो जात्रा मनाउन आश्विन शुक्ल पूर्णिमा, रेवती नक्षत्र, हर्षण योग, सक्रान्ति र आइतबारको योग मिल्नुपर्छ ।[३६] यसरी पाँचैवटा योग जुरेको दिनमा मात्र मनाइने

---

[34] रास जोशी, ‘असनय् म्येचा जात्रा’ (असनमा राँगाजात्रा) **स्वनिग:** ,(यैँ : स्वनिग: पिकाक, नेसं ११११९) पृ ४

[35] सुवेदी, पूर्ववत पादटिप्पणी संख्या २५, पृ. १४

[36] धर्मरत्न शाक्य ‘त्रिशुली’ र अन्य,  **दीपंखा यात्रा**,(यल : दीपंखा गुठी , २०६२) पृ. १८

भएकोले यस्तो योग १७ वर्षमामात्र जुर्ने गरेको छ । बसाहा रुपी बोधिसत्व विभिन्न मार्ग प्रदक्षिणा गरेर नागबहालमा बस्न आएको स्मृतिस्वरुप काठमाडौं र ललितपुरका १३० देवदेवीस्थलमा ३६ घण्टासम्म निरन्तर हिंडेर प्रदक्षिणा गरेर यात्रा मनाइन्छ । यसरी यात्रा गरेको खण्डमा एकपाइलाको एक तोला सुन दान गरेको बराबरको पुण्य मिल्छ भन्ने लोकमान्यता रही आएको छ ।

## २.६ धार्मिक ग्रन्थमा पशुपंछी

### २.६.१ वेद

पशुपंक्षीको महत्वलाई लिएर वैदिक साहित्यहरुमा पनि उल्लेख गरिएको पाइन्छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा विभिन्न पशुपन्छीको नाम स्पष्ट रुपमा उल्लेख गरिएको छ । छवटा मन्त्र रहेको यो सूक्तमा गाई, घोडा, भेडा, राँगा, उँट, बोका, गर्दभ (?), कुकुर, सिंह, साँढे, गौरमृग, हरिण, कस्तुरी मृग, कृष्णसार, सुँगुर (वराह), उल्लु, सुगा, गिद्ध, वृष्ण (?), काग, बाज, वार्तिक (वत्तख), कपिञ्जल (तित्तिर), चक्रवाक (?) सर्प, भ्यागुता , गोधा, विच्छी, माछा र खच्चरको उल्लेख रहेको छ । [३७] यी आधारमा पनि ऋग्वेदकालमा नै यी जनावरहरुको ज्यादा प्रयोग वा उपस्थिति रहेको ज्ञात हुन्छ । वेदकालमा वैदिक गृहस्थहरु प्राय: ग्राम्य पशु पाल्ने गर्थे । ऋग्वेदका अनुसार (ऋग्वेद १.१३८)यसरी पालिने पशुलाई कृषि वा खाद्यान्न उत्पादनको रुपमा मात्र प्रयोग नगरी रथ तान्नका लागि पनि प्रयोग गरिएको पाइन्छ । त्यसबेला यसरी पालिनेमा गाई, भेडा र बोका थिए । यसरी पालिएका बोकापनि ठूला हुन्थे । किनभने वैदिक युगमा बोकाले नै रथसमेत तान्थे । ऋग्वेदकै अनुसार (ऋग्वेद ८.४६.२) वैदिककालमा कुकुरपनि भारी उठाउने र शिकार गर्ने काममा लगाउँथे ।[३८] त्यसैगरी अश्विनीकुमारहरुको रथ गधाले तान्ने गरिन्थ्यो । (ऋ १.३४.९) ।

[37] रामगोविन्द त्रिवेदी, **वैदिक साहित्य**, (काशी : भारतीय ज्ञानपीठ, १९५०) पृ. ३०८

[38] त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या ३७, पृ.३०८

## २.६.२ तन्त्र

चारवेदको निर्माणसँगै देखिएको तन्त्र नेपाली समाजपनि विशेष स्थान रही आएको छ । ऋग्वेदमा 'वषट' (७९९।७) स्वाहा (१।१३।१२) लाई निद्रा लाग्ने मन्त्रको रुपमा लिइएतापनि तन्त्रको आदिको रुपमा पनि लिइन्छ ।[३९] डा. राजवली पाण्डेयका अनुसार आगम, यामल र मुख्य तन्त्र गरी तीन प्रकारका तन्त्र रहेको छ । कलियुगमा वैदिक मन्त्र, जप, यज्ञबाटमात्र फल नमिल्ने भएकोले सम्पूर्ण कार्य सिद्धिका लागि तन्त्रशास्त्रमा वर्णन गरिएको मन्त्र वा उपायबाट सफलता हासिल गर्न सहज हुने भएकोले यो युगमा तन्त्रको महत्व बढ्न पुगेको हो । मारण, उच्चाटन, बशीकरण आदि कठिन काममा प्रयोग हुने तन्त्र विशेष गरी शाक्त सम्प्रदायको विकाससँगै यसले विशेष स्थान पाउन थालेको मानिन्छ । अर्थववेदको नृसिंहतापनीयोपनिषदमा सबैभन्दा पहिलो तन्त्रको लक्षण देखापरेको थियो ।[४०] त्यसपछि शंकराचार्यले आठौं शताव्दीमा उक्त उपनिषदको भाषा रचना गरेपछि तन्त्र विश्वसमुदायमाझ अझ विकास हुन पुग्यो । यसरी विकास हुन पुगेको तन्त्रमा पछिल्ला कालमा आएर पशुपंछी मारण, वशीकरण आदि कामका लागि प्रयुक्त हुन पुग्यो । फलस्वरुप नेपाली भूमिमा नेपालसंवत ३०४ मा रत्नदेवको राज्यकालमा रचित 'क्रियाकालगुणोत्तरम' भन्ने तन्त्र सम्वन्धी हस्तलिखित ग्रन्थमा स्वानचिकित्सा पटल र नागक्रीडा पटल समावेश गरिएको छ ।[४१]

काठमाडौं उपत्यकाको संस्कृतिमा प्रचलित तन्त्रमा धेरै पशुपंछीले स्थान पाएको छ । पूजाआजा बाहेक मठमन्दिरको सामान्यभन्दा सामान्य वास्तुनिर्माणमासमेत तन्त्र प्रभावित भएकोले यो यहाँ पाइलै पिच्छे तन्त्रसम्वन्धी अध्ययन गर्न सकिन्छ । मठमन्दिरमा राखिएको टुँडालमा उल्लेखित जनावरपनि तन्त्रोक्त ढंगले निर्माण भएको पाइन्छ । मन्दिरको चारकुनामा रहेको जीवजन्तुलाई छानो अड्याउन राखिएको काठ भनिएतापनि यसमापनि तन्त्रको प्रयोग भएको

---

39 काणे पूर्ववत पादटिप्पणी संख्या २, पृ. १

40 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या ११, पृ. २९३

41 बुद्धिसागर शर्मा, **वृहत्सूचीपत्रम तन्त्र विषयक चतुर्थोभाग द्वितीय खण्ड** ,(काठमाडौं : राष्ट्रिय अभिलेखालय, २०२१) पृ. ९८

पाउँछौं । मन्दिरको चारकुनामा छानो अड्याउन राखिने ठाउँमा विशेष गरी सिंह, गरुड, घोडा, कुँशल जस्ता जनावर राखिन्छ । जुन तान्त्रिकरुपमा क्षेत्रपालको रुपमा काम गर्दछ ।[४२]

टुँडालमा मृगसँग कामक्रिडा गरेको पाइएको खण्डमा त्यसलाई तन्त्रोक्त ढंगले मनस्तत्त्वको रुपमा लिइन्छ भने सिंहसित संभोगलाई ज्ञानसित समागमको रुपमा लिइन्छ ।[४३] यसैगरी घोडाको कामक्रिडालाई ताप तत्त्वात्मक लिइन्छ ।[४४] यदि स्त्रीमाथि घोडाको कामक्रिडा रहेको छ भने त्यसलाई वायुतत्त्वात्मक हुने र घोडाबाट य र स्त्रीबाट ऊ अक्षरको विकास हुने उल्लेख धनशम्शेरले गरेको छ ।[४५]

यसैगरी 'भूतडामरतन्त्रम्'मा नागराज्ञीसाधकसिद्धिर्द्वादश पटल समावेश गरिएको छ ।[४६] यसैगरी पशुपंछी सम्बद्ध तन्त्रपनि रचना भएको पाइन्छ । यसरी रचना भएको तन्त्रमा 'शरभकवचम', 'शरभमालामन्त्रोद्धार' रहेको छ ।[४७] त्यसैगरी 'शल्यचिकित्सासँग सम्वन्धित 'शल्यतन्त्रम्'मा जलमानुष, गज, अश्व, स्बर(?) उ...(ट), अज, महिष, व्याघ्र, चित्राङ्ग, भल्लुक, मृगधूर्त, बराहे, सारङ्ग, मृगतन्त्र, सुनक, वानर, विडाल, नकुल, मण्ड्डक, कृष्णसर्प, हरित्सर्प, छुछुन्दरी, मूषक, 'शरद, शिशुमार, हष्यक, कभठ, गिरिकच्छप, कक्कटक, उलुक, गृध, कुक्कट, मयूर, कोकिला, टिट्टिभ, खञ्जरीट, जलकाक, टट्टक, सारस, गजहंस तन्त्र उल्लेख छ । [४८] त्यसैगरी 'हनुमत्हल्य:' 'हनुमत्साधनम्', 'हंसतन्त्रोक्तन्यास:', 'हंसयामलम' तन्त्र निर्माण भएको पाइन्छ । [४९]

तन्त्रमा विशेष स्थान ओगट्न सफल पंचमकारमा पनि पशुपंछीको विशेष स्थान रही आएको छ । मद्य, मासं, मत्स्य, मुद्रा र मैथुनमा प्रयोग हुने मांस र मत्स्य प्रत्यक्ष रुपमा पशुपंछीसँग

---

42 जबरा, पूर्ववत पादटिप्पणी संख्या १३, पृ. ७९
43 उही । पृ. ४५
44 जबरा, पूर्ववत पादटिप्पणी संख्या १३, पृ.५४
45 उही । पृ. ७०
46 शर्मा, पूर्ववत पादटिप्पणी संख्या ४१, पृ. २८
47 उही । पृ.१६३
48 उही । पृ.१६८
49 उही । पृ.२४४

जोडिएको छ । विशेषगरी शाक्त सम्प्रदायको देवदेवीको पूजाको अवसरमा प्रयोग गरिने यी साधनमध्ये मत्स्य ग्रहणबाट कालीको दर्शन र मांसको उपयोगले नारायणत्वको लाभ हुने विश्वास छ ।[५०] तान्त्रिक पूजामा नै हातबाट विभिन्न मुद्रा बनाई पूजा गर्ने गरिन्छ । यसरी बनाइने मुद्रामा मत्स्य, धेनु, अंकुश र ताक्ष्र्यमुद्रा रहेको छ । यी मध्ये शिवरुप दाहिने हात घोप्टो पारी त्यसको चार लिंग रुप चार औंलाका गाँठामाथि शक्तिरुप बायाँ हात घोप्टो पारी योनिरुप औंलाको कापा जोड्दा बन्ने योनिरुप छिद्र मिलाई विपरीत रतासन गराई दुई आकाशात्मक बूढी औंला तेर्सो पारी सुस्तरी चलाउने प्रक्रियालाई मत्स्यमुद्रा भनिन्छ ।[५१] त्यसैगरी पृथ्व्यात्मक दुई कान्छी औंलासित जलात्मक दुई साहिली औंला मिलाई परस्पर थिची फेरि दुई तेजस्तत्त्वात्मक दुईमाभी औंलासित वायवात्मक दुई चोर औंला मिलाई थिची दुई बुढी औंला अलग राख्दा धेनु मुद्रा बन्दछ ।[५२]

### २.६.३ पुराण

पशुपंछीलाई लिएर पुराण साहित्यमा पनि बृहदरुपमा चर्चा गरेको पाइन्छ । प्राचीन कालको कथाको स्रोतको रुपमा रहेको पुराण एक किसिमले इतिहासको पनि झझल्को दिन्छ । १८ पुराण र त्यसभन्दा बढी रचना भएको उपपुराणमा पशुपंछीलाई लिएर अनेकन चर्चा गरिएको पाइन्छ । विशेष गरी गुरुशिष्य परम्पराबाट विकास भएको साहित्य नै लेख्य परम्पराको विकाससँगै पुराणको विकास भएको मान्न सकिन्छ ।[५३] यसरी विकास भएको पुराण साहित्य विशेष गरी सृष्टिको विज्ञान, सृष्टिको विस्तार, पुनः सृष्टि, लय र सृष्टिको बंशावलीमा केन्द्रित भएको पाइन्छ ।[५४] यसरी केन्द्रित पुराण प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अवतारवादलाई प्रमुख स्थान दिइएकोले पनि पशुपंछीको स्थान विशेष रुपमा देखापरेको हो । यसरी विकास भएको १८ पुराणमा पशुपंछीसँग सम्बद्ध पुराणसमेत रचना भएको पाइन्छ । पशुपंछीसम्बद्ध पुराणमा वराह पुराण, कूर्म

---

[50] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या ११, पृ. ३८१

[51] धनशमशेर जबरा, **कुलार्णव रहस्य** ,(काठमाडौं : नेराप्रप्र २०४६) पृ. २७

[52] उही । पृ. २८

[53] पाण्डेय, पूर्ववत पादटिप्पणी ११, पृ. ४०६

[54] उही । पृ. ४०५

पुराण, मत्स्य पुराण, गरुड पुराण प्रमुख रहेका छन् । त्यसपछि अनेक उपपुराणको पनि विकास भएको पाइन्छ । यसरी विकास भएको उपपुराणमा नारसिंह पुराण, कापिल, नन्दिकेश्वरपनि एक हो । त्यसपछि अनेकन संहिता, उपनिषद (गरुडपनिषद- विष निवारणका लागि लेखिएको आदि तयार भएको छ ।[५५]

२.७.३.१**वराह पुराण**

अठारपुराण भित्र पर्ने यो पुराण वैष्णव सम्प्रदायबाट विकास भएको मानिन्छ । यस्मा वराह अवतारसम्वन्धी कथा विशेष ढंगले वर्णन गरिएको छ । जुन वराहले नै उद्धार गरिएकी पृथ्वीमातालाई सुनाएको कथा नै वराह पुराण हो ।[५६] यो पुराणमा २४ सहस्र श्लोक हुनुपर्ने भएपनि हालसम्म १० सहस्र श्लोकमात्र भेटिएको छ ।

२.६.३.२ **कूर्म पुराण**

यो पुराण १८ पुराणहरूको सूचिमा पर्ने महत्वपूर्ण मानिन्छ । शैव पुराणपनि मानिने यो पुराणमा लकुलीश पाशुपतसंहिताको सामाग्रीपनि उद्धृत गरिएको छ । यसमा शिवको २८ अवतार र उनको शिष्यका साथै आगम र तन्त्रबारेपनि व्याख्या गरिएको छ । कूर्मपुराणको शुरुमा ५३ अध्याय र उत्तरार्द्धमा ४६ अध्याय हुनुपर्ने मान्यता छ । अर्थात कूल १७ हजार श्लोक हुनुपर्छ भन्ने छ । तर अहिलेसम्म ६ हजारमात्र श्लोक भेटिएको छ ।[५७]

२.६.३.३ **मत्स्य पुराण**

मत्स्य पुराण शैव पुराण अन्तर्गत रहेको छ । मत्स्य अवतारको वर्णनको रुपमा रहेको यो पुराणमा त्रिपुरासुर र महादेवबीचको युद्धबारे वर्णन गरिएको छ । देवीदेवताको प्रतिमा बनाउने लक्षण समेत लेखिएको यस ग्रन्थको श्लोक १५ हजार हुनुपर्छ भन्ने मान्यता नारदीय पुराणको रहेको छ ।[५८]

---

[55] उही । पृ. २२८

[56] पाण्डेय, पूर्ववत पादटिप्पणी ११ ,पृ. ५७३

[57] उही । पृ. १९७

[58] उही । पृ. ४८८

२.६.३.४**गरुड पुराण**

१८ पुराणमध्ये  प्रसिद्ध यो पुराण विशेष गरी विष्णु र गरुडबीचको सम्वादलाई लिएर निर्माण गरिएको छ । मत्स्यपुराण अनुसार १८ हजार श्लोक रहेको गरुड पुराणमा प्रेतकर्म, प्रेतयोनि, प्रेतश्राद्ध, यमलोक, यमयातना, नरक आदिबारे वर्णन गरिएको छ । [५९] यो पुराण अन्त्येष्ठी संस्कारपछि शोकमग्न परिवारजनबीच पढ्ने परम्परा रही आएको छ ।

विभिन्न पुराणमा पाइएको श्लोकको संख्यामा विविधता रहेको पाइन्छ । यसले गर्दा धर्म ग्रन्थ अध्ययन गर्नेहरु थप अन्यौलमा रहेको पाइन्छ । अग्नि पुराण, भागवत पुराण, मत्स्य पुराण र देवीभागवत ग्रन्थमा जीवजन्तुको नाम जोडिएको पुराणहरुको श्लोक संख्या निम्न प्रकारले उल्लेख गरिएको छ ।[६०]

| **पुराण** | **अग्नि पुराण** | **भागवत पुराण** | **मत्स्य पुराण** | **देवी भागवत** |
|---|---|---|---|---|
| वराह | २४ हजार | २४ हजार | २४ हजार | २४ हजार |
| कूर्म | ८४ हजार | ८१ हजार | ८१ हजार | ८१ हजार |
| मत्स्य | १३ हजार | १४ हजार | १४ हजार | १४ हजार |
| गरुड | ८ हजार | १९ हजार | १९ हजार | १९ हजार |

## २.७ ज्यौतिषी विज्ञानमा पशुपंछी

सिद्धान्त, संहिता र होरा गरी तीन भागमा विभक्त ज्यौतिषी विज्ञान प्राचीनकालदेखि प्रयोगमा आएको विद्या मध्ये मानिन्छ । वेदको आँखाको रुपमा लिइने ज्यौतिषी विज्ञानलाई संस्कृतिको आत्माको रुपमा पनि लिइने भएकोले यस्को अध्ययन मनन, चिन्तनपनि बढी नै रहेको छ । त्यसैले ज्यौतिषी विज्ञान पूर्वीय संस्कृतिको अभिन्न अंगको रुपमा रहेको छ । कर्मकाण्डका साथै दैनिक राशीफल हेर्न र भविष्यसम्वन्धी जानकारी लिनका लागि प्रयोग हुँदै आएको ज्यौतिषी विज्ञानभित्र पशुपंछीलाई पनि उल्लेखनीय रुपमा स्थान दिएको पाउँछौं । प्रत्येक वर्ष वृहस्पतिको गति

59पाण्डेय, पूर्ववत पादटिप्पणी ११,  पृ.२२८

60 सोनु श्रीवास्तव, **अग्निपुराण सांस्कृतिक अध्ययन**,( इलाहावाद : इलाहावाद वि.वि. डि.फिल थेसिस, २००४) पृ. ६

र राशि भोगको आधारमा प्रत्येक वर्ष फेरिने ६० वटा संवत्सर मध्ये १५ औं सूचिमा पशुसँग सम्वन्धित वृष संवत्सर नाम रहेको छ ।[६१]

ज्यौतिषी विज्ञानमा महत्वपूर्ण स्थान रहेको मृगशिरा नक्षत्र मृगको टाउकोसँग सम्वन्धित नाम हो । यसैगरी १२ राशि मध्ये ८ वटा पशुपंछीसँग सम्बद्ध रहेको छ । १२ राशिमध्ये पशुपंछी प्रयोग भएको राशिमध्ये मेषलाई भेडा समान, वृषलाई साँढे, कर्कट राशिलाई गंगटो, सिंह, वृश्चिकलाई विच्छि, मीन राशिलाई युगल माछा, मकर राशि हिरणको मुख भएको गोही मानिन्छ । धनुराशिको चिन्ह धनुषधारी पुरुष भएपनि पछिल्लो भाग भने घोडा रहेकाले यसलाईपनि पशुपंछीसँग सम्बद्ध राशिको रुपमा लिन सकिन्छ ।[६२] यसरी विभक्त राशीमध्ये मेष, वृष, धनु र मकर रात्रीसमयमा बलियो, सिंह, वृश्चिक राशि दिनम बलियो र मीन साँझ बलियो हुन्छ भन्ने ज्यौतिषीशास्त्रमा उल्लेख छ । यसैगरी ज्यौतिषी शास्त्रमा प्रयोग हुने द्रेष्काण मध्ये कर्कट राशिको दोस्रो र तेस्रो, वृश्चिकको पहिलो र तेस्रो र मीनको तेस्रो द्रेष्काणलाई सर्पद्रेष्काण भनी नामाकरण गरिएको छ । चिना लेख्न प्रयोग हुने अबकहडा चक्रको योनीकूटमा पशुपंछीको उल्लेख छ । विशेष गरी विवाहबन्धन र साझेदारी व्यापारमा मेलमिलाप हेर्न यो योनीकूटबीच सामञ्जस्यता छ कि छैन भनी विचार गर्न प्रयोग गरिन्छ । योनीकूटमा घोडा, हात्ती, बोका, सर्प, हाँस, बाँदर, न्याउरी, विरालो, भेडा, मुसा, बाघ, गाई, मृग, राँगा, सिंह र गरुड समावेश गरिएको छ । यसरी योनीकूटमा विभिन्न पशुपंछी रहेपनि गाई र बाघबीच, राँगा र घोडा, सिंह र बोका वा भेडा, भेडा र बाँदर, न्याउरी र सर्प, हाँस र मृग, सर्प र गरुड र विरालो र मुसा एकआपसमा शत्रुको रुपमा लिइएको छ ।[६३] यसैगरी आसनमा पनि विभिन्न पशुपंछी समावेश गरिएको छ । समावेश गरिएको पशुपंछीमा घोडा, गाई, मृग, सर्प, काग, राँगा, हात्ती, मयूर, हाँस, कछुवा र साँढे रहेका छन् ।

### २.७.१ **सक्रान्ति वाहन**

---

[61] सुरेशचन्द्र मिश्र, **ज्योतिष सर्वस्व,** ( नईदिल्ली : रंजन पब्लिकेशन, २००४) पृ. २४

[62] मिश्र, पूर्ववत पादटिप्पणी संख्या ६१, पृ. ६०

[63] उही । पृ. ३५०

सूर्यको संक्रान्तिको समयमा जुन करण छ त्यसैको आधारमा सक्रान्तिको वाहन र उपबाहन निर्धारण गर्ने गरिन्छ । बव करणमा सिंह उपबाहन हात्ती, बालवमा बाघ उपवाहनमा घोडा, कौलबमा सिंह उपवाहनमा साँढे , तैतिलमा गधा र उपवाहनमा भ्यागुतो, गरमा हात्ती उपवाहनमा गधा, वणिजमा भैंसी उपवाहनमा उँट, विष्टिमा घोडा उपवाहनमा सिंह, शकुनिमा कुकुर उपवाहनमा चितुवा, चतु:स्पदमा भ्यागुतो उपवाहनमा भैंसी, नागमा साँढे र उपवाहनमा बाघ र किंस्तुघ्नमा कुखुरा र उपवाहनमा बाँदर रहेको छ । यो प्रत्येकवर्ष संवत फेरिएपछि जनता र राष्ट्रको भविष्यवाणी हेर्न यो प्रयोग गर्ने गरिन्छ ।[६४]

२.७.२ **संवत समयको वाहन**

सूर्यको घोडा, चन्द्रको हिरण, मंगलको हिरण, शनिको भैंसी, बुधको गिद्ध, गुरुको चातक( एक प्रकारको कोइली), शुक्रको भ्यागुता रहेको छ ।[६५] यसैगरी विभिन्न प्रकारको योगमा पनि पशुपंछीको नाम जोडिएको पाइन्छ । जन्मकुण्डलीका १२ भावमा विभिन्न ग्रहबीचको योगले बनिने यस्ता योगको जीवनको सफलता र असफलतामा महत्व रहेको हुन्छ । यसरी बनिने योगमा कामधेनु योग[६६], कालसर्प योग[६७], हंस योग[६८] प्रमुख रहेको छ ।

## २.८ खाद्य परिकारको रुपमा

समाजको विविधतासँगै जीवजन्तुको उपयोगितामा पनि विविधता पाइन्छ । कतिपय अवस्थामा एउटै प्रकृतिको जनावरलाई फरक फरक समूदाय अनुसार यस्को उपयोग गर्ने गर्दछ । तर, जनावरको उपयोगिता  सम्वन्धमा खाद्य परिकारको रुपमा पनि लिने गरिन्छ । प्राचीन ग्रन्थ ऋग्वेद अनुसार कृषि एवं धार्मिक प्रयोजनका लागि उपयोग गरिंदै आएको गोरुलाई खाद्य पदार्थ वा मासुको रुपमा समेत उपयोग गर्ने गरेको पाइन्छ । उक्त ग्रन्थमा इन्द्रले आफुलाई १५/२० गोरु

---

64 मिश्र,पूर्ववत पादटिप्पणी संख्या ६१, पृ. ४०३

65 उही । पृ. ४४७

66 मणिप्रसाद तिवारी, **त्रिकाल जन्मकुण्डली दर्पण** ,(काठमाडौं : स्वयं, २०४३) पृ.१६४

67 उही । पृ.१६५

68 उही । पृ.१६९

पकाउन निर्देशन दिएका थिए (ऋग्वेद १०।८६।१४)। ऋग्वेदपछि विकास भएको शतपथ ब्राम्हणमा जनावरको उपयोगितालाई ध्यानमा राखेर मासु नै सबैभन्दा सर्वश्रेष्ठ भोजन भनी उल्लेख गरेको समेत पाइन्छ ।[६९] त्यसैगरी गौतम (१७।२७।३१), आपस्तम्बधर्मसूत्र (१।५।१७।३५) वसिष्ठ धर्मसूत्र (१४।३९-४०) याज्ञवल्क्य (१।१७७) विष्णुधर्मसूत्र (५१।६) रामायण (किष्किन्धाकाण्ड (१७।३९) मा पनि विभिन्न जनावरको मासु खान हुने र नहुने भनी चर्चा गरिएको पाइन्छ ती ग्रन्थहरुका अनुसार साही, खरायो, सुँगुर, सुनगोहरो, गैंडा, कछुवालाई छोडेर पाँचवटा नङ भएका पशु खान निषेध गरिएको छ । गौतमले सर्प, कालिज (ग्रामीण कुखुरा ) सुंगुर, गाई र बैल खान निषेध गरेको छ । त्यसैगरी आपस्तम्बधर्मसूत्र (२।२।५।१५) मा एक खुर वाला पशु, उँट, सुंगुर, शरभ, गाईको मासु खान निषेध गरेको छ । [७०]

विभिन्न जनावरलाई शाक्तमतमा विशेष स्थान दिइएको पाइन्छ । तन्त्रोक्त ढंगले गरिने पूजामा विभिन्न जनावरको बलि दिने कार्यलाई वैष्णव धर्मको विकासले क्रमश: वलिप्रथामा पनि केहीकमि आउन पुगेको मानिन्छ । अझ उक्त धर्मको प्रमुख ग्रन्थ भागवत पुराण (७।१५।७-८) मा मासु खान निषेध गरिएको छ । यसैगरी महाभारत वनपर्व (५०।४)मा पाण्डवहरूले विष नरहेका बाणले हिरण मारेर ब्राम्हणलाई खुवाउनुका साथै आफूलेपनि खाएको चर्चा गरिएको छ । महाभारतको युधिस्थिर सभापर्व(४।१-२)मा मयसभाको उदघाटनको अवसरमा दसहजार ब्राम्हणका लागि वँनेल र हिरणको मासु खुवाएको प्रसंगका आधारमा जनावरलाई खाद्य बस्तुका रुपमा लिने गरेको स्पष्ट हुन्छ ।[७१]

गौतम (१७।२९) आपस्तम्बधर्मसूत्र (१।५।१७।३२-३४), वसिष्ठधर्मसूत्र (१४।४८) विष्णुधर्मसूत्र (५१।२९-३१) मनुस्मृति (५।११-१४)मा काँचो मासु खाने पंछी (गिद्ध, चील), मैना, हाँस, परेवाको मासु खान वर्जित गरिएको छ । तर, ती ग्रन्थमा जंगली कुखुरा र तित्राको मासु भने खान हुन्छ

[69] काणे, पूर्ववत पादटिप्पणी संख्या २, पृ. ४२०

[70] उही । पृ. ४२२

[71] उही । पृ. ४२३

भनी उल्लेख गरिएको छ । त्यसैगरी हाल खाद्य वस्तुको रुपमा प्रचलित माछालाई लिएर पनि विभिन्न ग्रन्थमा खान हुन र नहुने भनी लेखिएको पाइन्छ । आपस्तम्बधर्मसूत्र (१।५।१७।३६-३७)मा गोही खान निषेध गरिएको छ भने सर्पको जस्तो टाउको भएको, मुर्दा खाने माछा नखान भनिएको छ ।[७२] तर मनुले भने सबैकिसिमको माछा नखान (मनु ५।१४-१५) भनेपनि श्राद्ध, देवतासम्वन्धी काममा रोहित, राजीव र सिंहको मुखाकृतिसँग मेल खाने माछा खान भने छुट दिइएको छ ।

[72] काणे, पूर्ववत पादटिप्पणी संख्या २, पृ. ४२३

# तेस्रो अध्याय
# शास्त्रीय परिचय

उपत्यकाको तीन शहरमध्ये प्राचीन शहरको रुपमा रहेको भक्तपुर कलाकारिताको दृष्टिकोणले महत्वपूर्ण शहरको रुपमा लिइन्छ । त्यसमाथि मल्लकालिन समयमा कलाकारिता प्रदर्शन गर्नका लागि एक राज्य र अर्को राज्यबीच प्रतिस्पर्धा भएका कारण यो कालमा भक्तपुरमा कलाकारिताको चरम विकास भएको देख्न सकिन्छ । कुनैबेला ९९ चोकसम्मको विशाल क्षेत्र रहेको भक्तपुर दरवार समयक्रमसँगै अहिले निकै संकुचनमा परेको छ । समयको विकास, राजनीतिक एवं अन्य आरोह अवरोहले कलाकारिताको विद्यालयको रुपमा रहेको भक्तपुर दरवार क्रमश: खुम्चिंदै गईरहेको छ । यसले गर्दा भक्तपुर दरवार क्षेत्रभित्रको कलाकारितालाई लिएर अध्ययन गर्ने क्रममा कहाँदेखि कहाँसम्मको सीमानालाई दरवार क्षेत्र भन्ने भनी सहज रुपमा भन्न सकिने अवस्था छैन । यद्यपी यहाँको कलाकारिताको वैभवलाई अध्ययन गर्ने क्रममा स्थानीय प्रशासनले छुट्याइएको दरवारक्षेत्र (हालको खौमाटोलस्थित प्रवेशद्वारदेखि पूर्वमा दतात्रय मन्दिर (चतुब्रम्ह महाविहारको अगाडि), उत्तरमा वहताल र दक्षिणमा जिल्ला प्रशासन कार्यालय रहेको स्थान) भित्रको मठमन्दिर, दरवार, पाटी पौवा, डबली आदिमा धेरै किसिमका पशुपंछीको मूर्ति भेटिएको छ । काष्ठ, धातु र प्रस्तर मूर्तिमा रहेको ती मूर्तिहरूमा देखिएको विविधताले तत्कालिन समय कलाकारिताको स्वर्ण युग मान्न सकिन्छ । कलाकारिताको स्वर्णयुगमा विकास भएको भक्तपुर दरवार क्षेत्रमा वनचर, थलचर, पंछी, मानव र पशुबीच मिश्रीत र पशु र पशुबीच मिश्रीत पशुपंछी फेलापरेको छ । भक्तपुर दरवारक्षेत्रभित्र विभिन्न कालखण्डमा ४० भन्दाबढी जीवजन्तु विभिन्न माध्यमबाट अघि सारिएको पाइन्छ । कतिपय मूर्तिहरु चिन्न नसकिने गरी खिइसकेको र कतिपय सहजै मूर्ति भएको स्थानसम्म जान नसकिएका कारणले प्राप्त जीवजन्तुको संख्यामा अझ बृद्धि हुनसक्ने देखिन्छ । यसरी प्रयोग भएको जीवजन्तुमात्रैपनि दरवारको क्षेत्रभित्र सयौंको संख्यामा रहेको छ ।

प्राप्त मूर्तिलाई निम्न बमोजिम वर्गीकरण गर्न सकिन्छ

थलचर नभचर जलचर सरीसृप किराफट्याङ्ग्रा

भक्तपुर दरवार क्षेत्रमा रहेका मूर्तिहरूमा सबैभन्दा बढी नै पशुको मूर्ति पाइएको छ । प्राप्त मूर्ति मध्ये सिंहको प्रयोग बढीमात्रामा रहेको छ । सिंहपछि हात्ती र वसाहाको मूर्तिपनि उल्लेखनीय मात्रामा रहेको छ । अन्य स्थानको भन्दा पृथक रुपमा यस क्षेत्रमा घरपालुवा जनावर कुकुर, मरुभूमि क्षेत्रमा मात्र पाइने उँट र उपत्यकामा नपाइने गैंडा, गालीगलौजमा प्रयोग हुँदै आएको नरपशु (स्थानीय बासिन्दाबीच यस मूर्तिलाई बनमान्छे अर्थात यति भन्ने गरेपनि लिखित रुपमा पाइन्न) को समेत प्रयोग भएको पाइन्छ । यसैगरी नेपाली मूर्तिकलामा कममात्रामा पाइने स्याल, चल्ला (मृग), बोका, भेडाको मूर्ति पाइएको छ ।

## ३.१थलचर

### ३.१.१ उँट

मरुभूमिको यातायातको नामले चिनिने उँट नेपालमा भने पाइन्न । घाँटी निकै लामो भई मरुभूमिमा यात्रा गर्नका लागि उपयोगी जनावरको रुपमा रहेको उँट भारतस्थित राजस्थानका राइका समुदायमा महत्वका साथ पालिन्छ । उक्त समुदायका देवता पाबुजीको वाहनको रुपमा रहेको उँटलाई कल्याण अन्जनिय (हनुमान)का वाहनका रुपमा पनि लिइन्छ । यसबाहेक राजस्थानमा यो जनावरलाई दूध र मासुका लागि पनि पाल्ने गरिन्छ ।[1] उँट नेपाली धर्म परम्परामा विशेष स्थान नरहेपनि यो जनावरको प्रयोग भने वैदिककालदेखि गर्दै आएको पाइन्छ । ऋग्वेदको ऋचा (८.५६.२२) मा पुरोहित वशले राजा पृथुश्रवासँग ७० हजार घोडा लगायतका विभिन्न

[1] http://www.hindu.com/fr/2005/01/07/stories/2005010702891000.htm

जनावरहरु दानमा माग्ने क्रममा दुइहजार उँट पनि मागेका थिए ।[२] यसबाहेक हर्षचरित्र र नैषधिय चरितमा पनि उँटको चर्चा गरिएको छ । अन्य जनावरको तुलनामा निकै कम चित्र वा मूर्ति पाइने उँटको पहिलो चित्र मुगल कालमा लेखिएको बाबरनामा रहेको छ । त्यसपछि खजुराको लक्ष्मण मन्दिरमा उँटको मूर्ति पाइएको थियो ।[३] नेपालमा भने भक्तपुर दरवार क्षेत्रको सिद्धिलक्ष्मी मन्दिरमात्र रहेको छ । उँटको चर्चा ऋग्वेदमा पनि रहेको छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा उष्ट्र (उँट) को नाम उल्लेख रहेको छ ।[४]

### ३.१.२ **कुकुर**

घरेलु जनावरको सूचीमा अग्रपंक्तिमा रहेको कुकुरलाई मानव जातिकै सबैभन्दा पुरानो साथीको रुपमा लिइन्छ । प्राचीनकालदेखि नै उपयोगी जनावरको रुपमा चित्रित यो जनावर मोहनजोदडोको सभ्यतामा पनि पाइन्छ । मोहनजोदडोको उत्खननमा प्राप्त कुकुरको हड्डिको आधारमा मानवजातिकै प्राचीन सहयोगी यो जनावर हो भन्ने पुष्टि हुन्छ । आफ्नो सुरक्षादेखि लिएर यातायातको साधन एवं शिकार खोज्न प्रयोग गरिंदै आएको कुकुरको उपयोगिताले गर्दा प्राचीन काषार्पणदेखि सांस्कृतिक गतिविधिमासमेत यो जनावर प्रयोग हुँदै आएको छ ।[५]

उपयोगी जनावरलाई विभिन्न देवदेवीसँग जोडेर हेर्ने क्रममा यो जनावरलाई शिवगणको एक सदस्यको रुपमा राखिएको छ । भैरबको बाहनको रुपमा लिइने कुकुरलाई नाट्यश्वरको मन्दिरमा पनि स्थान दिइएको छ । उपत्यकाका नाट्यश्वरका मन्दिरमा कुकुरले शवको हात वा खुट्टा बोकेर हिंडेको चित्र लेख्ने गरेको पाइन्छ । साथै यो जनावरलाई यमदूतको रुपमा पनि चित्रण गरिएको पाइन्छ । मान्छेको मृत्युपछि स्वर्ग वा नर्क लाने भूमिका यमको दूत कुकुरले गर्ने भएकोले

---

[2] रामगोविन्द त्रिवेदी, **वैदिक साहित्य**,( बनारस : भारतीय ज्ञानपीठ काशी , १९५०) पृ. ३१०

[3] Trilokchandra Majpuria, **Sacred Animals of Nepal & India**,(Lashkar; M. Devi, 2000)P.113

[4] त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या ७ पृ. ३०८

[5] वासुदेव उपाध्याय, **प्राचीन भारतीय मूर्ति विज्ञान**,(वाराणसी : चौखम्बा विद्याभवन, १९८२) पृ. २४२

नेपाली समाजमा यो जनावरलाई पूजा गर्ने परम्परा रही आएको छ ।[६] यसबाहेक कुकुर सूर्यपुत्र रेवन्त, इन्द्र र दतात्रयसँगपनि सम्वन्ध रहेको छ । उपाध्यायका अनुसार मूर्तिहरुमा सूर्यपुत्र रेवन्तलाई जहिलेपनि शिकारीको भेषभुषामा देखाइने गरिन्छ भने उनको बीचमा वा उनले प्रयोग गरेको घोडाको खुट्टानिर कुकुरलाई साथमा लगेको देखाइन्छ ।[७] यसबाहेक इन्द्रकी उषा वा इन्द्रसँग पनि यदाकदा सरम नाम गरेको कुकुर देखापरेको छ ।[८] इन्द्र वा उनको परिवारको वाहन नभएपनि वहुउपयोगी जनावर भएकोले कुकुरले स्थान पाएको हुनसक्छ । त्यसैगरी उक्त कुकुरले नै इन्द्रको गाईलाई पातालबाट खोजेर ल्याइदिएका थिए भन्ने कथा छ । असुरले चोरेर पाताल पुऱ्याइएकी गाईलाई खोज्न नसकिएपछि इन्द्रको सरम नामक कुकुरले खोजेर ल्याएका थिए ।[९] गाई खोजेर सहयोग गर्ने सरम कुकुरको दुई छाउरासमेत रहेको शास्त्रहरुमा वर्णित छ । यसरी वर्णित छाउराको नाम सरमेय रहेको छ । जुन मृत्युका देवता यमका दूतको रुपमा पनि लिइन्छ । कुकुरले गाई खोजेजस्तै ललितपुरको खोकनास्थित सिकालीको नृत्य र काठमाडौंको नरदेवीस्थित नरदेवी नाचमा पनि दैत्यको खोजीका लागि कुकुरले पातालमा जाने भावभंगिमामा नृत्य गर्ने गरिन्छ ।

यसैगरी ब्रम्हा, विष्णु र महेश्वरको संयुक्त रुप दतात्रयसँगै कुकुरलाई पनि स्थान दिइएको पाइन्छ । दतात्रयसँग रहेको कुकुरलाई चारवेदको रुपमा पनि मान्यता दिइएको छ । [१०]गुणी एवं घर पालुवा जनावर मध्ये मानिसको भाषा बुझ्ने जनावर कुकुरलाई लिएर ऋग्वेदको विभिन्न ऋचाहरुमा वर्णन गरिएको छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्तमा कुकुरको नाम उल्लेख गरिएको छ ।[११]अर्को एक ऋचामा कुकुरलाई सेनापतिसँग तुलना गरिएको छ ।

---

6 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५, पृ. २८६

7 उही । पृ. १३०

8 Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ P.20

9 www.wikipedia.org.

10 राजवली पाण्डेय, **हिन्दू धर्म कोश** (तृतीय सं), (लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान, २००३) *पृ.* ३११

11 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या, २, *पृ.* ३०८

*त्वं करञ्जमुत पर्णयं बधीस्तेजिष्ठयातिथिग्वस्य वर्तनी ।*

*त्वं शता वङ्गृदस्याभिनत् पुरोऽनानुदः परिषूता ऋजिश्वना ॥*

(सेनापतिसँग प्रार्थना गर्दै अनुरोध गरेको छ कि त्यो कुकुरको समान आज्ञाकारी सैनिकहरुको सहायताबाट दुष्टहरुको विनाश होस ।)[१२]

कुकुरलाई लिएर महाभारतमा दुईवटा विशेष प्रसंग रहेको छ । पुराण अनुसार आफ्ना पत्नी र भाईहरूसँग स्वर्ग जान लागेका युधिस्थिरले आफू पछिपछि आइरहेका कुकुरलाई स्वर्गमा जान नदिएको खण्डमा आफूपनि नजाने भनी अड्डि लिएका थिए । त्यसैगरी सोही पुराणमा युधिस्थिर र द्रोपदीबीच रतिक्रीडा भइरहेको समयमा कुकुरले युधिस्थिरको जुत्ता लुकाएपछि कामकोठामा कोही नरहेको भनी पाण्डवपुत्रमध्ये एक प्रवेश गर्दा सहवास भइरहेको देखेपछि कुकुरलाईपनि सहवास गोप्य हुन नसकोस भनी द्रोपदीले श्राप दिएको प्रसंग छ । यसबाहेक कुकुरलाई लिएर मार्कण्डेय पुराणमा आफ्नो गुरुसँग छल गरेका खण्डमा कुकुर भइ जन्मिनु पर्नेछ भनी उल्लेख गरिएको छ ।[१३]

नेपाली कलामा कममात्रामा पाइने कुकुर र योसँग सम्वन्धित प्रसंग भक्तपुर दरवारमा भने विभिन्न स्थानमा पाइन्छ । भक्तपुर दरवारक्षेत्रमा रहेको सिद्धिलक्ष्मी मन्दिरमा कुकुरको दुईवटा मूर्ति भेटिएको छ । यसबाहेक उक्त दरवारक्षेत्रमा नै वत्सलामन्दिरमा खिचाख्वः गं (कुकुर रुने घण्टा) निर्माण भएको पाइन्छ । तान्त्रिक विधिबाट निर्माण गरिएको वत्सला माई मन्दिरमा रहेको उक्त घण्टा बजाउँदा घण्टाको गुञ्जन भएसम्म भित्री चोकमा (तलेजुस्थित बेकोचोक) बलि खाने कुकुरहरु जम्मा भई कोलाहल गर्छन ।[१४]

---

[12] श्रीचन्द्र जैन, **हमारे ये पशुपंक्षी** ,(दिल्ली : आत्माराम एण्ड सन्स,२००८) पृ.३४

[13] उही । पृ.४१

[14] धनशमशेर जबरा,**कामकला रहस्य** ,(काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र,२०३६) *पृ.१६८*

### ३.१.३ **कृष्णसार**

संसारमा दुर्लभ हुँदै गएको मृग धर्मशास्त्रमा महत्वपूर्ण स्थान ओगटेको छ । संसारमा धेरै प्रजातिका मृग रहेपनि धर्मशास्त्रहरूमा भने कृष्णसार र मृग गरी दुई प्रजातिको प्रयोग भएको पाइन्छ । कतिपय अवस्थामा कृष्णसार र मृगलाई एउटै प्रजातिको रुपमा लिएपनि बास्तवमा कृष्णसार भनेको कालो ढाड भएको आकाशमा नै तीनपटकसम्म उफ्रिने क्षमता रहेको चारखुट्टे जनावर हो भने मृगको त्यस्तो क्षमता पाइन्न । धर्मशास्त्र अनुसार वायुको वहान र चन्द्रमाको रथ हाँक्ने जनावरको रुपमा पनि मृगलाई लिइएको छ । यो जनावरलाई कतिपयले वायुको वहानभन्दापनि वरुणको वाहनको रुपमा लिने गरेको पाइन्छ । मृगलाई लिएर विभिन्न धर्मशास्त्रमा विभिन्न कथाहरू रचेको पाइन्छ । रामायणमा रावणले सीता हरण गर्नुअघि मरिची नामक राक्षसलाई स्वर्ण हरिणको रुपमा पठाएको थियो । त्यसैगरी वनमा विचरण गरीरहेका शिवलाई ब्रम्हा विष्णु र इन्द्रले समात्न खोज्दा मृग रुपी शिवको सिङ भाँचिएको कथापनि चर्चित छ । महादेव स्वयमपनि मृगको रुपमा विचरण गरेको कथा रहेको छ ।[१५] मृगरुपी महादेव श्लेष्मान्तक वनमा विचरण गर्दागर्दै बेपत्ता भएपछि पार्वतीपनि मृग रुप लिएर हिंडेको कथा नेपाली समाजमा प्रसिद्ध छ ।

कृष्णसार वा मृगको छालाको प्रयोग सांस्कृतिक रुपमा पनि भएको पाइन्छ । विशेषगरी योगीहरुले मृगको छाला ओढ्ने ओछ्याउने गरिन्छ भने भगवान शिवले समेत मृगको छाला ओढ्ने गरिन्छ । यसबाहेक जनावरहरूमध्ये अत्याधिक बेगयुक्त मृगलाई वायुको वाहनको रुपमा पनि लिइन्छ । साथै, मृगलाई विश्वशान्ति र ध्यानको प्रतिकको रुपमा लिइएको छ ।[१६] उपाध्यायका अनुसार भगवान बुद्धको धर्मचक्र प्रवर्तन स्वरुपमा चिन्हमा पनि दुई मृगले धर्मचक्रको रक्षा गरेको देखाइएको छ । यसरी देखाइएको मृगलाई बुद्धधर्ममा सारनाथको प्रतिक मानिन्छ । बुद्धले बुद्धत्व प्राप्त गर्नुअघि सारनाथको मृगदावनमा ध्यान बसेको र त्यहिं बुद्धले मृग रुपी सारंगनाथ बोधिसत्वको रुपमा जन्म लिएको त्यसस्थानलाई सारनाथको रुपमा प्रसिद्धि पाएको भन्ने छ ।

[15] www.anaflora.com

[16] उपाध्याय पूर्ववत पादटिप्पणी संख्या ५, पृ. २७२

कतिपयले मृगलाई साधारण पशुको रुपमा मात्र नलिई सालिन र शिकार नगर्ने जनावरको रुपमा लिएपनि कतिपय अवस्थामा मृगलाई सिंहको रुपमा पनि लिइएको छ । कृष्णसार/ कस्तुरी मृगको चर्चा ऋग्वेदमा पनि रहेको छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा कृष्णसार/कस्तुरी मृगको नाम उल्लेख रहेको छ ।[१७] ऐतरेय ब्राम्हणमा पनि ३.२३, ५ मा पनि मृगको चर्चा पाइन्छ भने शुरुमा मृगको अर्थ अर्कै भएपनि पछिल्लो कालमा आएर मृगलाई जनावरको रुपमा व्याख्या गरेको पाइन्छ । [१८]

भक्तपुर दरवार प्रांगणमा रहेको भुवनेश्वरी मन्दिरमा रहेको कार्नेशमा अग्निदेवता मृगमाथि बसेको देखाइएको छ । मृगको नाममा मृगशिरा ब्रतबस्ने परम्परापनि रहेको छ । साउन शुक्ल प्रतिपदाका दिन मृगशिरा ब्रत बस्ने गरिन्छ । शिवले यज्ञको तीनमुखमा आफ्नो वाहनको शूल लगाएको उक्त दिनमा ब्रत बसी माटोको हरिण बनाउनुपर्ने विधान रचेको पाइन्छ । यो ब्रतद्वारा के हुन्छ भन्ने उल्लेख भने छैन ।

### ३.१.४ गाई र वसाहा

वैदिककालदेखि नै महत्व राख्दै आएको गाई हिन्दू एवं बुद्धधर्ममा समेत पवित्र जनावरको सूचिमा राखिएको छ । ऋग्वेद अनुसार इन्द्रको मुखबाट सृष्टि गरेको जीवको कोटीमा[१९] राखिएको यो जनावरलाई लिएर अर्थववेदको सतपथ ब्राम्हण[२०]मा पनि चर्चा गरिएको छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा गाईको नाम उल्लेख गरिएको छ ।[२१] त्यसैगरी गोभिला गृहसूत्रमा अनाज उत्पादनमा सघाउ पुऱ्याउने जनावरको सम्मान गरिएको यस जनावर पवित्र भएकै कारण पितृसँग सम्पर्क राख्नका लागि समेत प्रयोग हुँदै आएको छ । पितृलाई

17 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या२, पृ. ३०८
18 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या१०, पृ. ५२५
19 Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३, P.91
20 उही । पृ ८८
21 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या२,पृ ३०८

सुखावति भूवनमा बासको कामना गर्दै मंसिर पूर्णिमामा बृषोत्सर्ग नै गर्न चलन काठमाडौंमा अद्यापी कायम छ ।

विष्णुपुराण अनुसारपनि प्राचीन समयमा श्राद्धकर्ममा साँढे /गाई वा बाच्छीको बलिदिने प्रचलन थियो ।[२२] कसिलो वलिष्ठ शरीर, तिखासिङ र हल्का खैरो आँखा भएको यो जनावरलाई धर्मको प्रतीक पनि मानिन्छ । साँढेलाई शिवको वाहनको रुपमा समेत स्थान दिइएको छ । वृष वसाहा गोरु नन्दी आदिले चिनिने यो जनावर पवित्र भएको कारण यसलाई देवताको रुपमा वा सहयोगीको रुपमा पूजिंदै आएको छ ।

सम्पूर्ण घरपालुवा जनावरमध्ये डरलाग्दो जनावरको कोटीमा राखिएको साँढेलाई उत्पादनका साथै ढुवानीका लागि सहयोगी पनि मानिंदै आएको छ । मानिसको आर्थिक स्तरको सुधारमा साँढेको महत्वपूर्ण स्थान रहेकैले मानवसभ्यताको विकासक्रमदेखि यस्को अस्तित्व देख्न पाउँछौं । यसको उदाहरण भनेको सिन्धुघाटीको सभ्यतामा 'जुरो' पाउनुका साथै वसाहा अंकित वस्तुहरू पाउनु हो । सिन्धुघाटीमा प्राप्त टेराकोटामा गठिलो शरीर, जुरो र सिंङ युक्त साँढे बनाइएको छ । यसबाहेक सारनाथको अशोकस्तम्भको पश्चिममा पनि साँढेको मूर्ति रहेको छ । साथै उत्तरपश्चिमी भारत र गन्धर्व क्षेत्रमा कुशाणकालीन मुद्रामा साँढे अंकित पाइएको छ । नेपाली मुद्रामा पनि साँढेलाई स्थान दिइएको छ । पशुपतिमुद्रामा लिच्छवि र ठकुरीहरूले वृष अंकित गरिएको छ ।[२३] ज्योतिष विज्ञानमा समेत 'वृष' राशीको स्थान पाउन सफल साँढेकै नामको आधारमा वैशाख अर्थात वृषमहिना निर्धारण गरिएको छ । वलशाली साँढेलाई हिन्दू समाजमा यौनिक देवताको रुपमा समेत पूजिने गर्दछ ।[२४] हरिवंश पुराण अनुसार अरिष्ट नामक दानवलाई मार्न सफल साँढेलाई शिव परिवारको एक अंगसमेत मानिआएको छ । अझ त हिन्दू परम्परा

---

[22] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३,पृ ९०

[23] हरिराम जोशी, **उत्तरप्राचीनकालीन मुद्रा** ,(काठमाडौं : साझा प्रकाशन, २०३३) *पृ.*

[24] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३,P.93

अनुसार विनानन्दीको शिवपूजनमा फल नमिल्ने मान्यता छ ।[२५] आनन्दको अर्को नाम नन्दीलाई मानिस आकृतिमा पनि बनाइने गरिन्छ । रक्तवर्णको नन्दी चारहात र तीनवटा आँखा बनाउनुपर्ने र बाघाम्बर ओढेको हुनुपर्ने विधान छ ।

उमामहेश्वरको मूर्ति फलकमा अनिवार्य स्थान रहेको वृषलाई मुख्य गरी तीन रुपमा राख्ने गरिएको पाइएको छ । १) साँढेको प्राकृत रुपमा २) शरीर मानिसको शिर र सिङ नन्दीको ३) मानिसको शरीर र वृषको शीर । यो सबै मूर्तिकलाको विकासक्रमसँगै देखिएको विविधता मान्न सकिन्छ ।[२६] शिवपुराण अनुसार वृष अर्थात नन्दी नै शिवको अर्को अवतार रुप रहेको चर्चा गरिएको छ । उक्त पुराण अनुसार शिलादले शिवको कठिन तपस्या गरेपछि नन्दीको रुपमा जन्मलिएका थिए । साथै ऋृषिहरू मित्र र वरुणले नन्दीलाई अल्पायु हुने बताएपछि शिवको तप गर्न पुगेका नन्दीले शिव इच्छा अनुसार दीर्घजीवन पाउन सफल भएको कथा छ । सोही पुराण अनुसार शिवले नन्दीलाई माला लगाइ दिएपछि नन्दीको पनि तीन आँखा, दसहात र रुपरंग शिवको जस्तो देखिएको भन्ने छ । विशेषत नेपाली समाजमा गोरुको मासु खान निषेध गरेपनि कुनै समयमा यो जनावरलाई मासु खानका लागिपनि प्रयोग भएको विभिन्न साहित्यमा वर्णित प्रशंगको आधारमा थाहा पाउन सकिन्छ । ऋग्वेदमा गोरुको मासु खाने संकेत पाइएको छ । त्यसैगरी सोही ग्रन्थमा इन्द्रले आफ्नो भोजनको लागि १५-२० गोरु पकाउने गरेको प्रशंगको आधारमा पनि गोरुको मासु प्राचीन समयदेखि नै उपयोगमा आएको स्पष्ट हुन्छ । (ऋग्वेद १०।८६।१४) यसबाहेक शतपथ ब्राम्हणमा(१।२।३।९)मा मासु नै सर्वश्रेष्ठ भोजन भनी उल्लेख गरिएको आधारमा तत्कालिन समाजमा गोरुको मासु खान बैध मानिन्थ्यो भन्ने आधार रहेको छ ।[२७] गाईलाई आयुर्वेदमा पनि उपयोग गरेको पाइन्छ । गाई लगायतका जीवहरुको (माछा, गाई, घोडा, हिरण, मयुरको पित्त)

---

[25] वीणा पौड्याल, **नेपाली मूर्तिकला र चित्रकला** ,(किर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग,त्रिवि, २०५७) *पृ.*८३

[26] पौड्याल, पूर्ववत् पादटिप्पणी २५ । *पृ.* ८२

[27] पीभी काणे, **धर्मशास्त्रका इतिहास**, भाग १-५,(लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान, १९९२) पृ. ४२०

बाट बनेको पंचपित्तबाट बनेको रसले सम्पूर्ण ज्वर नाश गर्छ भन्ने मान्यता रही आएको छ ।[२८] यसैगरी दानमा समेत गौको महत्व रहेको छ । ऋग्वेदमा (१०।१०७२,७) गाई दानगर्ने व्यक्ति स्वर्गमा उच्च स्थान पाउँछ भनी उल्लेख रहेको छ ।[२९] त्यसैगरी गौदानको सम्वन्धमा पनि धर्मशास्त्रमा उल्लेख रहेको छ । मनुले (४।२३१) गौदान गरेको खण्डमा सूर्य लोकमा जाने उल्लेख छ भने याज्ञवल्क्यस्मृति (१।२०४-२०५) र अग्निपुराणमा (२१०।३०) गौदानका लागि तयार गरिने गाईको सिङ र खुर सुन र चाँदीको हुनुपर्ने, घाँटीमा घण्टी हुनुपर्ने र गाईलाई दुलही सजाए जस्तै सजाउनुपर्ने उल्लेख छ ।[३०] कठोपनिषदमा भने गौदानका लागि तयार गरिने गाई दुध दिने हुनुपर्ने उल्लेख छ ।[३१] यसरी धार्मिक महत्व बोकेको गाई र वृष भक्तपुर दरवारक्षेत्रभित्र मूर्ति बनाइएको पाइएको छ । प्राय: वृष वा साँढेलाई लिएर नेपाली समाजमा यो जनावरलाई प्राय: शिव मन्दिरहरुमा मन्दिरको पश्चिमोत्तर भागमा घुँडा धसेको अवस्थामा स्थापना गर्ने गरेतापनि भक्तपुर दरवार क्षेत्रमा रहेको फसिदेग:को सिँढीमा भने उठीरहेको जोडा साँढे राखिएको छ । यसबाहेक कुमारीचोकमा साँढेमाथि चढेको देवीको मूर्ति रहेको छ । त्यसैगरी कुमारी चोकको अर्को मूर्तिमा आलिढासन मुद्रामा रहेको पुरुष देवताले सर्प र साँढेमाथि टेकेको छ भने उक्त देवताका शक्ति अर्थात स्त्री मूर्तिको टाउको भने सुँगुरको रहेको छ । मूलचोकस्थित तलेजु मन्दिरको भित्तामा रहेको दलिनको कापमा पनि साँढेको मूर्ति रहेको छ । यस मूर्तिमा साँढे दौडि वा भागीरहेको देखाइएको छ । साथै सोही वसाहाको मूर्ति राखिएको स्थानमा नै गाईको पनि मूर्ति रहेको छ । सोही चोकमा रहेका टुँडालहरुमा पनि यो जनावरको मूर्ति निर्माण गरिएको छ । मूलचोकको तलेजु मन्दिर प्रवेश द्वारको दाँया धातुको पातामा रहेको एक मूर्तिमा पनि वसाहाको मूर्ति पाइएको छ । उक्त मूर्तिमा चार हाते शिव वसाहामाथि बसेको देखाइएको छ भने प्रवेशद्वारको बाँयाभागमा पनि वसाहामाथि बसेको देवता देखाइएका द्वारको बाँयाभागमा पनि वसाहामाथि बसेको देवता देखाइएको छ । उक्त

---

28 जैन, पूर्ववत् पादटिप्पणी संख्या १२, पृ.२५२

29 काणे, पूर्ववत पादटिप्पणी २७ , पृ. ४४७

30 काणे, पूर्ववत पादटिप्पणी २७, पृ. ४६६

31 उही ।पृ. ४६७

देवताले दण्ड, खड्ग, पद्म र शंख बोकेको छ । द्वारको चौकोसमा नृत्येश्वरसँगै र दरवारक्षेत्रको पूर्वी र दक्षिणभागमा रहेको शिवलिङ्ग नजिकपनि वसाहाको मूर्ति रहेको छ । वत्सला मन्दिरमा भने भैरव साँढेमाथि बसेको देखाइएको छ ।

### ३.१.५ गैंडा

विश्वबाट दुर्लभ हुँदै गइरहेको एकसिंगे गैंडाका धार्मिक एवं सांस्कृतिक रुपमा स्पष्ट रुपमा महत्व नदेखिएपनि पितृसँग सम्वन्ध राख्नका लागि भने अत्यावश्यक जनावरको रुपमा राखिएको छ । शास्त्रीय रुपमा गैंडाको प्रयोगबारे कुनै चर्चा गरिएको नपाइएपनि नेपाली समाजमा पितृलाई पिण्ड दिंदा गैंडाको मासु अनिवार्य मानिन्छ । यसैगरी गैंडाको रगतबाट तर्पण दिंदा समेत मृतकको आत्माले शान्ति पाउँछन् भन्ने मान्यता छ । राणा प्रधानमन्त्री जंगबहादुरले पनि पितृको आत्माको शान्ति कामनार्थ गैंडाको शरीरभित्रै बसी रगतले तर्पण गरेको इतिहासमा उल्लेख छ । अन्य पशुको तुलनामा विचित्र जनावरको रुपमा रहेको गैंडा भद्दा शरीर, कठोर छालायुक्त एकसिंगे गैंडा सिंगकै कारणले यो जनावरमाथि खतरा थपिंदै छ ।

विशाल शरीर भएको जंगली जन्तुको रुपमा रहेको गैंडा कलाकृतिमा कहिलेदेखि देखापर्‍यो भनी यकीनसाथ भन्न नसकिएपनि हडप्पाको संस्कृतिमा भने गैंडाको प्रचलन देखिएको छ । हडप्पामा प्राप्त टेराकोटामा एकसिंगे गैंडा उत्किर्ण पाइएको छ । त्यसैगरी गुप्त नरेश कुमार गुप्तको एक स्वर्ण मुद्रामा पनि गैंडाको शिकार गरीरहेको कुमार गुप्तलाई देखाइएको छ ।[३२] धार्मिक रुपमा कुनैपनि देवीदेवताको वाहन नरहेपनि भक्तपुरको सिद्धिलक्ष्मी मन्दिर (दरवारक्षेत्रभित्रको)मा एकसिंगे गैंडाको मूर्ति पाइएको छ । प्राप्त मूर्ति चितवनको गैंडासँग सामिप्यता रहेको छ । उक्त गैंडाको पिठ्युंमा कालीन ओढ्याइएको आधारमा यसलाई समेत घरपालुवा जस्तै प्रयोगमा ल्याएको देखाउन खोजिएको छ । यसबाहेक राजा भूपतिन्द्र मल्लले गैंडा समात्न गएको प्रसंगसमेत रहेको छ ।[३३] धार्मिक कार्यका लागि आवश्यक खुर र मासुका लागि

---

[32] उपाध्याय, पूर्ववत् पादटिप्पणी संख्या ५, *पृ.*२७२

[33] रास जोशीको संकलनमा रहेको हस्तलिखित ग्रन्थ ।

मारिंदै आएको गैंडाको सिङबाट औषधी एवं रेडियोप्रवाह संकलनका लागि पनि आवश्यक मानिन्छ । तर, यो जनावरको मासु भने खान योग्य नरहेको र खाएको खण्डमा कफ, वीर्य र मुत्र बढाउने गर्छ भन्ने मान्यता रही आएको छ ।[३४]

### ३.१.६ **घोडा**

विश्वको इतिहासमा सबैभन्दा पहिले मानवको सहयोगीको रुपमा घोडालाई लिएको पाइन्छ । यातायात सुगमताकालागि घोडालाई प्रयोग गरेपछि यो जनावरलाई कतिपयले सूर्यको किरणसँग सामिप्यता राखेर हेर्ने गरेको पाइन्छ ।[३५] प्राचीनकालदेखि बढी प्रयोगमा रहेको घोडालाई भक्तपुर दरवारको विभिन्न स्थानमा प्रयोग भएको पाइनछ । सिद्धिलक्ष्मी मन्दिरको सिँढी, भैरबचोकको भैरबको बाहनका रुपमा र वत्सलामन्दिरमा देवीको वाहनको रुपमा, मूलचोकस्थित तलेजु मन्दिरको भित्ता र लाय्कु ढुंगेधारामा रहेको सूर्यको रथमा घोडा, कुमारीचोकमा रहेको महाविष्णुमूर्तिमा घोडाको टाउकोको मूर्ति बनाइएको छ । परिवर्तनको संवाहकको रुपमा पनि लिइन्छ । परिर्वतनको संवाहक भएकोले नै प्राचीनकालमा पराक्रमी देखाउन अश्वमेध यज्ञका लागि छोडिएको घोडा नियन्त्रण लिइ राज्य नै जित्ने गर्थे वा अन्य राज्यमाथि आधिपत्य जमाउनका लागि अश्वमेधयज्ञको नाममा घोडा छोडिन्थ्यो । पुष्यमित्रको दुई अश्वमेध याजिन भनिएको छ । जस्मा अनेक शासकहरूको नाम उल्लेख छ । काशीमा दसाश्वमेध नामाकारण गरी श्यातनागराजहरूले अश्वमेध सम्पन्न गरेको उल्लेख छ । यातायातको साधनको रुपमा लिइने घोडालाई लिएर समयक्रमसँगै यस्को विविध क्षेत्रमा उपयोग गर्न थालेको पाइन्छ । सम्राट अशोकले अशोक स्तम्भमा घोडाको प्रयोग गरेपछिका विविध निर्माणहरूमा अश्वले बढी स्थान पाए ।[३६]

घोडालाई हिन्दू एवं बुद्ध धर्ममा विशेष स्थान दिइएको छ । सिद्धार्थ कुमारद्वारा महाभिनिष्क्रमण गर्ने क्रममा कण्ठक घोडा प्रयोग गरेका कारण अश्वलाई बुद्धधर्ममा पनि विशेष महत्व दिइएको छ । बुद्धसँगको विछोडमा दरवार बाहिर मरेको कण्ठक घोडाको सम्झना स्वरुप

---

34 जैन, पूर्ववत् पादटिप्पणी संख्या १२, पृ.२५०

35 उपाध्याय, पूर्ववत पादटिप्पणी ५ । पृ. २६९

36 उही । पृ.२६९

कालान्तरमा कपिलवस्तुमा कण्ठक स्तूप नै निर्माण गरिएको थियो । त्यसैगरी बुद्धधर्मावलम्वीले अमिताभ बुद्धको वाहनको रुपमा सर्वशक्तिमान ह्यगृव घोडालाई राखिएको छ । हिन्दूधर्ममा सूर्यप्रतिमासँग सम्वन्ध राख्ने मूर्तिमा यस्को बढी प्रयोग भएको पाइन्छ । उत्तरी भारतको कलामा पाँचौ शताव्दीदेखि सातघोडाको सूर्यरथ देखिएको छ भने सूर्यको उभिएको प्रतिमामा सातघोडा बनाइएको पाइन्छ । जुन इन्द्रेणीको प्रतीकको रुपमा लिइएको हुनसक्ने अनुमान रहेको छ ।[३७] भारतमा पाइएको पाँचौ शताव्दी पूर्वका सूर्य मूर्तिहरुमा चारवटा घोडा देखाइएको छ ।[३८] सूर्यको उदेच्यवेश अर्थात उभिएको ईरानी भेषभुषामा चारहातमध्ये एकमा चक्कामात्र देखिने गरी बनाइएको मूर्तिमा अरुणलाई सारथी बनाइएको पाइन्छ । जुन रथ सातघोडाले तानेको पाइन्छ । तर, इशापूर्व अघिका सूर्य मूर्तिमा भने चारवटा घोडामात्र पाइएको छ । गुप्तकालदेखिमात्र सप्तअश्वको परिकल्पनाले स्थान लिएको अनुमान रहेको छ । प्राचीन भारतको चारघोडाको वर्णन युनानी लेखक स्त्रोबोले पनि गरेको छ ।[३९] घोडालाई लिएर विभिन्न साहित्य एवं ग्रन्थमा विशेषगरी सूर्यसँग नै सम्वन्ध रहेको देखाइएको छ । ऋग्वेदमा पुरोहित वशले राजा पृथुश्रवासँग ७० हजार घोडा दुई हजार उँट, कालो रंगको एकहजार पोथी घोडा र दशहजार गाई दानमा पाएका थिए ।[४०] सोही ग्रन्थको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा घोडाको नाम उल्लेख रहेको छ ।[४१] त्यसैगरी वायु पुराण ९१।१०मा गान्धार देशको घोडालाई सबैभन्दा राम्रो घोडाको रुपमा चित्रण गरिएको छ । जस्मा लेखिएको छ - *गान्धार देशजाश्चापि तुरगाः वाजिनां वर* [४२]समुन्द्रमन्थनबाट निस्केको नवरत्नमध्येको घोडाको सातटाउको रहेको र उड्ने घोडाको रुपमा लिइएको छ । जस्को नाम शास्त्र अनुसार उच्चैशरभ भन्ने नामाकरण गरिएको छ । जस्को

[37] उपाध्याय, पूर्ववत पादटिप्पणी ५, पृ. २६९
[38] उपाध्याय, पूर्ववत पादटिप्पणी ५, पृ. ११७
[39] उही पृ. ११८
[40] त्रिवेदी, पूर्ववत् पादटिप्पणी संख्या २ । पृ ३१०
[41] उही । पृ. ३०८
[42] उपाध्याय, पूर्ववत् पादटिप्पणी संख्या ५ । पृ. २७०

वर्ण हिउँ जस्तो सेतो रहेको छ । यी बाहेक म्याकडोनलका अनुसार ऋग्वेदमा इन्द्रको रथ दुई घोडा युक्त रहेको त्यसैगरी अग्नि चट्याङको गाडी घोडाले तानेको पाइएको छ ।[४३] त्यसैगरी मित्र र वरुणको गाडी घोडाले नै तानेको पाउनुका साथै भक्तपुरको चांगुमा प्राप्त चन्द्रमाको मूर्तिमा समेत एउटा घोडाले रथ तानेको पाइएको छ । यस आधारमा पनि घोडाको प्रयोग निकै प्राचीनकालदेखि भएको मान्न सक्छौं । ऋग्वेदमा उल्लेख अनुसार सूर्यको रथ सात घोडाले तान्ने र रथचक्का भने एकमात्र देखाइन्छ । माथि उल्लेख अनुसार सात घोडा भनेको इन्द्रेणीको प्रतीक हो । त्यसैगरी समुन्द्रमन्थनमा समेत घोडाको प्रशंग पाइन्छ । समुन्द्रमन्थनमा दानव र देवताबीच समुन्द्रमन्थन गर्दा सेतो घोडा निस्केको पुराणमा वर्णित छ । समुन्द्रमन्थनको क्रममा सेतो घोडा निस्केपछि देवता र दानवहरूबीच प्रतिस्पर्धा चलेको र प्रतिस्पर्धामा इन्द्रले तारक दानवलाई जवरजस्ती घोडा छोड्न लगाएका थिए । जुन घोडाको नाम युक्कश्रवस रहेको छ । घोडालाई लिएर शतपथ ब्राम्हणमा घोडा समुन्द्रको पानीबाट बनेको भन्ने उल्लेख छ ।[४४] विष्णु पुराणमा घोडालाई वरुण वा जलदेवतासँग सम्वन्ध देखाइएको छ । उक्त धारणा शतपथ ब्राम्हणसँग तादात्म्यता राखेको छ । जुन समुन्द्रको छाल वा पानीको बेगसँग तुलना गरेको अनुमान गरिन्छ । यसैगरी मत्रयांज्या संहितामा अश्वत्थ भनी पीपलसँग घोडाको सम्वन्ध देखाइएको छ । जसमा पवित्र पीपलको रुखलाई घोडाको टाउकोको रुपमा लिइएको छ भने घोडालाई यदुस (सूर्य वा सूर्यको प्रतिक)पनि भनिन्छ ।[४५] नेपालमा उमामहेश्वरको मूर्ति फलकमा समेत घोडा राख्ने प्रचलन रहेको आधारमा अश्वको प्रयोग प्राचीनकालदेखिको नै निरन्तरता मान्न सकिन्छ ।[४६] यस वाहेक पेगोडा शैलीमा बनेको नेपाली मन्दिरको चार कुनामा कुँसल राख्ने भनी घोडालाई स्थान दिइएको छ । घोडालाई लिएर शिल्परत्न पुस्तकमा रथमा बसेको चन्द्रमालाई दसघोडाले तानेको हुनुपर्ने, मत्स्यपुराणमा चन्द्रमाका दाँया कान्ति वा शोभासिंह ध्वज राख्नुपर्ने विधान पनि उल्लेख छ ।

---

[43] A.A. Macdonell, **The vedic mythology** ,( Delhi; Motilal Banarasidas.P. 1963)p.

[44] Majpuria, पूर्ववत् पादटिप्पणी संख्या ३ । पृ १०८

[45] मोहनप्रसाद खनाल, **नेपाली कला** , (काठमाडौं : साझा प्रकाशन, २०५२) *पृ.* ६०

[46] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.*७४

यसैगरी कल्की अवतार स्वयम घोडामा चढेको पाइन्छ । अवतारवादको विकाससँगसँगै विष्णुको अंश अवतार ह्यगृवमा पनि अवतरित भएको पाइन्छ । घोडा टाउके ह्यगृव विष्णुको १८ औं अवतार मानिन्छ । जसलाई शिक्षाको देवताको रुपमा लिइन्छ । जस्को हातमा पृथ्वीलाई बोकेको छ ।[४७] घोडासँग सम्वन्ध रहेको ह्यगृवको मूर्ति हाडीगाउँको धनगणेश क्षेत्रमा मात्र पाइएको छ । घोडाको प्रशंग मधु र कैटभसँगपनि जोडिएको छ । मधु र कैटभले वेद चोरेर लगेपछि ब्रम्हाको अनुरोधमा विष्णुले ह्यगृव बनी असुरको हत्या गरेको उल्लेख छ ।[४८] यसबाहेक प्राचीनकालमा घोडाको बलिसमेत दिइन्थ्यो । आर्यराजाहरू चक्रवर्ति हुनका लागि अश्वमेध यज्ञ गर्न घोडाको बलि दिइन्थ्यो । परम्परा द्वापरयुगमा व्यासको सल्लाहमा युधिस्थिरले, त्रेता युगमा रामले र कलियुगको ईपू दोस्रो शताव्दीमा पुष्यमित्रले, ईपू पाँचौ शताव्दीमा समुन्द्रगुप्तले अश्वमेध यज्ञ गरेर घोडाको बलि दिएका थिए । म्याकडोनलका अनुसार ऋग्वेदमा भने अश्वमेध यज्ञ गरी घोडाको बलि दिनुको बदला बोकाको बलि दिइन्थ्यो । त्यसैगरी महाभारतको पुराणयुगमा अश्वमेध यज्ञमा बोकाका साथै साँढे, राँगा, जंगली जनावर माछाको बलि पछिमात्र घोडाको बलि दिइन्थ्यो ।[४९]

प्रसिद्ध ऋग्वेदीक घोडा दधिकर वा दधिकरण घोडा निकै राम्रो प्रजातिको घोडा मानिन्छ । जुन घोडा अन्यको तुलनामा दौडिन सक्ने, प्रतिस्पर्धामा जित्ने र चराजस्तो वेगवान मानिएको छ । तर, घोडाको उत्पत्ति भने उत्तरपश्चिमी मुलुक कम्भोजामा भएको मानिन्छ । कम्भोजाबाट ईपू १५८० तिर भारत ल्याइएको घोडा नै विभिन्न समयमा नेपाल ल्याइएको र त्यसपछिमात्र यहाँ सैन्य र धार्मिक रुपमा प्रयोगमा ल्याइएको हो ।[५०] घोडाको प्रयोग धार्मिक एवं सांस्कृतिक रुपमा मात्र भएको नभइ मुद्रामा समेत प्रयोग भएको पाइन्छ । गुप्त नरेश समुन्द्र गुप्त र कुमार गुप्त प्रथमको स्वर्ण मुद्रामा मौलोमा बाँधिएको घोडाको आकृति कुँडिएको छ, जस्को माथिल्लो भागमा ध्वज फहराइएको छ । घोडालाई लिएर आयुर्वेदमा पनि उपयोग गरेको पाइन्छ । घोडा र अन्य

---

47 Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ १०९

48 Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३,। पृ १०८

49 उही । पृ १०९

50 खनाल, पूर्ववत पादटिप्पणी संख्या ४५ । पृ. ६०

जीव(माछा, गाई, घोडा, हिरण, मयुरको पित्त)बाट बनेको रसले पंचपित्तबाट सम्पूर्ण ज्वर नाश गर्छ भन्ने छ ।[५१] परलोकको सुधारका लागि गरिने दानकार्यमा पनि घोडाको प्रसंग पाइन्छ । ऋग्वेद अनुसार घोडाको दान दिने व्यक्ति सूर्यलोकमा बास पाइन्छ भनी उल्लेख छ । तैतरीय संहितामा भने घोडाको दान लिने व्यक्तिलाई वरुणले समात्ने र जलोदर रोगले ग्रस्त हुने उल्लेख छ ।[५२]

**३.१.७ न्याउरी**

मुसा प्रजातिको जीव भएकोले यो जनावरलाई किराफट्यांग्राको सूचीमा राखिएको पाइन्छ । कुबेरको वाहनको रुपमा लिइने न्याउरीलाई लिएर अर्थववेदमा ६.१३.९,५ मा सर्पलाई दुइ टुक्रा गर्ने र फेरी जोड्नसक्ने क्षमता रहेको जनावरको रुपमा न्याउरीको चर्चा गरिएको छ । कुवेर र देवी बसुन्धराको बाहनको रुपमा न्याउरीको चर्चा ऋग्वेदमा पनि छ । ऋग्वेदको ८.७,२३ मा सर्पको विष निवारण गर्ने जनावरको रुपमा न्याउरीलाई लिइएको छ ।[५३] यर्जुवेद संहितामा अश्वमेध यज्ञमा घोडाको बलि दिनु अघि न्याउरीको पनि बलि दिनुपर्ने विधान रहेको उल्लेख गरिएको छ । न्याउरी विशेष गरी कुबेरको मूर्तिसँग सम्वन्धित रहेको पाइन्छ । कुबेरको मूर्तिसँगै मुसाको जस्तो आकृतियुक्त तर तुलनात्मक रुपमा केही लामा दाँत र पुच्छर भएको न्याउरीको हात र वाहु घाँटीमा मणियुक्त आभूषणले सुसज्जित र रत्न जडित मुकुट पहिरिएको हुन्छ भने कुबेर प्रतिमामा भने पैसाको थैली रहेको हुन्छ ।[५४] सर्पको सत्रुको रुपमा रहेको न्याउरीले सर्पको शिर मणिसमेत चोरी गर्न सक्छ भन्ने मान्यता छ । सर्प खाने भएकोले न्याउरीको पेटमा धेरै भन्दा धेरै मणि हुन्छ भन्ने मान्यता छ । न्याउरीको पेटमा भएको सम्पूर्ण मणि धनकुबेरलाई ओकलेर दिन्छ भन्ने रहेको छ ।[५५] कुबेरलाई धनको देवताका साथै उत्तरी दिशाको मालिकको रुपमा पनि लिइन्छ । बुद्धधर्ममा

---

[51] जैन, पूर्ववत पादटिप्पणी  संख्या १२ । पृ.२५२

[52] काणे, पूर्ववत पादटिप्पणी संख्या २७ ।*पृ.* ४४७

[53] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* ३४४

[54] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ ।*पृ.* १२२

[55] उही । *पृ.* २७३

कुबेरलाई उत्तरदिशाको रक्षकको रुपमा पनि राखिएको छ । न्याउरीलाई खुसी पारेमा धनी हुन्छ भन्ने मान्यता छ भने अर्को तर्फ सर्प र मुसाले समेत दुःख दिंदैन भन्ने धारणा समाजमा रहेको छ ।

बौद्ध देवता जम्भालाको वाहनको रुपमा पनि लिइने यो जनावरलाई गुप्त धनको रक्षकको रुपमा लिइन्छ । त्यसैले यो जनावरको थुतुनोले रत्न टिपेको चित्र वा मूर्ति बनाउने गरिन्छ । भक्तपुर दरवार क्षेत्रमा भने नकुल अर्थात न्याउरीको मूर्ति दरवार क्षेत्रमा निर्मित सुनधाराका साथै मूलचोकस्थित तलेजु मन्दिरको भित्ता र कुमारी चोकको भित्तामा कुबेरको मूर्तिसँग पाइएको छ । न्याउरीलाई लिएर मार्कण्डेय पुराणमा पनि उल्लेख गरिएको छ । मार्कण्डेय पुराण अनुसार धान, जौ, तिल, चना, केराउ, धानको बीउ, मुगी, गहुँ आदि चोर्ने व्यक्ति अर्को जन्ममा न्याउरी मुसाको जस्तो मुख ठूलो भएको मुसा भइ जन्मिन्छ भन्ने छ ।[५६]

### ३.१.८ बाघ

विरालोको प्रजातिभित्र पर्ने  बाघलाई डरलाग्दो प्राणीको रुपमा लिइन्छ । धर्के बुट्टेदार छालाको कारण राम्रो देखिने बाघ जंगलमा बस्ने चितुवाको तुलनामा शान्तप्रिय जनावरको रुपमा लिइन्छ । यो जनावरले चितुवाले जस्तै एकपछि अर्को गरी शिकार गर्दैन । अर्थात् आफूले गरेको शिकार खान नसकेसम्म अन्यमाथि जाइ नलाग्ने प्राणीको रुपमा लिइन्छ ।

हिंश्रक जनावरको सूचीमा रहेको यो जनावरको अत्याधिक बेगलाई लिएर टाइगर वा टिग्रिस नाम रहन गएको धारण छ । इरानी स्रोतका अनुसार टिग्रिसको अर्थ वाण रहेको र यो जनावर निकै चाँडै दौडिन सक्ने सूचिमा पर्दछ ।[५७] परम्परागत एवं चिनीया औषधी विज्ञानमा बाघको अंगप्रत्यंगको प्रयोग गर्ने गर्छन् ।

पूर्वीय संस्कृतिमा भने बाघको सांस्कृतिक रुपमामात्र स्थान रहेको छ । शुरुशुरुमा बाघ र सिंहलाई नछुट्याएपनि पछिल्ला समयमा यी दुई जनावरलाई छुट्याइएको छ । नृत्येश्वरलाई भस्म गर्न उत्पत्ति भएको जीवको रुपमा बाघलाई लिइन्छ । विणा पौड्यालका अनुसार नृत्येश्वरलाई

[56] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ.४१

[57] www. wikipedia.org

तारक जंगलमा ऋषिहरूले भस्म गर्न खोज्दा यज्ञबाट सर्प र बाघ उत्पत्ति गरेका थिए । त्यसैगरी बाघको आतंक मच्चिएपछि शिवले कान्छी औंलाले बाघको छाला च्यातेर लगाएका थिए ।[५८] शिवले बाघको छाला च्यातेर लगाएको भएकोले बाघको छालालाई बाघाम्बर पनि भनिन्छ । विशेष गरी यो बाघाम्बर शिव र भैरवले धारण गरेको पाइन्छ ।

यसबाहेक भारतका भील तथा राजपूतहरूबीच बाघलाई आफ्नो पूर्वज मान्ने गरिन्छ । त्यसैगरी नेपालको किर्तिपुरमा पनि प्रत्येक वर्षको भाद्र सक्रान्तिका दिन बाघभैरव जात्रा गर्ने गरिन्छ । भारतको वैनगंगाका किसानहरूबीच बाघ आक्रमणमा मारिएकाहरूलाई बाघदेवको रुपमा पूजा गर्ने परम्परा छ । यस परम्परा अन्तर्गत बाघको प्रतिमा बनाई पूजा गर्ने र मारिएको दिन विशेष पूजा गरी मूर्तिलाई परिवारको सदस्यको रुपमा लिने गरेको पाइन्छ ।[५९] काठमाडौं उपत्यकामा प्रचलित देवदेवीको नृत्यमा पनि बाघ अर्थात व्याघ्रिणीलाई स्थान दिइएको छ । देवीगणको रुपमा रहेको व्याघ्रिणी (वघिनी)लाई मन्दिरको द्वारपालका साथै आजु अजिमा (भैरब भैरबी)को बालबच्चाको रुपमा पनि लिइन्छ ।[६०] काठमाडौं उपत्यकामा किर्तिपुर, चम्पादेवी, चापागाउँ, भक्तपुरको दरवार क्षेत्र र वाराहीस्थानमा बाघका मूर्ति पाइएको छ । भक्तपुर दरवार क्षेत्रमा बाघको प्रतिमूर्ति स्वरुप व्याघ्रिणीको मूर्तिलाई स्थान दिइएको छ । )

### ३.१.९ बाँदर

मानव पूर्खाको रुपमा लिइने बाँदर कलामा यदाकदा प्रयोग भएको पाइन्छ । ईशापूर्व ५०० देखि नै कलामा देखापरेको यो जीवलाई विशेष गरी हनुमानको रुपमा चित्रण गर्ने गर्दछन् । यसरी हनुमानको रुपमा लिने गरिएको बाँदरलाई निष्ठा, बलिष्ठ र समर्पणका प्रतीकका रुपमा लिइन्छ । यस्को निकटतम उदाहरण रामायण र महाभारतलाई लिन सकिन्छ । रामायणमा हनुमानलाई निकै बलशाली जनावरको रुपमा राखिएको पाइन्छ । रामायण अनुसार हनुमानको पुच्छर इन्द्रको

---

[58] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.* १४२

[59]पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० ।*पृ.* ४३८

[60] सुरेन्द्रमान श्रेष्ठ, **नेवा: छेँ** (नेवार घर) ,(यैं : रामभक्त भोमि, १११८) । *पृ.* ङ

ध्वजाजस्तो र आवाज वज्रको जस्तो तुलना गरिएको छ ।[६१] त्यसैगरी सोही ग्रन्थमा हनुमानलगायत अन्य बाँदरहरुको चर्चा गरिएको पाइन्छ । बाँदरहरुमध्ये बालीले आफ्नो पुच्छरमा रावणलाई बेरेर तीर्थयात्रा गरेका थिए । जसमध्ये महाभारतमा हनुमानलाई कदालो जंगलको संरक्षकको रुपमा समेत लिइन्छ ।[६२] महाभारतमा नै कृष्ण आरुढ रथमा बाँदर अंकित झण्डा समेत फहराइएको छ ।[६३]

बाँदर वा हनुमानलाई धार्मिक साहित्यहरुमा जनावरको रुपमा मात्र चित्रण गरिएको नभइ देवताको रुपमा समेत स्थान दिइएको पाइन्छ । कतिपय ग्रन्थमा शिवको अवतारको रुपमा राखिएको छ भने कतिपयमा भने विष्णुको रुपमा राखिएको पाइन्छ । शिव अवतारको रुपमा रहेको वाँदरले त्रिशुल र अक्षमाला धारण गरिन्छ । मुख र खुट्टा बाँदरको अन्य भाग मानिसको बनाइन्छ । यो जनावरको शरीरमा कम्मरवन्धले अड्याएको लंगौटी प्रयोग गरिन्छ । साथै खुट्टामा कल्ली, नाडीमा बाला कानमा कुण्डलको साथै घुँडामा घंगला र विष्णुले लगाउने वनमाला धारण गर्ने गरिन्छ । पौड्यालका अनुसार बाँदरलाई भैरबको रुपमा पनि लिइन्छ । यस्को नमूना भक्तपुर दरवार प्रांगणमा रहेको हनुमत्त भैरव हुन । उक्त बाँदरको वाहन नर रहेको छ ।[६४] यसैगरी वाँदरलाई विष्णुको अवतारको रुपमा ग्रहण गर्नेहरुले यो जनावरलाई कपिलको नामले पुकार्ने गर्दछन् । विष्णुको महाविष्णु स्वरुपमा रहेको चारमुखमध्ये एक मुख कपिल बाँदरको रहेको हुन्छ ।[६५] बाँदर वा हनुमानलाई चैत्र पूर्णिमाका दिन हनुमान जयन्तीको रुपमा मनाउने परम्परा रही आएको छ ।

---

[61] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. १३३
[62] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.*११४
[63] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ६१ । पृ १३२
[64] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.* ११६
[65] खनाल, पूर्ववत पादटिप्पणी संख्या ४५ । *पृ.* १३७

धेरै प्रजातिका बाँदरको चर्चा मध्ययुगको कलामा पनि पाइन्छ । विशेषगरी कल्चुरी राजाहरुको मुद्रामा हनुमान अंकित रहेको छ ।[६६] त्यसैगरी नरपति जयचर्या ग्रन्थमा हनुमानको मूर्ति बनाउने विधि उल्लेख गरिएको छ । उक्त ग्रन्थमा काठ वा धातुको हनुमान मूर्ति बनाइएमा रोग, अनिकाल, शत्रु, वज्र, बोक्सी, भूत, पिशाचको भय हट्ने उल्लेख छ ।[६७] त्यसैगरी अग्निपुराणमा पनि हनुमानको मूर्ति निर्माण विधि उल्लेख रहेको छ । त्यस ग्रन्थमा हनुमानको एक हातमा वज्र लिएका र उनको खुट्टा तल जमीन भास्सिएको देखाउनुपर्दछ भनी उल्लेख छ ।

रामका भक्तको रुपमा रहेका हनुमानको मूर्ति रामको नाइटो, छाती वा तिघ्राभन्दा अलिकति माथिसम्म पुग्ने गरेर बनाउनुपर्ने र सप्तताल नाप अनुसार ८४ लंगुर नापेर बनाउनुपर्ने, यसरी बनाइएको हनुमानको दायाँहात मुखनजिक र बायाँ हात घुँडासम्म लत्रेको हुनुपर्ने उल्लेख छ ।[६८] पुराणमा दुइ हातका मात्र हनुमानको चर्चा गरेपनि भक्तपुरको दरवार प्रांगण र कुमारीचोकमा दुईभन्दाबढी हातका हनुमान पाइएको छ । भक्तपुरको कुमारी चोकमा पश्चिम भित्तामा रहेको हनुमानको मूर्तिमा चार हात रहेको छ । डमरु, त्रिशुल, पात्र समातेको छ भने वरद मुद्रामा रहेको उक्त हनुमान फूलमाथि अलिड आसनमा उभिएका छन् ।[६९] अरुले गर्न सक्ने विगारलाई रोक्न द्वारको दाँया हनुमान राख्ने परम्परा अनुसार भक्तपुर दरवारमा पनि हनुमान राखिएको छ । यस दरवारसँगैको तलेजुमा र वैठकभित्रको चोकका देवीहरु सम्मुख बलि चढाउँदा रगतको लसपस होला भनी यीनलाई भैरवरुप बनाएको अनुमान हुनसक्ने अनुमान रहेको छ ।[७०] यसरी निर्मित हनुभैरवको एक टाउको रहेको छ भने ४ हात र दुई खुट्टा रहेको छ । नरवाहन ( गरुड) माथि रहेको उक्त मूर्तिको पादपिठमा भूपतिन्द्र मल्लको अभिलेख रहेको छ ।

---

66 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २७१
67 पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.* १११

68 पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.*११४
69 उही ।*पृ.*११६
70 जबरा, पौड्याल, पूर्ववत पादटिप्पणी संख्या १४ । *पृ.* १६१

बाल ब्रम्हाचारी, शास्त्रज्ञ, स्वामीभक्त र अष्टचिरञ्जीविको सूचीमा रहेको हनुमानबारे वैदिक साहित्यहरुमा पनि चर्चा गरिएको पाइएको छ ।[७१] ऋग्वेद अनुसार वृषकपि नामक बाँदरले इन्द्र र इन्द्राणीलाई पीडा पुऱ्याएको थिए ।[७२] बाँदरलाइ लिएर बौद्ध ग्रन्थहरुमा पनि चर्चा पाइन्छ । बुद्धधर्मसँग सम्वन्धित जातक अनुसार बुद्धले १८ पटकसम्म बाँदर भइ जन्म लिएका थिए । महाकपि जातक अनुसार बुद्ध बाँदरकुलमा राजाको रुपमा चित्रण गरिएको छ ।[७३]

### ३.१.१० **बोका**

मासुको लागि प्राचीनकालदेखि प्रयोग हुँदै आएको बोका नेपाली संस्कृतिमा विशेष महत्व रहेको छ । तर मूर्तिकलाको दृष्टिकोणबाट भने बोकाको कम मात्र मूर्ति पाइन्छ । भक्तपुर दरवारक्षेत्रमा मूलचोकभित्रको तलेजुको पछाडि रहेको सुवालघरमा रहेको दलिन अड्याइएको निडालमा बोकाको मूर्ति कुँडिएको छ । त्यसैगरी मूलचोकमा तलेजु मन्दिरको भित्तामा अग्निदेवताका साथमा बोकाको मूर्ति पाइएको छ भने अर्को एक मूर्तिमा वसाहाले बोका लखेटेको देखाइएको छ । उक्त क्षेत्रमा रहेको एक टुँडालमा बोकामाथि भैरबको मूर्ति राखिएको छ भने सुनधारामा बोकाको मुखबाट पानी बगेको देखाइएको छ । छागवलि दिंदा अनिवार्य रुपमा प्रयोग हुने बोकालाई भुइंमा नराखी अग्निकुण्डमा विभिन्न एघार टुक्रागरी होमिने गर्दछ । जुन अद्यापी काठमाडौंको पचलीभैरव स्थानमा आश्विनशुक्ल चतुर्थीको मध्यरातमा गरिन्छ । यसैगरी अन्य पूजामा पनि बोका बलि दिने गरिन्छ ।

ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा उल्लेखित बोकाको चर्चा आदित्यपुराणमा पनि गरिएको छ ।[७४] उक्त पुराण अनुसार दाऱ्ही, आँखीभुई, केश र आँखासमेत पँहेलो भएका अग्निको वाहनको समेत रुपमा लिइने बोका[७५] रजोगुण प्रधान मानिन्छ । यसैगरी

---

[71] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.* ११२

[72] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ १३२

[73] उही । पृ १३४

[74] त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

[75] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* ७

गौतम ऋषिकी पत्नी अहल्यासँग इन्द्रले अनुचित सम्वन्ध राखेको प्रसंगमा पनि बोकाको उल्लेख छ । इन्द्रले अहल्यासँग अनुचित सम्वन्ध राखेपछि गौतम ऋषिले इन्द्रको अण्डकोष झरोस भनी श्राप दिएका थिए । इन्द्र श्रापका कारण अण्डकोष विहीन भएपछि इन्द्रगणका अन्य सदस्यले बोकाको अण्डकोष हाली दिएका थिए ।[७६]

बोकाको प्रसंग दक्ष प्रजापतिसँगपनि रहेको छ । दक्षप्रजापतिले शिव र सतिलाई यज्ञमा आमन्त्रण नगरेपछि सतिले आत्मदाह पश्चात निम्तिएको विध्वंशमा दक्षको टाउको छेदन गरी बोकाको टाउको उल्टो दिशाबाट हाली दिएका थिए शिव गणले ।

बोकालाई लिएर ऋग्वेदमा पनि चर्चा गरिएको छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा विभिन्न पशुपन्छीको नाम उल्लेख गर्ने क्रममा बोकाको नाम उल्लेख गरिएको छ ।[७७] म्याकडोनलका अनुसार ऋग्वेदीय युगमा घोडाको स्थानमा बोकाको बलि दिइन्थ्यो । त्यसैगरी रोय (१९६३)ले महाभारतको पुराणयुगमा अश्वमेध यज्ञमा बोकाको बलि अनिवार्य रहेको उल्लेख गरिएको छ ।[७८] घरपालुवा जनावरको रुपमा रहेको बोका पाल्ने सन्दर्भमा ऋग्वेदमा पनि उल्लेख रहेको छ । ऋग्वेद अनुसार वैदिक गृहस्थहरु प्राय: गाई, भेडा र बोका पाल्ने गर्थे । त्यसबेलाका बोका निकै ठूला थिए । किनभने बोकाले नै रथपनि तान्थे । (ऋ १.१३८)[७९]

### ३.१.११ भेडा

भेडा र बोका एउटै प्रजातिका भएपनि दुई छुट्टा छुट्टै जनावर हो । भेडालाई शास्त्रमा बोकासँग नै तुलना गरिएको पाइन्छ । विशेष गरी ऊनी सामानको लागि प्रयोग हुने भेडालाई

---

76 पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.* १६१

77 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

78 Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. १०९

79 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

अग्नि तथा मत्स्य पुराणमा अग्निदेवताको वाहनको रुपमा लिइएको छ ।[८०] भेडाको मूर्तिपनि कम मात्रामा रहेको छ । भेडा र बोकाका मूर्ति भक्तपुर दरवारभित्रको सुनधारा, जऱ्हंचोक, सदाशिव चोक, तलेजु मन्दिरको तोरण, चांगुनारायणको टुँडाल, राजराजेश्वरीको टुँडालमा र भारतको चिदम्बरममा यस्को मूर्ति पाइएको छ भने जयवागेश्वरीमा बोक्सीले आफ्नो पतिलाई बलिका लागि बोका बनाएर लगीरहेको दृष्य छ । ऋग्वेदमा यो जनावरलाई शवक्रियामा महत्वपूर्ण स्थान रहेको देखाइएको छ । प्रेतको मार्गदर्शकको रुपमा लिइएको भेडालाई पूषाको प्रतिनिधिपनि भनिन्छ ।[८१] यो जीवको चर्चा ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा गरिएको छ ।[८२]

### ३.१.१२ **मुसा**

विघ्नान्तक गणेशको वाहन मुसालाईपनि विघ्नहर्ता भनिन्छ । विश्वको सबैजसो भूभागमा पाइने मुसाले जस्तो सुकै सानो प्वाल वा प्वाल पारेर छिर्न सक्ने क्षमता भएकोले नै यसलाईपनि विघ्नहर्ता भनिएको हुनसक्ने आधार धेरै छ । शक्तिको प्रतिकको रुपमा लिइएको मुसालाई बढी परिश्रम गरी खाद्य संचय गर्ने जनावरको रुपमा लिइन्छ । भक्तपुर दरवारभित्रको अत्याकर्षक चोक भैरवचोक र कुमारी चोकमा रहेको गणेशको मूर्तिमा मुसालाई स्थान दिइएको छ भने लायकू हितिमा पनि यो जीवलाई स्थान दिइएको छ । प्राचीनकालदेखि नै खेतीयोग्य जमीन खनेर वा अन्न खाएर हैरान गर्दै आएका कारण मनुस्मृतिमा मनुले राजालाई मुसा छिर्ने महिदुर्ग चयन नगर्न राय दिएका छन् ।[८३] धतुपथम उल्लेख गरिए अनुसार मुसाको अर्थ चोरी पनि रहेको छ । मुसाले पनि चोरी गरेर आनन्द प्राप्त गर्ने गर्छ । मुसाको स्थान हिन्दु धर्म बाहेक बौद्ध धर्ममा पनि रहेको छ । यो जनावर गणेशसँगमात्र आउने भएकोले अधिकांश गणेशको मूर्ति वा गणेशमन्दिर अगाडि यो जनावरलाई राख्ने गरिन्छ । यो जनावरको चिनीयाहरुले पनि विशेष स्थान दिइएको छ । चिनीया

---

[80] उपाध्याय, पूर्ववत पादटिप्पणी  संख्या ५ । पृ. २७३

[81] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* १५

[82] त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

[83] Majpuria, पूर्ववत पादटिप्पणी ३ । पृ. १५७

वर्षमा मुसा वर्षमा जन्मिनेहरु निकै सहयोगी, उत्पादनशीलता, महत्वाकांक्ष हुने हुन्छ भन्ने छ । भारतमा पनि कर्णिमाता मन्दिरमा मुसालाई विशेष सम्मानका साथ पूजा गर्ने र खाना खुवाउने गरिन्छ ।

### ३.१.१३ **राँगा**

मूर्तिकलाको दृष्टिले तुलनात्मक रुपमा सबैभन्दा बढी मूर्ति राँगाको पाइन्छ । शाक्तमतको प्रसारले पनि राँगाको मूर्ति बढीमात्रमा पाइएको मान्न सकिन्छ ।

दुर्गा सप्तशतीमा महिषमर्दिनी (दुर्गा) र राँगोको रुप लिएको महिषासुरको बीच भएको संग्राममा दुर्गाले त्रिशुलले राँगोको शीर छेदन गरीदिएका थिए । सोही आधारमा अधिकांश मूर्तिहरुमा त्रिशुलद्वारा राँगाको शीर छेदन गरिएको पाइन्छ ।[८४] नेपाली मूर्तिहरुमा भने धेरै अगाडिदेखि नै प्रारम्भ भएको मान्न सकिन्छ । हाँडीगाउँ धनगणेशस्थानमा प्राप्त एक मूर्तिमा पनि दुर्गाले राँगोमाथि प्रहार गरीएको देखाइएको छ । यसबाहेक राँगोलाई यमराजको वाहनको रुपमा पनि लिइन्छ । राँगोलाई अज्ञानको प्रतीकपनि मानिन्छ ।[८५]

दुध र मासुका लागि पाल्ने गरिएको राँगो  मूर्तिहरुमा पशु रुप र मानिस स्वरुपमा मूर्ति निर्माण गर्ने पद्धति रहेको छ ।[८६] यस बाहेक यो जनावरलाई शाक्तमतकी एक देवी  वाराहीको वाहनको रुपमा पनि लिने गरिन्छ । काठमाडौं उपत्यकामा दशैंको अवसरमा तलेजु मूलचोक लगायतका अन्य स्थान र अन्य विशेष अवसरहरुमा हुने तान्त्रिक पूजाहरुमा राँगा बलि दिइन्छ । कतिपय अवस्थामा प्रतीकात्मक रुपमा पनि उपयोग गर्ने गरिन्छ । तान्त्रिक पूजासँगै देवदवीसमक्ष अपर्ण गरिने समय्मा भटमासलाई राँगोको रुपमा लिने गरिन्छ । काठमाडौं उपत्यकामध्ये भक्तपुरमा राँगालाई विशेष स्थान दिइएको छ । दशैंको अवसरमा बलि दिनका लागि तयार गरिएको ख:मेय् (दशैंको नवमीका दिन नवदुर्गासमक्ष दिइने राँगो बलि)को जात्रासमेत गर्ने गरिन्छ ।

---

84 लैनसिंह वाङदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास** , (काठमाडौं : नेराप्रप्र,२०३९,)  *पृ.* ६०

85 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* १३३

86  उही । *पृ.* २७३

यसदिन आषाढकृष्ण अष्टमीदेखि बन्द कोठामा पालिएको राँगालाई जाँडरक्सी खुवाई एक्कासी खुल्ला एवं उज्यालो स्थानमा छोडेर ब्रम्हायणीस्थित नवदुर्गाको मुखुण्डो राखिएको स्थानमा लगि बलि दिइन्छ । यसरी बलि दिन लगिने राँगोलाई तर्साउने र अबीर दलेर जात्रा गर्ने गरिन्छ । यसैगरी भक्तपुरको तलेजु प्रांगणमा बलि दिइने राँगोकोपनि विशेष यात्रा गर्ने गरिन्छ । तलेजु प्रागंणमा बलि दिनका लागि ल्याइने १२ राँगालाई व्यासीथु, किगथु, तमारीथु, थुगचोथु, लैसाथु विसूतथू, किपलथु, क्वाछेथु, जेलाथु, झत्तप्वालथु, च्छूमोतथु, ञलाछेथु, इताछेथु, तलमढेथु भनी भक्तपुरका प्रमुख टोलहरुको नामले नामाकरण गर्ने गरिन्छ भने निकुथु (प्रमुख एवं ३२ लक्षण युक्त राँगोलाई बलि दिनुपूर्व हनुमानघाटमा लगी स्नान गराइन्छ र दीपयात्रा समेत गर्ने गर्दछ) राँगालाई लिएर बौद्ध ग्रन्थहरुमासमेत स्थान रहेको पाइन्छ । बौद्धहरुले राँगालाई महिषसम्वर देवताको रुपमा पूजा गर्ने गर्दछ । त्यसैगरी यमान्तक भैरबको रुपमा समेत पूजिन राँगाबारे महिषजातकमा पनि उल्लेख गरिएको छ । उक्त जातक अनुसार राँगारुपी बोधिसत्वको सिङ फुकेर मृतकको आत्माशान्ति गर्ने पद्धति ललितपुरमा रही आएको छ । जुन गुंला महिनामा हुने गर्दछ । भक्तपुर दरवार क्षेत्रभित्र रहेका अधिकांश राँगाका मूर्तिहरु महिषमर्दिनीद्वारा बध गरिएको मूर्ति देखाइएको छ । श्रीपद्म माविको द्वारमा रहेको महिषमर्दिनी भगवतिको मूर्तिमा बध गरीसकेको राँगाको मूर्ति पाइएको छ । देवीले वध गरेपछिको राँगाको टाउको भुँइमा झरीसकेको र पुच्छर भने देवीको हातले समातेको देखाइएको छ । त्यसैगरी भैरवचोकमा रहेको भैरव, वाराही र वत्सलामन्दिरमा रहेको वाराहीले राँगा टेकेको देखाइएको छ । राँगाको मूर्ति खोज्नेक्रममा तलेजु मन्दिर प्रवेशद्वारको दाँया, तोरण र टुँडालमा पनि राँगाका मूर्ति पाइएको छ ।

### ३.१.१४ **वनेल**

हिन्दू धर्मशास्त्र अनुसार विष्णुको अंश अवतार मानिने वनेललाई घरेलु र जंगली जनावरको रुपमा राखिएको छ । एउटै प्रजातिका भएपनि घरपालुवालाई सुँगुर र जंगलीलाई वनेलको रुपमा चिनिन्छ । विष्णुको तेस्रो अवतारको रुपमा लिइने बनेल हिन्दू धर्म शास्त्रमा महत्वपूर्ण स्थान छ । जनावरमध्ये होचो कदको भएपनि निकै बलियो र बाघसँग जोरी खोज्ने बनेललाई ऋग्वेदमा इमुषाको नामले चिनिन्छ । खेतखन्न सिकाउने कृषकको साथीको रुपमा समेत

रहेको वनेलको चर्चा महाभारतमा समेत रहेको छ । महाभारतमा अर्जुन र बनेलबीचको युद्ध भएको प्रशंग महाभारतमा रहेको छ । वनेललाई लिएर हिन्दू धर्ममा विशेष स्थान रहेको छ । अवतारवादमा हिरण्याक्षको बध गर्न विष्णुले वराह अवतार धारण गरेका थिए । हिरण्याक्षले पृथ्वीलाई जलमा डुबाउनुका साथै वेदको चोरी गरेपछि त्यसको उद्धारका लागि विष्णुले वराह रुप धारण गरेको धार्मिक मान्यता छ । उक्त अवतार अन्तर्गतको वराह रुप बनाउन टाउको वनेलको शरीर मानिसको बनाउनुपर्ने विधान रहेको छ । शतपथ व्राम्हणमा पनि पृथ्वी र वेदको उद्धार गर्ने वनेलको नाम इमुषा भनी राखिएको छ । विष्णुको अंश अवतार वाहेक महाविष्णुको मूर्तिमा प्रद्युम्नको रुपको वनेललाई स्थान दिइएको पाइन्छ । भक्तपुरमा वनेलसँग सम्वन्धित केही मूर्तिहरू महत्वपूर्ण रहेको छ । जसमध्ये भक्तपुर दरवार क्षेत्रभित्रको भैरव चोकमा स्थापित वाराही मूर्ति एक हो । मूर्तिकलाको दृष्टिकोणले सुन्दर र वनेल जस्तै वलिष्ठ देखिने यो मूर्ति आकर्षक देखिन्छ । यसबाहेक वत्सलामन्दिरको वाराहीको मूर्ति पनि सजीव रहेको छ । भक्तपुरको सिद्धपोखरीमा रहेको वराह मूर्ति भने निकै पुरानो रहेको छ । वनेललाई विष्णुको अंश अवतारको रुपमा मात्र लिएको नभई तन्त्रवादको विकाससँगै देवदेवीको रुपमा समेत लिइएको छ । त्यसमाथि उपत्यका शाक्तमतले निकै अगाडि रहेकोले अष्टमातृका अन्तर्गतको एक देवी समेत वाराही रहेको छ ।

वराह मतलाई लिएर अध्ययन गर्ने क्रममा वैदिक र प्राग्वैदिक कालदेखि नै यस्को विकास भएको पाइन्छ । रुद्रलाई आकाशको बनेलको रुपमा लिइन्छ भने वराहलाई वादलसँगको सम्वन्ध देखाइएको छ । वाङदेलको अनुसार व्राम्हण साहित्यमा भने वराह र पृथ्वीलाई परिपूरकको रुपमा लिइन्छ ।[८७] पृथ्वीलाई हात वा काँध वा थुतुनामा बोकेर हिंड्ने वराहलाई प्रजननशीलतासँग जोडेर हेर्ने गरिन्छ । वराह अवतार गुप्तकालदेखि नै चर्चा परिचर्चा भएको पाइन्छ । उत्तर भारतमा वराहको ठूलो संख्यामा वराहको मूर्तिहरू गुप्तकालमा बनाइएको पाइएको छ । ती मध्ये सबैभन्दा प्रसिद्ध उदयगिरीको विशाल वराहको मूर्ति हो । भारतभर यो जति भव्य मूर्ति अन्यत्र पाइन्न । काठमाडौंको सर्वप्राचीन मूर्ति मध्ये वराह मूर्तिपनि एक हो । धुम्वाराहीको वराह मूर्ति अनुपात मिलेको मूर्तिको सूचीमा रहेको मानिन्छ । वराहलाई विशेष गरी दुई प्रकारले व्याख्या गर्ने गरेको

[87] वाङदेल, पूर्ववत पादटिप्पणी संख्या ८४ । *पृ.* ११८

छ । १) जनावरको रुपमा २) मिश्रीत रुपमा जनावरको रुपमा रहेको वनेललाई चारखुट्टे जनावर बाहेक अन्य कुनैपनि रुपमा दर्शाइएको छैन भने मिश्रीतमा भने वनेललाई टाउको वनेलको र शरीर मानिसको बनाइएको पाइएको छ । यस्तो मूर्तिलाई वराह अवतारमा रुपान्तरित गरिएको छ । वास्तवमा भन्ने हो भने वराह तीन किसिमको रहेको पाइएको छ । १) नृवराह - शक्ति सहितको वराह अवतार २) यज्ञ वराह (वराह रुपी विष्णु सिंहासनरुढ भइ दाँयावाँया भूदेवी र लक्ष्मीदेवी रहेको हुनुपर्छ र ३) प्रलय वराह (ललितासनमा बसेको यो वराह भूदेवीसँग बसेको हुनुपर्ने शास्त्रिय विधान रहेको छ । वनेलको उल्लेख अर्थववेदमा गरिएको छ भने[८८] तैतरिय संहितामा वनेलले नै पानीमा डुबेको पृथ्वीको उद्धार गरेको प्रसंग उल्लेख छ ।

विष्णुको दसअवतारमध्येको तेस्रो अवतारको रुपमा रहेको यो वनेल लिनु परेको बारे भागवत पुराणमा एक विशेष प्रसंग नै रहेको छ । जय र विजय नाम गरेका विष्णुका द्वारपाल सनतकुमार ऋषिको श्रापबाट विष्णुलोकबाट च्यूट भएर दैत्ययोनीमा जन्म भए । ती दुई मध्ये एक हिरण्याक्षको रुपमा जन्मिन पुग्यो । जसले पृथ्वीमाथि अधिकार जमाएर रसातलमा लुकाएर राखेका थिए । वनेलसँग जोडिएको वराहलाई लिएर वैष्णव सम्प्रदायमा वराह संहिता भन्ने अलग प्राचीन ग्रन्थ समेत रहेको छ ।

यसैगरी पूर्व जन्ममा विश्वास राख्नेहरुले सुँगुर अर्थात वनेललाई आफ्नो पितापूर्खाको रुपमा लिने गरिन्छ ।[८९] जनावरमध्ये फोहरी जनावरको रुपमा लिइने सुँगुर अर्थात वनेललाई शास्त्रमा भने पवित्र जनावरको कोटीमा राखिएको छ । सुँगुरलाई लिएर ऋग्वेदमा पनि चर्चा गरेको पाइन्छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा सुँगुर (वराह)को नाम उल्लेख रहेको छ ।[९०] त्यसैगरी भागवत पुराणमा सुँगुरलाई नै यज्ञको रुपमा चित्रण गरिएको छ ।

---

[88] P Pal. and Bhattacharya, D.C, **The Astral divinity of Nepal** , (Vanarasi; prithivi prakashan, 1969)p.26

[89] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ ।*पृ.* ४१

[90] त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

*'छन्दांसि यस्य त्वचि वर्हि रोमस्याज्यंद्दशित्वं घ्रिषु चातु होत्रम्'* अर्थात्, सुँगुर यज्ञको रुप हो । गायत्री उसको छाला हो, कुश सुँगुरको रौं हो, आँखा घ्यू, चारखुट्टा यज्ञमा बस्ने चार ऋत्विज (?) हुन् ।[९१]

यसैगरी पद्मपुराणमा पनि सुँगुरलाई पवित्र जनावरको कोटीमा राखेको पाइएको छ ।

*अग्नि जिह्वा दर्भ लोमा ब्रह्मशीर्षा महातपः।* अर्थात्, जिब्रो अग्नि हो, रौं कुश हो भने शिर ब्रह्म हुन् । निश्चय नै सुँगुर निकै उपकारी छ ।

शतपथ ब्राम्हणमा सुँगुर भनेको यज्ञ र यज्ञ भनेको विष्णु भनी सुँगुर र विष्णुलाई पर्यायवाचीको रुपमा लिइएको छ ।[९२]भक्तपुर दरवारमा वनेल वा वनेलसँग सम्बन्धित मूर्ति विभिन्न स्थानमा पाइएको छ । भक्तपुर संग्रहालयमा संग्रहित शक्तिसहितको भैरव मूर्तिको फलकमा पानीमा माछा, कछुवा, सर्प, गोही र वनेल पौडी खेलीरहेको दृष्य रहेको छ ।

कुमारीचोकको पंचमुखी हनुमानको बाँया टाउको सुँगुरको रहेको छ भने भैरवचोक र वत्सलामन्दिरमा वाराहीको मूर्ति रहेको छ भने सुनधारामा समेत वनेललाई देखाइएको छ । तलेजु मूलचोक, हाडाआगमस्थित टुँडालमा पनि वनेलसँग सम्वन्धित वराहको मूर्ति पाइएको छ । कुमारी चोकको एक मूर्तिमा देवताले सुँगुरलाई टेकेको देखाइएको छ । आलिढासन मुद्रामा उभिएका देवताले सुँगुरमाथि टेकेको छ भने देवतासँग रहेकी शक्तिको बाँया पाउ मयुरमाथि टेकेकी छिन् । त्यसैगरी सोही चोकको अर्को एक मूर्तिमा भने आलिढासन मुद्रामा रहेको पुरुष देवताले सर्प र साँढेमाथि टेकेको छ भने उक्त देवताका शक्ति अर्थात स्त्री मूर्तिको टाउको भने सुँगुरको रहेको छ ।

### ३.१.१५ स्याल / ब्वाँसो

जंगली एवं हिंश्रक जनावरको सूचिमा रहेको स्याल र ब्वाँसोलाई सांस्कृतिक रुपमा एकै स्थानमा राखिएको पाइन्छ । स्याल र ब्वाँसोको आकृति एउटै प्रकारको देखिएकोले पनि एउटै सूचिमा राखिएको हुनसक्छ । सामान्य रुपमा हेर्दा खेरी कुकुर जस्तो देखिने यी जन्तु कराएको खण्डमा अपशकुन लाग्छ भन्ने धारणा छ । विशेषगरी मसानघाट आसपास, सिनो फालिने ठाउँमा

---

91 जैन, पूर्ववत पादटिप्पणी संख्या १२ ।पृ.४२

92 उही । पृ.४२

बस्ने यो जनावर कराएको खण्डमा सिंङ उम्रिन्छ भन्ने एउटा अन्धविश्वास प्रवल छ । यो जनावर भैरव परिवार वा नृत्येश्वरको आसपास मानव खुट्टा वा हात बोकेर हिंडीरहेको देखाइन्छ । कम मात्रामा भेटिने स्याल वा ब्वाँसोको मूर्ति पाटनको सुन्दरीचोकमा पनि पाइएको छ । तीब्र गतिमा दौडिन सक्ने (१६ घन्टा प्रति किलोमिटर) क्षमताको यो जनावरलाई प्राचीन इजिप्टमा अनुविस देवताको रुपमा पूजिन्छ । यो देवताको टाउकोमात्र स्यालको रहेको हुन्छ ।[९३] स्यालको मूर्ति भक्तपुर दरवारक्षेत्रभित्र भैरवचोकमा भैरवको वाहनको रुपमा पाइनुका साथै कुमारीचोकस्थित पंचमुखी हनुमानको दाँया टाउको स्यालको रहेको छ ।

### ३.१.१६ सिंह

जंगलको राजाको रुपमा मानिने सिंह हिन्दू तथा बौद्ध धर्ममा विशिष्ट स्थान रही आएको छ । जनावर मध्ये सबैभन्दा हिंश्रक भएपनि धार्मिक रुपमा सिंहलाई प्रयोग गरिंदै आएको छ । भगवान विष्णुको अंश अवतारको रुपमा रहेको सिंहको धार्मिक वा अन्य रुपमा प्रयोग कुन समयदेखि भयो भनी यकीनका साथ भन्न नसकिएपनि पूर्वीय सभ्यतामा हडप्पामा प्राप्त टेराकोटालाई नै प्रामाणिक रुपमा सबैभन्दा पहिलो प्रयोगको रुपमा लिन सकिन्छ । हडप्पामा प्राप्त टेराकोटामा दुई टाउके सिंहको मूर्ति पाइएको थियो ।[९४] त्यसपछिको सभ्यताको विकासक्रममा भने सिंहको प्रयोग बढीमात्रामा भएको पाउँछौं । ईपू तेस्रो शताव्दीका सम्राट अशोकले सारनाथमा स्थापना गरेको अशोक स्तम्भ यस्को ज्वलन्त उदाहरण हुन । यसमा सिंहको मूर्ति कुँडिएको छ । प्राकृतिक रुपमा पर्न सक्ने वज्र वा चट्याङबाट जोगिनका लागि पनि नृसिंहलाई द्वारको नजिक स्थापित गर्ने परम्परा नेपाली वास्तुविधानमा रहेको छ ।[९५]

भगवान विष्णुको चारौं अंश अवतार र शिवसँगपनि सम्वन्ध रहेको सिंह तान्त्रिक मतको विकाससँगै भएको पाउँछौं । शाक्तमतको प्रमुखदेवी दुर्गाको वाहनको रुपमा शक्तिशाली सिंहले स्थान पाएपछि विभिन्न मठमन्दिरमा द्वारपालको रुपमा राख्ने प्रचलनले स्थान पाएको देखिन्छ ।

[93] www.wikipedia.org

[94] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. ११५

[95] जबरा, पूर्ववत पादटिप्पणी संख्या १४ । *पृ.* १६१

विक्रमसंवतको प्रारम्भकालतिरको तान्त्रिक देवी नृत्य हरसिद्धि, मल्लकालीन नवदुर्गा, सिकाली, पचली भैरव, भद्रकाली नृत्यमा समेत सिंह रुपी सिंघिनीको स्थान रहेको छ । यस बाहेक भगवान विष्णुको महाविष्णु मूर्तिमा पनि सिंहलाई संकर्षणको रुपमा लिइन्छ ।

विश्वविजेता वा चक्रवर्तिसँग सम्वन्धित वा अंध्यारो हटाउने प्रतिकको रुपमा स्थान दिइएको सिंहलाई पंचनामाको रुपमा पनि लिइन्छ । पंचनामा अन्तर्गत पाँच अनुहारमा हावा, आगो, पानी, आकास र पृथ्वी तत्वको संयुक्त रुपमा रहेको सिंहलाई भूतपतिको सेवक वा शिव सेवकपनि भनिन्छ । सिंहलाई लिएर शास्त्रिय विवेचना गर्ने क्रममा ऋग्वेदमा यस्को नाम उल्लेख रहेको छ । ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा सिंहको नाम उल्लेख रहेको छ ।[९६] त्यसैगरी शतपथ ब्राम्हण ग्रन्थमा यस जनावरलाई शक्तिको प्रतीक मानिएको छ ।[९७] यस बाहेक बाल्मिकी रामायणको किष्किन्धाकाण्डमा पखेटायुक्त सिंहको उल्लेख पाइन्छ ।[९८]

वैष्णव सम्प्रदायले सिंहलाई नै विष्णुको अवतार समेत मान्ने गर्दछन् । प्रल्हादका पिता हिरण्यकश्यपुको ज्यादतीको अन्त्यका लागि विष्णुले नृसिंहले रुप धारण गरेका थिए । देवता, मानव र पशुबाट मृत्यु नहुने वर पाएका हिरण्यकश्यपुलाई नर र सिंहको मिश्रीत स्वरुप नृसिंहले बध गरेपछि आफू निकै बलशाली भनी उदण्ड हुन पुगेपछि शिवले नै नियन्त्रणमा लिएको कथा रहेको छ । कथा अनुसार उदण्ड नृसिंहलाई शान्त गर्न शिवले आठखुट्टे शरभ (आधा चरा र आधा सिंह) रुप धारण गरी नृसिंहलाई झ्यांगलझुंगल गरी शान्त बनाएका थिए ।[९९]

बुद्धधर्ममा पनि विशिष्ट स्थान रहेको सिंहलाई शाक्यमुनि बुद्धसँगपनि जोडेर व्याख्या गर्ने गरेको पाइन्छ । सर्वश्रेष्ठ सिंहको नाम जोडेर बुद्धलाई शाक्यसिंह पनि भनिन्छ ।[१००] साथै सिंहलाई

---

96 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

97 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २६७

98 खनाल, पूर्ववत पादटिप्पणी संख्या ४५ । *पृ.* ५१

99 जबरा, पूर्ववत पादटिप्पणी संख्या १४ । *पृ.* ११४

100 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ ।*पृ.*२६७

रत्नसंभव बुद्धको बाहनपनि मानिन्छ । साथै यो जनावरलाई दुर्गा वा पार्वतीको वाहनको रुपमा मात्र सिंहलाई लिने गरेता पनि कालो सिंहलाई राहुको वाहनको रुपमा लिइन्छ ।

यसरी धार्मिक एवं सांस्कृतिक रुपमा वैशिष्ठ स्थान प्राप्त सिंहलाई लिएर पछिल्ला कालमा मुद्रामा पनि स्थान दिइएको छ । ईपू चौथो शताव्दी तिरको चन्द्र गुप्तको मुद्रामा सिंहलाई वाणले हानेर मारेको दृष्य रहेको छ । लिच्छवीकालीन मुद्रामा फूल उठाएको सिंह र मल्लकालीन जयप्रकाश मल्ल र सिद्धिनरसिंह मल्लको मुद्रामा पनि सिंह उत्कीर्ण छ ।[१०१] भक्तपुर दरवारपरिसरमा पनि यो जनावरको मूर्ति उल्लेखनीय रुपमा पाइन्छ । मन्दिरको सिँढी, छाना वा देवीको वाहन देखि नृसिंहको रुपमा समेत सिंहको मूर्ति बनाइएको पाइन्छ ।

### ३.१.१७ हात्ती

प्राणी जगतमा सबैभन्दा विशालकाय जीव हात्ती आदिमकालदेखि निकै प्रयोगमा आएको जीवमध्ये एक रहि आएको छ । शुरु शुरुमा हस्तिहाडका लागि प्रसिद्ध रहेको हात्तीको विशालतम शरीर र वलशाली भएकैले विस्तारै रणभूमिमा समेत यस्को प्रयोगमा व्यापकता पाउन थालेको पाइन्छ । कतिपयले भारी बोक्ने लगायतका अत्याधिक बल प्रयोग गर्नुपर्ने कामका लागि हात्ती पाल्ने गरेको पाइन्छ । यसैको निरन्तरता नै मल्लकालमा तत्कालिन राजाहरू विभिन्न जंगलमा गई हात्ती पक्रिन गएको आधार लिन सकिन्छ । तराईको चारकोसे झाडीबाट १२ हात्ती पक्रिएर ल्याएकोले महेन्द्र मल्लले आफ्नो नाम अगाडि ‘गजपति महेन्द्र’ भनी थपेका थिए । त्यसैगरी भूपतिन्द्र मल्लले नेसं ८२१ मा मकवानपुर (मोकांपुर)सम्म गएर हात्ती समात्न (खेड्न) गएको इतिहास पनि छ ।[१०२]

इन्द्रको वाहनको रुपमा लिंदै आएपनि हात्तीलाई शास्त्रीय मान्यता अनुसार दिग्पाल वा द्वारपालको रुपमा लिएको पाइन्छ । इरावती पुत्र (इरा - पानी वा पिउन योग्य पदार्थ वा आकाशगंगा)को पुत्रको रुपमा हात्तीलाई लिइएकोले[१०३] हात्तीलाई वर्षाको देवताको रुपमा पनि

---

[101] जोशी, पूर्ववत पादटिप्पणी संख्या २३ । पृ. .

[102] रास जोशीको संकलनमा रहेको हस्तलिखित ग्रन्थ

[103] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ ९७

लिइन्छ । एकातर्फ हात्तीका स्वामी इन्द्र स्वयम वर्षासँग सम्वन्धित रहेको र अर्कोतर्फ वादलमा हिंडीरहेको हात्ती श्रीगजलाई जलसँग सम्वन्धित रहेकोले यी दुईबीच सामिप्यता पनि रहेको छ । त्यसमाथि यस जनावरलाई नाग समेत भनिएको छ ।[१०४] साथै वैदिक साहित्यको श्री सुक्तमा सौन्दर्य र समृद्धिकी देवी श्रीलक्ष्मीलाई लिइएपनि त्यसका हात्तीद्वारा अभिषित हुनुपर्ने अर्थात गजलक्ष्मी हुनुपर्ने आधारमा पनि यस्को महत्व प्राचीनकालदेखि रही आएको छ ।[१०५] कतिपय धर्मशास्त्रमा अदितिकी ८ सन्तानमध्येकि एक, नाक लामो भएको र स्वर्गबाट मर्त्यमा झरेको प्राणीको रुपमा हात्तीलाई लिइएको छ । कतिपयले शिवको प्रतिकको रुपमा पनि पूजिने गरेकोले हात्तीलाई मातंक देवतापनि भनिन्छ । विश्वलाई नै संचालन गर्ने शक्तिका देवता हात्ती मातंग शिव र पार्वती पहाडमा रमाउन जानका लागि लिएको पशुरुपको चित्रण गरिन्छ भने धोईलाई मातंगी (पार्वतीको रुप) लिइन्छ । सोही मातंग र मातंगीको सम्पर्कबाट जन्मिन पुगेकोले नै हात्तीरुपी गणेश श्रृष्टि भएको धारणा पनि छ ।[१०६] हात्ती टाउके गणेशको उत्पत्ति बारे अझै धेरै मिथकहरू पाइन्छ ।

उमामहेश्वरको मूर्ति फलकमा अनिवार्य रुपमा राखिनुपर्ने हात्तीलाई हिरण्यगर्भको सुनौलो अण्डाबाट जन्मलिएको पनि भनिन्छ ।[१०७] यसलाई धेरैले ऐरावत हात्तीको प्रतिनिधित्व गराउने गर्छन् । विष्णु धर्मोत्तरग्रन्थ अनुसार भने ऐरावत हात्ती हुनका लागि चारवटा दन्त निस्किएको हुनुपर्छ । (५०/२-३) समुन्द्रमन्थनबाट निस्किएको हात्ती ऐरावतको पत्नी धोइलाई अभ्रायु नामले चिनिन्छ । वलशाली भएकोले इन्द्रले वाहन स्वरुप ग्रहण गरेको उक्त हात्तीलाई पान्दुरा टुरागा भनि चिनिन्छ । [१०८]हिन्दू धर्ममा हात्तीलाई इन्द्र, महादेव वा अन्य देवतासँग सामिप्यता राखेर हेरेपनि कतिपय साहित्यमा भने शिवले बध गरेको हात्तीको नाम गजासुर दिइएको छ । कथा अनुसार

---

[104] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३, पृ ९८
[105] खनाल, पूर्ववत पादटिप्पणी संख्या ४५ । *पृ.* ४९
[106] Majpuria,पूर्ववत पादटिप्पणी संख्या ३ । पृ ९८
[107] उही । पृ ९६
[108] Pal & Bhattacharya, पूर्ववत पादटिप्पणी संख्या ८८ । पृ. २४

काशीका एक व्राम्हण कृतिवाशेश्वर लिंगको पूजा गरीरहेको समयमा गज रुपी असुरले दुःख दिएपछि शिवले नै गजासुरको बध गरी छाला काढी ओढेका थिए ।[१०९] यसबाहेक कतिपय शिवको अघोर रुपी भैरवको मूर्तिमासमेत गजको छाला ओढेको पाइन्छ ।[११०]साथै, महालक्ष्मीले पनि हात्ती छाला ओढ्ने गरिन्छ । यसबाहेक बौद्ध दर्शनमा समेत हात्तीको स्थान रहेको छ । बौद्ध धर्ममा अक्षोभ्य, समन्तभद्र र कुवेरका वाहनको रुपमा समेत हात्तीलाई लिइएको छ । त्यस बाहेक देवदत्तले बुद्धको हत्या गर्न नालागिरीमा बहुला हात्ती पठाएको तर उक्त हात्तीले बुद्धलाई भने केही नगरेको कथा छ । धार्मिक एवं सांस्कृतिक महत्व रहेको हात्तीको प्रयोग विभिन्न मुद्राहरूमा पनि गरेको पाइन्छ । भारतको कौशाम्वी, पांचाल र उज्जैन र अयोध्याको सिक्कामा लक्ष्मीसँगै हात्ती अंकित गरिएको छ ।[१११] यसबाहेक नेपालमा लिच्छविराजा गुणदेवलेपनि मुद्रामा हात्ती अंकित गरेका थिए ।[११२] साथै चन्द्र मघा नक्षत्रमा र सूर्य हस्त नक्षत्रमा भएको बेला (आश्विन कृष्ण १३) लाई गजच्छाया योगपनि भनिन्छ । यसदिन श्राद्धका लागि पुण्य तिथि मानि आएको छ । यसबाहेक वराह पुराण अनुसार चन्द्र र सूर्यग्रहणकाललाई पनि यहि नामले पुकारिन्छ । त्यसैले यी कालमा पवित्र नदी पोखरीमा गर्न पूजापाठ गर्नेहरूको ठूलो भीड लाग्छ । आश्विन पूर्णिमाका मध्यदिनमा हात्तीको अगाडि दियो बगाउने परम्परा समेत रहेको छ । गजनीराजनाविधि भनिने यो कार्यले राजाको लागि शुभ हुन्छ भन्ने छ । यसदिन सुख समृद्धिका लागि गज पूजा गरिन्छ ।[११३] साथै हात्तीको विविध महत्व रहेकोले गज चिकित्सा समेत प्रयोगमा रही आएको छ । मूर्तिकलाको सन्दर्भमा भक्तपुर दरवार क्षेत्रभित्रको कुमारीचोकमा रहेको इन्द्रायणीका साथै अन्य देवदेवीहरु हात्तीमाथि बसेको देखाइएको छ । यसबाहेक गणेशका मूर्ति भैरवचोक लगायतका विभिन्न स्थानमा पाइन्छ भने तलेजु प्रवेशद्वार, मूलचोकमा रहेको टुँडालहरुमा पनि यो जीवको मूर्ति पाइन्छ । दरवार क्षेत्रमा रहेको

---

[109] वृजभूषण श्रीवास्तव, **प्राचीन भारतीय प्रतिमा विज्ञान एवं मूर्तिकला** ,(वाराणसी : विश्वविद्यालय प्रकाशन, १९९८) *पृ.*८१

[110] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.*२६९

[111] उही । *पृ.*२०२

[112] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । *पृ.* ७४

[113] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.*२२२

वत्सला मन्दिरको सिँढी, गवाक्ष र  स्वर्णद्वारको छानामा रहेको हात्तीको मूर्ति सजीव रहेको छ भने फसिदेग:को सिँढीमा रहेको हात्ती भने सामान्य देखिन्छ ।

**३.१.१८ हिरण**

विभिन्न धार्मिक कथाहरुमा हिरण सम्वन्धी धेरै किसिमका कथा रहेको छ । वायु देवताको वाहनको रुपमा लिइने हिरण वौद्ध धर्मावलम्वीहरुले समेत निकै मान्यता दिंदै आएको छ । बुद्धले पहिलो उपदेश दिंदा हिरणपनि सुन्न आएको भन्ने रहेको छ । त्यस आधारमा पनि अद्यापी बुद्ध धर्मावलम्वीहरुले हिरणको मूर्ति वा चित्रलाई विशेष स्थान दिंदै आएको छ ।[११४]

पूर्वजन्ममा विश्वास राख्ने मानिसले यो जनावरको चर्चा ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा गरिएको छ ।[११५] यो जनावरलाई पूर्वजको रुपमा मान्नेहरुले यस्को पूजा गरेको खण्डमा मनोकामना पुरा हुन्छ भन्ने मान्यता राख्छन् । साथै हरिणको रौबाट बनेको बस्त्र, मसिनो बस्त्र चोरी गर्नु हुन्न भन्नेपनि भनाइ छ । हरिणको रौंबाट बनेको लुगा चोरी गरेको खण्डमा सुगा भइ जन्मिन्छ भन्ने रहेको छ ।[११६]

यो जनावरलाई आयुर्वेदमा पनि स्थान दिइएको पाइन्छ । हरिणको सिङ भस्म गाईको घ्यूमा मिसाएर खाएको खण्डमा हृदयरोग, कटिग्रह, सन्धि शूल र हृदय शूलमा आराम मिल्छ भन्ने रहेको छ । साथै हरिणको पित्त मिसाएर बनाइने पित्त पंचक (माछा, गाई, घोडा, हिरण, मयुरको पित्त) बाट बनेको रसले सम्पूर्ण ज्वर नाश गर्छ ।[११७]

## ३.२ नभचर

**३.२.१ उल्लु**

---

114 www.anaflora.com/articles/oth-sharon/animal-bud.html_

115 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ ।*पृ.* ३०८

116 जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ.४१

117 जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ. २५२

पंछीको सूचीमा उल्लु विशेष प्रकारको पंछी मानिन्छ । लक्ष्मीको वाहनको रुपमा समेत मानिने उल्लु अन्य पंछीको तुलनामा निकै शक्तिशाली पंछीको रुपमा मानिन्छ । दुई सय प्रजातिभन्दा बढी रहेको निशाचर उल्लुले अंध्यारोको फाइदा उठाई विशेष गरी ससाना स्तनधारी किरा फट्याङ्गा चराको शिकार गर्ने गर्दछ । एन्टार्कटिका क्षेत्रमा उल्लुले माछाको शिकार गरेको पाइएको छ । उल्लुलाई निकै चनाखो र तिक्ष्ण आँखा भएको पंछीको रुपमा लिन सकिन्छ । चारैतिर आँखा डुलाउन सक्नु क्षमताको उल्लुले आवाजको भरमा पनि शिकारको दिशा पत्ता लगाउन सक्ने क्षमताको धनी छ ।[११८] यो पंछीको १३५ डिग्रीसम्म टाउको घुमाउनसक्ने क्षमता रहेको हुन्छ । यो पंछीलाई लक्ष्मीको वाहनका साथै सांसारिक ऐश्वर्य वन्धनको कारण समेत मानिन्छ । जस्को कारण स्वेच्छाले वरण गर्ने र पारमार्थिक दृष्टिबाट मुर्खको रुपमा संज्ञा दिइएको छ ।[११९] लक्ष्मीप्राप्तीकालागि मन्त्र साधनमा यो पंछीको सहयोग लिने परम्परा छ । यसको लागि उलुकतन्त्र भन्ने छुट्टै एक तन्त्रसमेत समाजमा प्रचलित छ । यो पंछीलाई उग्रबोलीको रुपमा पनि लिइन्छ । साथै दुर्भाग्यका सूचक अर्थात नैऋत्यकोणमा बस्ने पंछीको रुपमा लिइएको छ । पूर्वकालमा अश्वमेधयज्ञमा जंगलीवृक्षका साथै उल्लुसमेत दान गर्ने परम्परा रही आएको छ । किनभने उल्लु जंगली क्षेत्रमा मात्रै बस्ने गर्दछ ।[१२०] ग्रीकमा यसलाई एथेना देवीसँग सम्वन्ध देखाइएको छ । जुन देवी बुद्धि कला क्षमतासँग सम्वन्ध रहेको छ । उल्लु सूर्यको किरणमा देखिन्न भने यसलाई विशेषगरी धनको मादमा वास्तविकताप्रति वेवास्ता गर्ने सूचकको रुपमापनि लिइन्छ ।[१२१] यो पंक्षीको चर्चा ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा पनि गरिएको छ ।[१२२] मूर्तिकलामा कममात्रामा पाइने उल्लु कुमारी चोकमा पाइएको छ । कुमारी चोकमा रहेको नागेन्द्र नन्दिनीदेवीले उल्लु चढेकी छिन् ।

---

118 www. wikipedia . org

119 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* १२७

120 उही । *पृ.* १२७

121 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २७५

122 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

३.२.१ **काग**

पंछीहरुको सूचीमा असुन्दर मानिएतापनि पूर्वीय सभ्यतामा भने कागलाई निकै ठूलो महत्व दिएको पाइन्छ । चिनीया कथा अनुसार प्राचनिकालमा आकाशमा दसवटा कागसँगै सूर्य रहेको थियो । सूर्यको प्रचण्ड तापले अनाज सबै सुकेपछि होओयीले ९ कागलाई मारेपछि ९ सूर्यपनि बिलाएर गयो । त्यसैले चिनीया सभ्यतामा कागलाई अपशकुनको रुपमा लिइन्छ । नेपाली समाजमा पनि कागलाई अपशकुनको रुपमा लिइन्छ । कागले छोए वा कागको विष्टा शरीरमा परेको खण्डमा अपशकुन हुन्छ भन्ने छ । हिन्दू धर्मशास्त्र अनुसार शनिदेवताको वाहन एवं बौद्ध धर्मअनुसार धर्मपाल महाकालका बाहन कागले पृथ्वी घुमी शुभ र अशुभ छुट्याइरहन्छ भन्ने छ ।[१२३] चिनीया बौद्ध धर्ममा अझ कागले नै दलाइ लामा छान्ने गरिन्छ भन्ने विश्वास छ । कागलाई लिएर ग्रीक सभ्यतामा कागलाई कुसमाचार सुनाउने देवी अथेनाको रुपमा लिइन्छ । नेपाली समाजमा श्राद्ध पितृसँग सम्वन्धित काममा शुरुमा कागलाई नै खाना खुवाइने परम्परा पनि छ । जसलाई बलिकागपनि भनिन्छ । काग करायो भने घरमा पाहुना आउँछ भन्ने विश्वास नेपाली समाजमा रहेको छ ।

मन्दिरको चारकुनामा राखिने कागलाई प्राय:ले अशुभ पंछीको रुपमा लिइएतापनि यो पंछी हिन्दू संस्कृतिका लागि आवश्यक मानिन्छ । चाँडो उड्न सक्ने कागलाई अतिचलाख र बुद्धिमानी पंछीको रुपमा लिइन्छ । धार्मिक अनुष्ठानमा विशेष स्थान रहेको कागलाई पितृसँग जोडेर हेर्ने गरिन्छ । कागलाई पितृसँग जोडेर हेर्ने गरेका कारण नै हरेक विहान कागलाई भात खुवाउने प्रचलन समेत काठमाडौं उपत्यकामा प्रचलित रहेको छ । यस बाहेक कागलाई शनि देवताको वाहनको रुपमा पनि लिइन्छ ।

चलाख र बुद्धिमानी पंक्षी भएपनि कागले एउटा आँखाले देख्दैन भन्ने भनाइ रहेको छ । कथा अनुसार एक दिन इन्द्रपुत्र जयन्त सीताको रुप देखेर मोहित भई काग बनी सीताको लुगा तान्न गएकी थिइन । यसरी लुगा तान्दा कागको नङले सीताको स्तनमा कोपरिन गइ रगत बगेको

[123] www.wikipedia. org

र सो घटना देखेर राम रिसाएर वाण चलाउँदा कागको आँखामा परेको भन्ने भनाइ प्रचलित रहेको छ ।[१२४]

सिनो वा घरघरमा गइ खाद्यान्न खाने कागलाई पाँच विभिन्न वर्गमा विभाजित गरिएको पाइन्छ । वसन्त राजप्रणीत शकुन शास्त्रका अनुसार रंगको आधारमा कागलाई वर्गिकरण गरिएको हो । शरीर कालो, लामो चुच्चो र अग्लो एवं चर्को आवाज रहेको कागलाई ब्राम्हण काग मानिन्छ । पिंगल (पंहेलो) आँखा, नीलो रंगको चुच्चो र शरीर कालो भएको खण्डमा यो कागलाई क्षत्रिय काग भनिन्छ । त्यसैगरी शरीर र चुच्चो पाण्डु र नीलो रंगको भएको खण्डमा वैश्य र कमजोर खरानी रंगको शरीर, कर्कश स्वर एवं चंचल कागलाई शूद्र काग मानिन्छ । यस बाहेक अन्य कागलाई अन्त्यज कागको रुपमा लिइन्छ ।[१२५]

कागको बोलीले शुभ वा अशुभ प्रभाव पर्ने विश्वासले गर्दा पनि यो पंछीले शुभ मात्रै बोलोस् भन्ने कामनार्थ नेपाली समाजमा सुबोल सुबोल भनी बोलाउने गरिन्छ । यो पंछीले सूर्योदयको समयमा पूर्व दिशामा बसी कसैको घरतर्फ हेरेर स्वर निकालेको खण्डमा उक्त घरमा चिन्तायुक्त कार्य हुने, आग्नेयकोणमा बसी कराएको खण्डमा शत्रु एवं भयनाश र स्त्री लाभ, दक्षिण दिशामा बसी नमिठोसँग कराएको खण्डमा दु:ख वा रोग निम्तिने तर मधुर स्वरमा कराएको खण्डमा अधुरा कार्य सम्पन्न हुने र स्त्री लाभ हुने छ  भन्ने मान्यता रही आएको छ । यी प्रसंग बाहेक कागले मानिसको अगाडि आएर मासु ओकलेको खण्डमा धनप्राप्ती हुन्छ भन्ने मान्यता छ । त्यसैगरी माटोको डल्लो थुपारेमा भूमि र रत्न राखेमा राज्य प्राप्त हुन्छ भन्ने मान्यता छ । साथै घरको द्वारमा काग आउने जाने गरीरहे त्यहाँ पाहुना आउँछ भन्ने धारणा रहेको छ ।[१२६]

---

[124] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.२८७*

[125] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ.२२६

[126] उही । पृ.२२६

पूर्व जन्ममा विश्वास राख्ने मानिसले कागलाई पूर्वजको रुपमा मान्ने गर्छन् र पूजा गर्ने गर्छन् । यसरी पूजा गरिएको खण्डमा मनोकामना पुरा हुन्छ भन्ने मान्यता रहेको छ ।[१२७] पितृसँग सम्वन्धित कागलाई पितृपक्षमा खुवाएको खण्डमा मृतकको आत्माले सद्‌गति पाउँछ भन्ने छ । पितृपक्षका दिन यमराज स्वयम काग रुप धारण गरी आउँछ भन्ने छ ।[१२८]

कागलाई तान्त्रिक कार्यमा पनि उपयोग गर्ने गरिन्छ । सैन्य विमुखी करण तन्त्रमा काग र उलुलाई शत्रु सेनालाई परास्त वा भगाउन प्रयोग गर्न सकिने लेखिएको छ । शत्रु सेनालाई परास्त गर्नका लागि मंगलबारका दिन *ॐ नमो भयङ्कराय खड्‌गधारिणे मम शत्रु सैन्य पलायनं कुरु कुरु स्वाहा* भनी १०८ पटक जप गरी कागको घाँटीमा भोजपत्र (शत्रुको नाम लेखिएको ) झुण्ड्याइदिएको खण्डमा शत्रु सेना परास्त हुन्छ भन्ने रहेको छ ।[१२९] यसैगरी काठमाडौं उपत्यकामा बढीमात्रामा मदिरा सेवन गर्नेहरुलाई मदिराबाट छुटाउन पनि कागको मासु खुवाउने गरिन्छ । नमिठो मासुको रुपमा रहेको कागको मासुलाई अग्निदीपक, बलकारक, आयु, आँखा र क्षयरोगका लागि लाभदायक मानिन्छ ।[१३०] यो पंक्षीको चर्चा ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा पनि गरिएको छ ।[१३१] नेपाली कलामा मन्दिरको छानाको चारकुनामा राखिने कागलाई भक्तपुर दरवारभित्रको मूलचोकस्थित तलेजु मन्दिर प्रवेशद्वारको दाँयाबाँया रहेको स्वर्णझ्यालमा कुँडिएको पाइन्छ ।

### ३.२.३ **कुखुरा**

नेपाली समाजमा धार्मिक महत्व नदेखिएपनि मासु र अण्डाको लागि उपयोग हुँदै आएको कुखुरा बली दिनका लागि बढी प्रयोग हुने पंक्षीको रुपमा रहेको छ । इन्डसभ्यालीको सभ्यतामा

---

127 जैन, पूर्ववत पादटिप्पणी संख्या १२ उही । पृ.४१

128 उही । पृ. ४३

129 उही । पृ.२५६

130 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २८७

131 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

पनि देखिएको कुखुराको भाले, अजन्ताको चित्रमा पनि भेटिएको छ । हिन्दूहरुले अपवित्र वा कुपंक्षीको रुपमा राखिएको यो पंक्षीलाई भारतमा भने कुमारी कामाख्यादेवीको वाहनको रुपमा लिइन्छ । कथा अनुसार कामाख्यादेवीसँग नराकासुरले विवाह गर्ने प्रस्ताव बोकेर आएपछि देवीले एकैरातमा सिंढीसहित मन्दिर निर्माण र पोखरी बनाउनुपर्ने प्रस्ताव राखेकी थिइन । नरकासुरले देवीको प्रस्ताव स्वीकार गरी सबै निर्माण लगभग पूरा हुन लागेको बेला भाले बासेपछि सूर्य उदाए । देवीसँग विवाह गर्न नपाएको रिसमा नरकासुर भालेको बध गरीदिएका थिए । त्यसैले भाले बध गरिएको स्थानलाई कुकुरकाता चकि भनिन्छ ।

प्राय: खेलौनामा मात्र भालेको मूर्ति बनाउने परम्परा रहेपनि भक्तपुरमा भने विभिन्न देवदेवीसँग यस्को मूर्ति पाइएको छ । यस दरवार क्षेत्रभित्रको कुमारीचोकमा रहेको कौमारीको मूर्ति कुखुराको भालेमाथि बसेको देखाइएको छ । त्यसैगरी सोही स्थानमा रहेको मयुरमाथि उभिएको शक्तिसहितको कुमारले कुखुराको भाले बोकेको देखाइएको छ । भालेको सिउँरो र पुच्छर आकर्षक हुने भएकोले यो पंक्षी बढीमात्रामा चित्रमा भेटिन्छ ।

### ३.२.४ गरुड

वैष्णव सम्प्रदायमा महत्व रहेको गरुड नेपाली समाजमा विशिष्ट स्थान ओगट्न सफल भएको छ । विष्णुको अनन्य भक्त भएकैले विष्णुको नजिक वा अन्य विभिन्न स्थानमा यस चरालाई स्थान दिइएको छ । नारायणसँग सम्वन्धित मूर्ति बनाउने क्रममा अनिवार्यता रहेको गरुड पंक्षी भएपनि कतिपय स्थानमा भने मानवाकृतिमा पनि निर्माण गरिएको छ । गरुडलाई पंक्षीको रुपमा राखिएतापनि हात र खुट्टा मानव स्वरुपमा बनाइने गरिने भएकोले यसलाई मिश्रीत जनावरको कोटीमा राख्न सकिन्छ । काल्पनिक पंछी भएपनि चीलको प्रजातिको रुपमा लिने गरुडलाई चुच्चो र पखेटा भएको देखाइएको छ भने कतिपय मूर्तिमा मानवआकृतिमा समेत बनाइएको छ । जस्मा चुच्चो राखिएको छैन । हिन्दू धर्मशास्त्र अनुसार गरुडलाई चराको राजाको रुपमा लिइएको छ । चराहरुमध्ये सवैभन्दा बलियो र तिब्र उड्ने भएकोले गरुडको इच्छा बमोजिम नै विष्णुले वाहनको रुपमा अंगिकार गरेको कथा रहेको छ । सोही कारण विष्णुको अधिकांश मूर्तिमा गरुडले स्थान

पाएको छ भने मन्दिरको सम्मुखपनि गरुड नै स्थापित गरेको पाइन्छ । गरुडलाई राखेर गरुडध्वज निर्माण गर्ने प्रचलनपनि हिन्दूहरुबीच रहेको छ । जसलाई विष्णु झण्डापनि भन्ने गरिन्छ ।

जन्मिंदै तेजश्वी पंक्षीको रुपमा रहेका गरुडलाई देवताहरूले अग्निदेवताको रुपमा पूजा गरेको प्रशंग पुराणहरुमा उल्लेख छ । वैष्णव सम्प्रदायले गरुडलाई सूर्यको बाहनको रुपमा पनि लिने गरिन्छ । सूर्यलाई समेत विष्णुको अवतार मान्ने वैष्णवहरुले अनन्त आकाशको तिब्रताका साथ घुम्न सक्ने भएको सूर्यको वाहनको रुपमा गरुडको कल्पना गरेको मान्न सकिन्छ ।[१३२] यसबाहेक विष्णुको वाहनको रुपमा गरुडको कल्पना हुनुको कारण यो मानिन्छ - यो सम्वन्धलाई अझ दर्शाउन सूर्यको सारथी अरुणले अझ सघाएको छ । अरुण गरुडका दाजु हुन । पौराणिक कथा अनुसार गरुड दक्ष कन्या विनिता र कश्यपको पुत्र हो । त्यसैले यसलाई वहिनितुह्य पनि भनिन्छ । विनिताको कद्रुसँग मुनमुटाव थियो, जुन सर्पहरूको आमा थिइन । शास्त्रमा उल्लेखित कथा अनुसार गरुडकी आमा विनिता कद्रुको अधिनबाट मुक्त हुनका लागि गरुडले निकै ठूलो यत्न गर्नुपरेको थियो । गरुडले आमालाई सौतेनी आमा कद्रुको दासीबाट मुक्ति दिलाउन नागहरुले अऱ्हाए अनुसार देवताको साथमा रहेको अमृत लिएर आउने क्रममा इन्द्र र गरुडबीच युद्धसमेत भएको थियो । झगडाको क्रममा अमृतघटबाट केही थोपा अमृत कुशमा झरेको चाल पाएपछि नागहरुले अमृत चाट्दा जिब्रो काटिन पुगेका थिए । यसरी इन्द्र र गरुड बीचको द्वन्द्वमा इन्द्रको अस्त्र वज्र नै भाँचिन पुगेको थियो । गरुडलाई काश्यपी, वैनकेय, सुपर्ण, गरुडत्मान आदि नामले चिनिन्छ । अर्को एक कथा अनुसार वालखिल्य ऋषिको जीवन रक्षार्थ गरुडले खेलेको भूमिकाबाट प्रफुल्लित हुँदै ऋषिले गरुडनामबाट प्रख्यात होस भनी आशिर्वाद दिएको थिए । अभेष्टाको टिकामा गरुडलाई गरुत्मान भनी लेखिएको छ ।[१३३]

गरुडको शिर, प्वाँख, चुच्चो पंछीको रुपमा छ भने अन्य सबै मानवआकृतिमा रहेको छ । गरुडलाई शीर सेता, पखेटा रातो र शरीर स्वर्ण वर्णको रुपमा लिइन्छ । गरुडको पत्नीलाई उन्नति

---

132 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* २२७

133 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ ।*पृ.* ८२

वा विनायका भनिन्छ र गरुड पुत्रलाई सम्पाति भनेर पुराणहरूमा वर्णित छ । र, वेदान्तचार्य वैंकेटनाथले तिरुपाहिन्द्रपुरमा तामिल लिपिमा लेखिएको एक ग्रन्थमा भगवान विष्णुको मुख्य पार्षदको रुपमा गरुडको स्तुति गरिएको छ । जसलाई गरुड पंचशति पनि भनिन्छ ।[१३४] गरुडलाई अथर्ववेदीय उपनिषदको रुपमा पनि लिइन्छ । जस्को तात्पर्य विष निवारण गर्ने धार्मिक विधि रहेको छ । प्राचीनकालदेखि प्रचलनमा रहेको गरुडको प्राचीन मूर्ति मध्ये श्री रंगमशैलीको विष्णु मन्दिरस्थित सभामण्डपमा रहेको स्तम्भमा रहेको छ ।

त्यसैगरी होलियोडोरोसद्वारा ईपू को पहिलो शताव्दीमा वेसनगरमा स्थापित गरुड स्तम्भ इतिहासमा निकै प्रख्यात रहेको छ ।[१३५] शिल्परत्न अनुसार दुई भुजायुक्त गरुडको मुख र पखेटा चराको जस्तो हुनुपर्ने विधान छ । अग्निपुराणमा विष्णुको मूर्तिसँग गरुडलाई अनिवार्य रुपमा राख्नुपर्ने भनी लेखिएको छ । उक्त ग्रन्थ अनुसार गरुडको काँधमा विष्णु बस्नुपर्ने र विष्णुको खुट्टा गरुडको हातमा हुनुपर्ने उल्लेख छ । यस्ता प्रतिमा भारत वाहेक दक्षिण पूर्वी एसिया द्वीप जावा र नेपालको पनौतीमा पनि पाइएको छ ।[१३६]

महाभारतमा १।३१।२४।३४ सूर्यका सारथी अरुण र गरुडलाई दाजुभाई भनी नातासम्वन्ध जोडेको पाइन्छ । अरुण गरुडभन्दा जेष्ठ भनी उल्लेख छ ।[१३७]हिन्दू धर्मावलम्वीहरु भूगोलको ज्ञाताको रुपमा पनि लिने गरिन्छ । जुन सोही पंक्षीको नाम जोडिएको गरुडपुराणको आधारमा उक्त धारणा बन्न गएको देखिन्छ । जुन ग्रन्थ गरुड र विष्णुको संवाद कथापनि भनिन्छ । नारद पुराणको पूर्वांशको १०८ औं अध्यायमा गरुड पुराणको विषय सूची दिइएको छ । मत्स्यपुराणका अनुसार गरुड पुराणमा १८ हजार श्लोक र रेवामहात्म्य श्रीमद्भागवत नारद पुराण र ब्रम्हवैवर्त्त पुराण अनुसार १९ हजार श्लोक रहेको छ । गरुड पुराण निकै प्रसिद्ध र लोकप्रिय रहेको छ । विशेष गरी अन्त्येष्ठी कर्ममा यस्को सम्वन्ध रहेको छ । यो पुराण श्रवण गर्नु अन्त्येष्ठी कर्मको एक

---

134 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.*२२८

135 उही । *पृ.*२२८

136 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ ।*पृ.* ८२

137 पाण्डेय, पूर्ववत पादटिप्पणी ५ । *पृ.*२२८

अंग समेत मानिएको छ । यस्मा प्रेत योनी, प्रेत कर्म, प्रेत श्राद्ध, यमलोक, यमयातना नरक आदि विशेष रुपमा वर्णन गरिएको छ । यो पंक्षीलाई ऐनो (एक बनवासी जाति) विशेष रुपमा पुज्ने गर्छन् । यो जातिले पिंजडामा गरुडलाई बन्द गरेर पूजा गर्नुका साथै मिठाई र फलफूल चढाउने र देवीदेवताको साम् बलिपनि दिने गरिन्छ । ऐनोहरुले गरुड बली दिने क्रममा गरुडको घाँटीमा चुपीले रेट्दै यो पंक्षीको गुणगान गाउने गर्दछन् । साथै पूर्व जन्ममा विश्वास राख्ने मानिसले यो पंक्षीलाई पूर्वजको रुपमा मान्ने गर्छन् । यो पंक्षीको पूजा गरिएको खण्डमा मनोकामना पुरा हुन्छ भन्ने मान्यता रहेको छ ।[१३८] गरुडको मूर्ति भक्तपुर दरवार क्षेत्रमा बढीमात्रामा पाइएको मूर्ति मध्ये एक रहेको छ । वत्सला मन्दिरमा नारायणीको वाहनको रुपमा यो पंक्षीलाई उपयोग गरेको पाइन्छ भने नारायणमन्दिर सामु अंजुलीबद्ध गरुडको मूर्ति रहेको छ । भण्डारखाल पोखरी जाने बाटोमा रहेको नारायण गरुडमाथि बसेको देखाइएको छ भने नृसिंह र हनुभैरव रहेको वसन्तपुर दरवारको प्रवेशद्वारमा गरुडको मूर्ति रहेको छ । यस बाहेक तलेजु मन्दिरको भित्ता, टुँडाल र भैरवचोकमा रहेको एक भैरबले गरुडलाई टेकेको देखाइएको छ ।

### ३.२.५ परेवा

शान्तिको प्रतिक परेवाको पूर्वीय सभ्यतामा स्पष्ट हुने गरी महत्व दर्शाइएको छैन । तर, कामदेवकी पत्नी रतिकी वाहनको रुपमा भने परेवालाई लिइन्छ । यो पंक्षीलाई प्रेमको अवतारपनि मानिन्छ । पंचतन्त्रमा राजकुमारहरुलाई परेवाको माध्यमबाट शिक्षा दिन बाहेक अन्य प्रयोजन यस्को देखिएको छैन । भक्तपुरको भैरव चोकमा बाहेक यो पंक्षीको खासै मूर्तिहरु बनाइएको पाइन्न । भारतको अजन्तामा प्राप्त भित्तेचित्र र भरहुतको वेदिकामा वोधिसत्वसँग सम्वन्धित मूर्तिमा भने परेवा पाइएको छ । भक्तपुरको भैरवचोकमा रहेको एक भैरवको वाहनको रुपमा रहेको परेवालाई नेपाली समाजमा बली चढाउन र मासु खान समेत प्रयोगमा ल्याएको पाइन्छ ।

यौनसँग सम्वन्धित देवी रतिको वाहनको रुपमा रहेको परेवाको नगण्यमात्रामा मूर्ति बनाउने गरेको पाइन्छ । घरपालुवा र जंगली गरी दुई किसिमले छुट्याइएको परेवालाई शान्तिका

[138] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ.४१

दूतको रुपमा पनि लिने गरिन्छ । रामचन्द्रका पूर्खा शिविको सत्य परीक्षाका लागि समेत परेवाको उपयोग भएको कथा रहेको छ । कथा अनुसार धर्म एवं त्यागले अभिप्रेरित राजा शिविको परीक्षा लिनका लागि इन्द्र वाजको रुपमा र अग्नि परेवाको रुप लिएका थिए । बाजले परेवालाई लखेटेपछि सुरक्षार्थ परेवा शिविको काखमा बस्न गएका थिए । बाजले आफ्नो आहार दिनुपर्ने अडान राखेपछि शिविले बाजलाई आफ्नै मासु काटेर खुवाएको कथा रहेको छ । परेवाको बारे धार्मिक मूल्य मान्यताहरुको कमी देखिएपनि विभिन्न किसिमको विश्वास/अन्धविश्वासहरुमा भने यो पंक्षीलाई स्थान दिइएको पाइन्छ । जस्तै, भाईबुहारी अपमान गर्नेले परेवा भइ जन्मिनुपर्ने छ । साथै, चाँदीका भाँडा चोरेको खण्डमा परेवा भइ जन्मिने छ भन्ने मान्यता पनि रहेको छ ।[१३९] रहेको यसबाहेक हाँस, मयुर, कुखुरा र परेवाको मासुलाई लिएर चरक संहितामा पनि क्रमशः वीर्य जनक, वातनाशक, बलबर्द्धक र रक्तपित्त नाशकको रुपमा लिइएको छ ।[१४०]

### ३.२.६ **मयुर**

संसारको सबैभन्दा सुन्दर पंक्षीको रुपमा रहेको मयुर हिन्दू धर्म संस्कृतिमा विशेष स्थान रहेको छ । शिल्पकला प्रदर्शन गर्न तथा वास्तुलाई आकर्षक बनाउनका लागिपनि प्रयुक्त गरिंदै आएको यो पंक्षीलाई युद्धका देवता कुमार एवं मातृकादेवी बालकुमारीको पनि वाहनको रुपमा लिइन्छ । यो पंक्षीलाई गरुडले कुमारको युद्धकौशल एवं गतिशीलतालाई ध्यानमा राखेर उपहारस्वरुप प्रदान गरेको कथा रहेको छ । यदाकदा सरस्वतीले पनि मयुर चढेको पाइएपनि भारतमा भने मुरुगा देवताले पनि यहि पंक्षीलाई वाहनको रुपमा उपयोग गरेको पाइन्छ । जुन देवताले सुरपद्मन भन्ने दैत्यको वध गरेका थिए । मथुरा कलामा भने धनकी देवी लक्ष्मीले पनि मयुर धारण गरेको पाइन्छ ।[१४१]

[139] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ.४१

[140] उही । पृ.२५१

[141] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. १५९

मयुरलाई लिएर गुप्त नरेशहरुले पनि बढी मात्रामा प्रयोग गरेको पाइन्छ । गुप्त नरेशहरुको स्वर्णमुद्रामा समेत मयुरको मूर्ति कुँडिएको पाइन्छ । गुप्त नरेश कुमारगुप्ताको स्वर्ण मुद्रामा मयुरलाई एक राजाले अंगुर खुवाइरहेको र पछाडिको भागमा मयुरसहितको कार्तिकेयको मूर्ति भेटिएको छ ।[१४२] प्वाँख फिंजाएर नाचेको खण्डमा पानी पर्ने संकेत दिने मयुरको प्वांखलाई आदिवासीहरुले सर्पको विष झार्न समेत प्रयोग गर्दै आइरहेको छ । साथै तान्त्रिक एवं धामीहरुले समेत उपचार गर्ने बेलामा मयुरको प्वाँख प्रयोग गर्ने गर्दछन् । औषधी विज्ञानमा झाडापखाला लागेको समयमा मयुरको प्वाँख उपयोगमा ल्याइन्छ । साथै पित्त पंचक (माछा, गाई, घोडा, हिरण, मयुरको पित्त) बाट बनेको रसले सम्पूर्ण ज्वर नाश गर्छ । [१४३]

हडप्पाको सभ्यतामा समेत पाइएको मयुरको मूर्ति भरहुत र साँचीमा पनि पाइएको छ भने काठमाडौंको स्वयम्भु, इन्द्रायणी र हाडिगाउँ, ललितपुरको बालकुमारी र ठिमी बालकुमारी, भक्तपुरको क्वाछेँमा पनि सुन्दर मूर्ति पाइएको छ । भक्तपुर दरवारक्षेत्रभित्रको भैरवचोकमा कुमार र भैरवले मयुरलाई टेकेको मूर्ति बनाइएको पाइएको छ भने कुमारी चोक, तलेजु मन्दिरको भित्ता र मूलचोकको टुँडालहरुमा मयुरको मूर्ति पाइएको छ । बौद्ध धर्ममा ध्यानी बुद्ध अमिताभको वाहनको रुपमा समेत मयुरलाई लिइन्छ ।

### ३.२.७ **सुगा**

सांस्कृतिक रुपमा बढी प्रयोगमा रहेको पंक्षी मध्ये सुगापनि रहेको छ । मान्छेको जस्तो भाषा बोल्न सक्ने क्षमताका मैना(हरियो) बढीमात्रामा शुभ कार्यमा चित्रांकन गर्न प्रयोग गरिंदै आएको छ । शुभ-शुभ बोल्ने मैनालाई प्राचीन संस्कृत साहित्यमा पनि विशेष स्थान दिइएको छ । संस्कृत साहित्यको प्रसिद्ध वसन्त राजशकुनमा सुगालाई लिएर काव्य समेत रचिएको छ ।

वाम: पठन् राजशुक: प्रयाणे

---

[142] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २७५

[143] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ. २५२

शुभं भवेद्दक्षिणत: प्रवेशे ।

वनेचरा काष्ठशुका: प्रयातु :

स्यु: सिद्धिदा: संमुखमापतन्त[१४४]

यसैगरी कालिदासको मेघदूत र वाणको कादम्बरीमा समेत सुगाको रोचक शव्दमा वर्णन गरिएको छ ।[१४५] विशेष गरी शुभकार्यको लागि लेखिने चित्र जुन प्रवेशद्वारमा टाँसिने शुभपर्चाको दाँयाबाँया सुगाको चित्र लेखिने परम्परा नेपाली समाजमा व्याप्त छ । यसरी लेखिने सुगाले रत्न वा रत्नमाला चुच्चोले च्यापी रहेको देखाउने परम्परा छ । भक्तपुरमा भैरबचोकमा भने सुगाको आकर्षक मूर्तिसमेत बनाइएको छ ।

सुगालाई व्यासको पुत्रपनि भन्ने प्रचलन छ । व्यासपुत्र शुकदेवले राजा परीक्षितलाई श्रीमद्‌भागवत कथा सुनाएको प्रसंग छ भने हरिवंश पुराण, वायुपुराण, अग्नि पुराणको प्रजापतिको सर्ग अध्यायमा सुगा सम्वन्धी कथा पाइन्छ । त्यसैगरी देवीभागवतमा (१.१४.१२३) पनि सुगासम्वन्धी कथा पाइन्छ ।[१४६]

शुभकार्यमा मात्र प्रयोग हुँदै आएको सुगा नेपाली समाजमा कामदेवको वाहनको रुपमा लिइन्छ भने भारतमा मिनाक्षीदेवीको वाहनको रुपमा लिइन्छ भने भारतमा मिनाक्षीदेवीको वाहनको रुपमा पनि लिइन्छ । तामिलनाडुको मडुराईस्थित मिनाक्षीदेवीले सुगालाई जहिलेपनि आफ्ना दाँया हातमा लिएको हुन्छ ।[१४७]सुगालाई लिएर दोश्रो शताव्दीमा नै पेरुको लिमास्थित Larco Museum Collection मा यससँग सम्वन्धित साहित्य, संस्कृति, धार्मिक विश्वास आदि संकलन

[144] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । पृ. ६३१

[145] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २७५

[146] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० ।*पृ.* ६३१

[147] www.hindounet.com

गरिएको छ ।[१४८] नेपालमा पनि शुकबहतरी भन्ने सुगाले शिक्षा दिइएको ७२ वटा कथा प्रचलनमा छ । सुगालाई लिएर ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा पनि उल्लेख छ ।[१४९]

### ३.२.८ हाँस

साहित्यमा निरक्षीर विवेक र धर्मदर्शनमा परमातत्वमा पवित्र पंछीको रुपमा लिइएको हाँस योगतत्वमा धरै उपयोगी मानिन्छ । कतिपयले ब्रम्हाको वाहन भन्ने गरेपनि यसलाई सरस्वतीको वाहनको रुपमा पनि लिइन्छ । [१५०]माथि भने जस्तै नीरक्षीर विवेकी भएकै कारण सरस्वतीसँग सम्वन्ध रहेको छ । ज्ञानकी देवीको आश्रय पाएपछि मानिसले उचित र अनुचित विचार गर्न सक्नेभएकाले हाँसलाई आत्मासँग सम्वन्ध रहेको मानिन्छ । यसैगरी योगीले प्राणायाम गर्ने समयमा हंस अर्थात सोहं सोहं भन्ने गर्दछ । हाँसलाई जलदेवताको वरुणसँग सम्वन्धित रहेको देखाइन्छ । हाँस *हंसारुढश्चपाश्च पाश: भृदरुण* भनी वृहत्संहितामा लेखिएको छ । अरुण पुराणमा *वकपरवरुणपाशि वरुणच प्रवक्षामे पाश: हस्त महावर:* भनी लेखिएको छ । त्यसैगरी मत्स्यपुराणमा *मृगाधिरुढ वरुदंपताकध्वज संहितं* अर्थात हंस मकर तथा हरिण तीनैवटा वाहन मध्ये हाँस र मकरको प्रत्यक्ष रुपमा जलसँग सम्वन्धित रहेको छ ।[१५१]

शास्त्रहरूमा हाँसलाई लिएर ब्रत बस्ने विधानपनि रहेको छ । पुरुषसुक्तको मन्त्र उच्चारण गरेर स्नान गरी तप र जप गरी हाँस ब्रत बस्ने विधान छ । अष्टदल कमलको मध्यभागमा पुष्पले पूजा गरी भगवान जनार्दनको पूजा गर्ने गरिन्छ । जनार्दनलाई हाँसपनि भनिन्छ । पूजामा ऋग्वेदको दसौं मण्डलमा ९० मन्त्रको व्यवस्था गरिएको छ । पूजापश्चात होम त्यसपछि एउटा गाईसमेत दान दिएको खण्डमा सम्पूर्ण मनोकामना पूरा हुन्छ भन्ने मान्यता छ । भक्तपुर दरवार क्षेत्रभित्रको भैरवचोकको भैरवले हाँसमाथि टेकेको छ भने कुमारी चोकमा एक देवी हाँसमाथि ललितासन

---

148 www.wikipedia.org

149 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । *पृ.* ३०८

150 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २७

151 उही । *पृ.*१३१

मुद्रामा देखिन्छ । त्यसैगरी कुमारीचोकमा नै रहेको ब्रम्हा हाँसमाथि उभिएको देखाइएको छ भने वत्सलामन्दिरको गवाक्षमा रहेको सरस्वती हाँसमाथि बसेको रहेको छ । तलेजु मन्दिरको भित्ता र कुमारी चोकमा रहेको चन्द्रमाको रथ सातवटा हाँसले तानेको देखाइएको छ । तलेजु मन्दिरको तोरणमा हाँसमाथि घोडा चढेको जस्तो गरी देवता चढेको देखाइएको छ भने दरवारक्षेत्रको सुनधारामा र तल्लो भागमा रहेको भगिरथको मूर्तिमा हाँसलाई स्थान दिइएको छ ।

## ३.३ जलचर

### ३.३.१ कछुवा

जल र थलमा बस्न सक्ने जन्तु कछुवा पूर्वीय संस्कृतिमा निकै ठूलो महत्व रहेको छ । वैदिक धर्म अनुसार विष्णुको दोस्रो अवतार कछुवा भएपनि यस्को भारवहन गर्ने क्षमताका कारण यो जन्तुलाई सृष्टिका प्रतिक समेत मानिन्छ । धार्मिक रुपमा मंगलको प्रतिक एवं तान्त्रिक विधिमासमेत महत्व रहेको यो जन्तुले नै मन्दराचल पर्वतलाई आफ्नो पिठ्युँमा धारण गरी समुन्द्रमन्थनका लागि सघाउ पुऱ्याएका थिए । एशिया र अमेरिकामा समेत कछुवालाई लिएर धेरै किसिमका कथा पाइन्छ । जुन कथाहरूमा संसार कछुवाको माथि रहेको उल्लेख छ । इरोक्यूस ऐतिह्यको अनुसार प्रारम्भमा पृथ्वी जलभित्र विलुप्त भएपछि कालान्तरमा पशुको सभा बसी कछुवाको पीठमा राखी उद्धार गर्ने निर्णय भएको थियो । जुन हिन्दू धर्मशास्त्र अनुसार समेत मेल खाएको छ ।[१५२]

शुक्ल यर्जुवेद अनुसार जलका स्वामी कुर्मलाई शतपथ ब्राम्हण (३,५,२,९)मा जलका स्वामी तथा वरुणको सहायकको रुपमा चित्रण गरिएको छ[१५३] भने सोही ग्रन्थमा (७.५.१-५) प्रजापतिका रुप मानिने कुर्म अवतारलाई पद्मपुराणमा भने सत्ययुगमा देव र असुर मिलेर समुन्द्रमन्थनका

152 श्रीवास्तव, पूर्ववत पादटिप्पणी संख्या १०९ । *पृ.* २८

153 उही ।*पृ.* २९

लागि विष्णुले धारण गरेको रुप मानिन्छ ।[१५४]उक्त धारण १६औं शताव्दी अघिसम्म भने विकास भएको थिएन । १६औं शताव्दीको एक हस्तलिखित ग्रन्थ (हाल क्याम्ब्रिज यूनिभर्सिटी लाइब्रेरी)मा पहिलोपटक विष्णुको कुर्म अवतारबारे चर्चा गरिएको छ। [१५५]कछुवाको खपटा बढी भारसहन गर्ने क्षमताको भएकोले नै पूर्वीय संस्कृतिमा मन्दिरको शिलास्तम्भ आदिमा कछुवाको प्रतिमा बनाउने प्रचलन रही आएको छ । यसरी बनाइएको प्रतिमाले एकातिर सुन्दर देखिन्छ भने अर्कोतिर मंगल हुन्छ भन्ने पनि छ । वृहत्संहितामा (अ.६४) मा मन्दिर स्थापनाको समयमा कुर्मको प्रतिमा मंगल हुन्छ भन्ने छ ।[१५६] जमुनाको वाहन कछुवालाई भारत र नेपालमा स्तम्भको तल्लो भागमा राख्ने प्रचलन व्याप्त छ । विशेषगरी भारतमा अनुहार मानवाकृति र अन्य भाग कुर्मको नै बनाई राख्ने प्रचलन भएपनि नेपालमा कछुवाको मूर्तिमा कूर्म विग्रह र नरकूर्म मिश्रीत मूर्ति भने पाइएको छैन । गुप्त बास्तुकलादेखि नै मन्दिरको दाँया बाँया राखिने यमुनादेवीको साथ कुर्म[१५७] राख्ने परम्परालाई नेपालमा पनि केही स्थानमा आंशिक अनुसरण गरेको पाइन्छ । उपत्यकाको तीनै स्थानमा रहेको तलेजुमा पनि कुर्मसहितको देवी प्रतिस्थापित छ ।

कछुवालाई लिएर तान्त्रिकहरूले हठयोग गर्दा कूर्मासनपनि गर्ने प्रचलन छ । यसबाहेक कूर्मचक्र भन्ने चक्रको पनि रहेको छ । यसैगरी बदरीनाथ मन्दिरको पछाडि रहेको उर्वशीकुण्ड नजिक कूर्मतीर्थ समेत रहेको  छ । जहाँ बदरीनाथको दर्शन गर्नेहरू अनिवार्य रुपमा जानुपर्छ भन्ने छ ।[१५८] त्यसैगरी पौषशुक्ल द्वादशीका दिन विष्णुले कूर्म अवतार धारण गरेकोले यसदिन कछुवाको पूजा गर्ने परम्परा वैदिक समाजमा रहेको छ । वराहपुराणको अध्याय ४० कृत्यरत्नाकर ४८२-४८४ अनुसार घ्यूले भरिएको ताम्रपत्रमा कछुवाको मूर्ति प्रतिस्थापित गरी त्यसको माथि मन्दराचले राखी सुपात्रलाई दान दिइएको खण्डमा विष्णु खुसी हुन्छ भन्ने छ । भविष्यपुराण अनुसार यसदिन

---

[154] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* १९६

[155] Pal & Bhattacharya, पूर्ववत पादटिप्पणी संख्या ८८ । पृ २३

[156] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* १९६

[157] उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.* २७८

[158] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* १९६

ब्रत पनि बस्ने प्रचलन छ । कछुवालाई लिएर कूर्मपुराण पनि प्रचलनमा छ । विष्णुले कूर्मावतार धारण गरी इन्द्रद्युम्न राजालाई दिएको उपदेश नै कूर्मपुराण मानिन्छ । उक्त पुराणमा शिवलाई प्रधान देवताको रुपमा व्याख्या गरिएको छ । ब्रम्हा, विष्णु र शिवलाइ एक ब्रम्हाको रुपमा लिएको यस ग्रन्थमा शाक्तपूजाको पनि चर्चा गरिएको छ । मूलत: कूर्म पुराण भएपनि यसभित्र ब्राम्ही, भागवति, सौरी र वैष्णवी संहिता रहेको यस पुरा मत्स्य र भागवत पुराण अनुसार १८ हजार श्लोक रहेको छ । तर हालसम्म यसको छहजार श्लोकमात्र पाइएको छ ।[१५९] भक्तपुरको तलेजु मन्दिर र स्वर्णद्वारमा गंगााले कछुवालाई टेकेको छ भने भक्तपुर संग्रहालयमा संग्रहित भैरव मूर्तिको पादपीठमा कछुवालाई स्थान दिइएको छ । साथै सुनधारामा विभिन्न जीवजन्तुलाई स्थान दिनेक्रममा यो जनावरलाई पनि स्थान दिइएको पाइन्छ ।

### ३.३.२ **भ्यागुता**

पानीसँग सम्वन्धित रहेको भ्यागुता कृषकको साथीको रुपमा पनि चिनिन्छ । विश्वभर पाँचहजार प्रजातिका भ्यागुता अधिकांश विषमुक्त मानिन्छ । श्रीलंकामा पृथ्वीको सहयोगीको रुपमा लिइने भ्यागुतालाई काठमाडौंका कृषकहरुले बालीनालीमा लाग्ने किरा खाइदिने भएकोले यो जलजन्तुलाई वर्षको एकदिन जनैपूर्णिमाका दिन भात खुवाई पूजा गर्ने गरिन्छ । भ्यागुताले मुख खोलेमा पानी पर्छ भन्ने लोकविश्वास रहेको छ । यो जनावरलाई वृहस्पतिका वाहनको रुपमा पनि लिइन्छ ।

कममात्रामा पाइने यो जीवको मूर्ति भक्तपुरको सुनधारामा पाइएको छ । । त्यसैगरी भक्तपुर दरवारपरिसरको भैरवचोकमा भ्यागुतासँग सम्वन्धित काष्ठकला पाइन्छ । यस चोकमा सिंहको जगरमा भ्यागुताले रजाँइ गरेको झ्याल बनाइएको छ । यसै झ्यालको आधारमा तत्कालिन समयमा *सिंहया धुँसँ ज्वना: ब्यानया ख्याल रे, चखुं मन्ह्यं ग्वाखंप्वालं किसि कोस:वल रे* (सिंहको जगरमा भ्यागुताको ठट्टा, भँगेरा नअटाएको खोपीबाट हात्तीले टाउको निकाली हेर्न थाल्यो) भन्ने

---

[159] पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* १९७

गीत समेत रचना भएको पाइन्छ ।[160] भ्यागुतालाई लिएर ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा पनि उल्लेख रहेको छ ।[१६१]

### ३.३.३ **मकर**

जलचर प्राणी भएपनि हिंश्रक जनावरको कोटीमा रहेको गोही अर्थात मकर पूर्वीय संस्कृतिमा विशेष स्थान रहेको छ । पानीसँग सम्वन्धित जलजन्तु भएकोले पानी नसुकोस् भन्ने कामनार्थ मन्दिर एवं पानीसँग सम्वन्धित वास्तुमा यो जनावरलाई राख्ने गरिन्छ । यसबाहेक कतिपय स्थानमा भने सुन्दरताका लागि पनि राख्ने गरिन्छ । जलसँग सम्वन्धित गंगा एवं वरुण देवताका वाहनका रुपमा पनि लिइने मकर गुप्तकालदेखि विशेष रुपमा प्रचलनमा आएको देखिन्छ । गुप्तकालीन मन्दिर एवं पेटीको दाँयाबाँया राखिने स्त्रीमूर्ति(गंगा)सँग मकर राख्ने चलन रहेको छ । भारतको विदिशा नजिक उदयगिरि गुहाको पर्खालमा मकरमाथि उभिएकी गंगा देखाइएको छ ।[१६२] सोही प्रकृतिको मूर्ति काठमाडौं उपत्यकाको तीनवटै दरवारस्थित मूलचोकमा राखिएको छ भने भक्तपुरको स्वर्णद्वारमा पनि मकरसहितको गंगाको मूर्ति रहेको छ । यजुर्वेद संहिता अनुसार अश्वमेध यज्ञको क्रममा यो जलजन्तुको बलिपनि दिइन्छ ।[१६३] मकरलाई कामुक प्राणीको रुपमा समेत लिइन्छ । त्यसैले यो जन्तुलाई कामदेवको ध्वजामासमेत अंकित गरिएको पाइन्छ । मकर अंकित ध्वजलाई मकरध्वजपनि भनिन्छ ।

काठमाडौं उपत्यकामा भने अधिकांश ढुंगेधारामा मकरको मूर्ति राखिएको छ । मकरलाई परम्परागत आयुर्वेदमा पनि स्थान दिइएको पाइन्छ । मकरको छाला, एवं मासुबाट विभिन्न औषधी

---

160 सृजना शाक्य, **नेवा: समाजय् ध्याचू मे छगू अध्ययन** (नेवार समाजमा व्यंग्य गीत एक अध्ययन), (यल : त्रिवि स्नातकोत्तर थेसिस(अप्र.) २०५९ ) पृ. ७९

161 त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ ।*पृ.* ३०८

162 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । *पृ.*२७८

163 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । *पृ.* ४८४

बनाउन प्रयोग गरिन्छ । यस बाहेक शत्रुलाई निमित्यान्न पार्न तान्त्रिक विधिबाट गोही मार्ने पनि गरिन्छ ।[१६४]

### ३.३.४ माछा

सृष्टिको विकाससँग सम्वन्धित माछालाई हिन्दू धर्म ग्रन्थअनुसार भगवान विष्णुको पहिलो अवतारको रुपमा लिने गरिन्छ । नेपाली कला एवं संस्कृतिमा समेत बढी भन्दा बढी उपयोग हुने माछालाई सगुनको रुपमा समेत लिने गरिन्छ ।

प्राय: सबै धर्मपरम्परामा सबैभन्दा पुरानो अवतारको रुपमा रहेको माछालाई स्वतन्त्र रुपमा पनि पूजा गरिन्छ । हिन्दू सभ्यता बाहेक असीरियन, प्यालेस्तीनि र मिश्रको सभ्यतामा समेत विशेष स्थान रहेको यो जीवलाई विष्णुको पहिलो अवतारको रुपमा लिइन्छ । भारतमा शुरुमा वरुणदेवको वाहनको रुपमा देखाइएको माछा पछि आएर ब्रम्हाले सृष्टि गरेको भनी उल्लेख छ । शतपथ ब्राम्हण अनुसार जलप्लावनको कथामा यो प्रसंग उल्लेख छ । जस्मा प्रलयपछि एकमात्र जीवित माछाले नै मनुले गरेको सृष्टिलाई अगाडि बढाए भन्ने छ ।[१६५] जुन प्रसंग महाभारत, मनुस्मृतिमा समेत रहेको छ । तर, पछि बैष्णव सम्प्रदायको विकास र विस्तारसँगै माछालाई विष्णुको अवतारको रुपमा लिन थालिएको हो । भागवत पुराण अनुसार विष्णुले मत्स्य रुप धारण गरेको उल्लेख छ । भागवत पुराण अनुसार ब्रम्हा निदाएको बेला ब्राम्ह नामक नैमित्तिक प्रलय भएपछि पृथ्वी समुद्रमा डुबेको समयमा ब्रम्हाको मुखबाट निस्केको वेदलाई ह्यगृव नामक दैत्यले चोरेर समुद्रमा लगेको थियो । यसरी चोरिएको ग्रन्थ र डुबेको पृथ्वीको उद्धार गर्न नै विष्णुले माछा अवतार ग्रहण गरेको उल्लेख छ । वीणा पौड्यालले माछा अवतारले नै पृथ्वीका सँगै औषधी र धान्यादिको पनि रक्षा गरेको चर्चा गर्नुभएको छ ।[१६६] यसरी सृष्टिको शुरुवातसँग सामिप्यता रहेको माछालाई मूर्ति बनाई विशेष रुपमा पूजिने गरिन्छ । हालसम्म पाइएको मूर्ति मध्ये सारनाथ र मथुराबाट प्राप्त मूर्ति नै प्राचीनतम मूर्ति मध्ये हुन् । मथुरामा माछा र मानिसबीचको मिश्रीत मूर्ति पाइएको छ । यसबाहेक

---

[164] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. १९४

[165] श्रीवास्तव, पूर्ववत पादटिप्पणी संख्या १०९ । पृ. २७

[166] पौड्याल, पूर्ववत पादटिप्पणी संख्या २५ । पृ. ११८

ढाकाको वज्रयोगिनीमा पनि माछा र नर मिश्रीत ग्रिह मूर्ति पाइएको छ । जुन मूर्तिमा रहेको चारहातमा पद्म, चक्र, गदा र शंख समातिएको छ ।[१६७] नेपालमा दोस्रो शदीको हौगलबहालको मूर्तिमा देवीले देब्रे हातमा माछा समाएको देखाइएको छ ।[१६८] ज्योतिष विज्ञान अनुसार मीन राशीको रुपमा लिइने माछालाई बंगालीहरूले प्रजननशीलताको प्रतिकको रुपमा लिने गर्दछन् ।[१६९] जलजन्तुमध्ये सबैभन्दा लोकप्रिय माछा चौथो शताव्दीमा आएर अवतारवादको विकाससँगै विग्रह रुपको विकास भएको मान्यता उपाध्यायको छ ।[१७०] माछाको लोकप्रियता र यो जीव अवतारबादसँग गाँसिएकोलेपनि मार्गशुक्ल द्वादशीका दिन माछा पूजा गर्ने विधानसमेत रहेको छ । मत्स्यद्वादशीको नामले चिनिने यसदिन नारायणको पूजा गरेको खण्डमा सम्पूर्ण गंभीर पाप नाश हुन्छ भन्ने रहेको छ ।[१७१] यसैगरी माछालाई कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म उपभोग गर्नु हुन्न भन्ने शास्त्रिय मान्यता रहेको छ । यी दिनमा बकुल्लाले समेत माछा खान छोड्छ भन्ने रहेको छ । जसलाई बकपंचमीपनि भन्ने गरिन्छ ।[१७२] माछालाई मत्स्येन्द्रनाथको पिताको रुपमा पनि लिइन्छ । शिवले पार्वतीलाई आनन्द रहने कथा सुनाइरहेको बेला पार्वती सुत्न पुगेपछि उक्त कथा माछाले सुनेको र माछाको गर्भबाट जन्मेको भएकोले मत्स्येन्द्रनाथ भएको भन्ने ।[१७३] माछाको पवित्रतासँगै जोडिएको मत्स्यपुराणपनि एक हो । शैव पुराणको रुपमा लिइने यो पुराणमा १५ हजार श्लोक रहेको विश्वास गरिन्छ । यो ग्रन्थलाई सबैभन्दा प्राचीन ग्रन्थको रुपमा पनि लिइन्छ । यस ग्रन्थमा त्रिपुरासुरसँग शिवको युद्ध वर्णन पाइन्छ ।[१७४]

---

167 श्रीवास्तव, पूर्ववत पादटिप्पणी संख्या १०९ । पृ. २८

168 लैनसिंह वाङदेल,२०३९,**प्राचीन नेपाली मूर्तिकलाको इतिहास** । काठमाडौं : नेराप्रप्र । *पृ.* ४२

169 www. wikipedia . org

170 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । पृ.२७७

171 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । पृ. ४८८

172 उही । पृ. ४३४

173 Majpuria , पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. ४५

174 पाण्डेय, पूर्ववत पादटिप्पणी १७१ । *पृ.* ४८८

माछालाई लिएर ऋग्वेदको दशौं मण्डलको १४६ औं सुक्ति अरण्यानी सूक्तमा माछाको नाम उल्लेख रहेको छ ।[१७५] यो जीवलाई आयुर्वेदको दृष्टिले पनि निकै महत्व दिइएको पाइन्छ । माछा लगायतका जीवहरुको (माछा, गाई, घोडा, हिरण, मयुरको पित्त)पित्तबाट बनेको पित्त पंचकको रसले सम्पूर्ण ज्वर नाश गर्छ भन्ने उल्लेख छ ।[१७६] भक्तपुर दरवार क्षेत्रमा यो जीवलाई मूर्तिकलामा समेत उपयोग गरेको पाइन्छ । वत्सलामन्दिरमा माछामाथि देवी उभिएको छ भने स्वर्णद्वार, तलेजु मन्दिरको भित्ता, सुनधारा र भक्तपुर संग्रहालयमा संग्रहित भैरव मूर्तिको पादपीठमा माछालाई स्थान दिइएको छ ।

## ३.४ सरीसृप

### ३.४.१ नाग

नेपाली कलामा सबैभन्दा बढी प्रयोगमा आएको जनावर मध्ये नागपनि एक हो । नाग कतिपय मूर्तिहरुमा आभूषणको रुपमा प्रयोग गरिन्छ भने कतिपय मूर्तिहरुमा शस्त्रको रुपमा प्रयोग गरिन्छ । शिवलिंगको जलहरीदेखि लिएर सुक्ष्म रुपमा बनाइएको मूर्तिमा समेत नागका मूर्ति बनाइएको पाइन्छ । सिन्धुघाटीको हडप्पा र मोहन्जडादोमा भेटाइएको मूर्तिको आधारमा पनि नागको मूर्ति निर्माण कला निकै पुरानो परम्परा मान्न सकिन्छ । हडप्पा र मोहन्जडादोमा पाइएको नागका छापको आधारमा नागको मूर्ति पूजन परम्परा वैदिककालभन्दाअघिका मान्न सकिन्छ । यसरी प्राचीनकालदेखि प्रचलनमा रहेका नागलाई कलामा चित्रण गर्ने कार्य पाँच छ हजारवर्ष पुरानो मान्न सकिने आधार लैनसिंह वाङदेलको छ ।[१७७] यसबाट नाग पूजाको मत प्राचीनकालदेखि नै चली आएकोले नेपालमा पनि नचलेको भन्न सकिन्न । भारत र नेपालमा पनि साउन महिनामा नागपूजा गर्ने गरिन्छ । यसदिन नाग र सर्प देवताको विशेष पूजा हुन्छ । घरघरमा नाग र सर्पको चित्र वा गोबरको मूर्ति बनाएर टाँस्ने गरिन्छ । साथै उपत्यका नेवारहरुले कपासको नाग (पुँइ)

[175] त्रिवेदी, पूर्ववत पादटिप्पणी संख्या २ । पृ.३०८
[176] जैन, पूर्ववत पादटिप्पणी संख्या १२ । पृ. २५२
[177] वाङदेल, पूर्ववत पादटिप्पणी संख्या ८९ । पृ. ६७

बनाएर बलि मन्साइ दसा वा रोग निवारणको लागि प्रयोग गर्ने गरिन्छ । काठमाडौं उपत्यकाको मूर्तिहरूको सन्दर्भमा भन्ने हो भने लिच्छवीकाल उप्रान्त नाग मूर्तिलाई मानव र नागको संयुक्त संयोजन गरेको पाइन्छ ।

नेपालमा पाइएको नागमूर्तिहरु मध्ये कुम्भेश्वरको मूर्तिलाई हालसम्मको सर्वप्राचीन लिने गरिन्छ । सर्पको गुजुल्टोमाथि आसन जमाएर बसेको मानव स्वरुपका वासुकीलाई नेपाली कलामा प्रयोग भएको पहिलो नागको रुपमा लिइन्छ । जीव जगतमा हिंश्रक एवं आफ्नो रक्षाका लागि अरुलाई मार्ने जीव नाग यस्तो स्वरुप भारतको इलाहावादको भरहुत वेदिकामा पाइएको छ ।[१७८] जहाँ तल्लो भाग सर्पको र माथिल्लो भाग मानवको रहेको छ । त्यसैगरी मन्दिरको वेदिका, कुनाकुनामा पनि नाग र मानवआकृति मिश्रीत मूर्तिहरू प्रशस्त देख्न सकिन्छ । जसको शीरमा नागको फणा रहेको छ । जसलाई नागराजको रुपमा लिइन्छ ।[१७९] जलजन्तुहरूमा अधिकतम सर्पको आकृति कलात्मक रुपमा कुँडिएको पाइन्छ ।

प्रागऐतिहासिक युगमा सर्पलाई अनार्यले पूजा गर्ने भएपनि पछिल्लो कालमा आर्य सभ्यताका ब्राम्हण, बुद्ध तथा जैनहरूलेपनि सर्पलाई अत्याधिक रुपमा स्थान दिएपछि सर्पलाई हालसम्म अविछिन्न रुपमा विविध स्वरुपमा पूजा गर्ने कार्य हुँदै आएको छ । कतिपयले यसलाई कालको रुपमा पनि व्याख्या गर्ने गरेका छन् । विषालु र जीवन हरण गर्ने भएकोले नै नागलाई काल भनिएको हुनसक्ने अनुमान गर्न सकिन्छ । कतिपय चित्रमा यमराजको आयुधको रुपमा समेत नागलाई राखिएको छ ।[१८०]

नागलाई लिएर बौद्ध साहित्यमा पनि विभिन्न कथाहरु प्रचलन रहेका छन् । बौद्धसाहित्यमा मुचलिन्द नागले तपस्वी बुद्धको रक्षा गरेको कथा रहेको छ । बौद्धकलाविदहरू सर्पको तीन रुप रहेको चर्चा गरेका छन् - १) सर्प रुप जन्तुको रुपमा २) मिश्रीत - मानव र सर्प संयुक्त रुपमा ३)

---

178 वाङदेल, पूर्ववत पादटिप्पणी संख्या ८९, पृ. ६८

179 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५ । पृ.२०८

180 उही । पृ. २७६

नागराज अर्थात पूर्ण मानव रुपमा नागको सन्दर्भमा चर्चा गर्ने क्रममा नागकन्या कुवेर नागा र गुप्त सम्राट चन्द्र गुप्त द्वितीयबीच विवाह समेत भएको थियो । भारतको उडिसा मन्दिरमा नागराज तथा नागरानीको मिश्रीत रुप बनाइएको छ भने सर्पस्तम्भ देखाइएको छ । नागराजा र रानीको मनुष्य आकारमा कुँडिएको छ ।[१८१] भक्तपुरको दरवार स्क्वायरमा रहेको नाग वा सर्पको अध्ययन गर्ने क्रममा त्यहाँ शिवलिङ्गको जलहरीदेखि लिएर तलेजुको विभिन्न स्थानमा बढीमात्रामा नागको प्रयोग भएको पाइन्छ । कतिपय मूर्ति फणायुक्त छ भने कतिपय सुषुप्त अवस्थाका छन् । भक्तपुर दरवारमा नागलाई धेरै प्रयोग गरेको पाइन्छ । फसिदेग: नजिकै रहेको विश्वनाथभैरव रहेको खाल्डोमा दुई छुट्टाछुट्टै मूर्तिमा नागफणामा देवताहरु रहेका छन् भने श्रीपद्म विद्यालय जानेद्वारमा रहेको भैरवमूर्ति, महिषमर्दिनी तुलजाभवानीको मूर्तिमा नागलाई गहनाको रुपमा स्थापित गरिएको छ । मूलचोकको टुँडाल, तोरण, सुनधारा लगायत अन्य स्थान यो जीवको मूर्ति बनाइएको पाइएको छ । सुनधारामा निर्मित स्वर्णनागको मूर्ति आकर्षक रहेको छ । कुमारीचोकमा टाउको विहिन नागपाश रहेको छ भने तलेजुमन्दिर पछाडी नागपाशयुक्त काष्ठकला र उक्त मन्दिरको अगाडि रहेको झ्यालमा नागपाश आकर्षक मानिन्छ । नेपाली समाजमा पुरुषदेवताले कन्दनी वा जनै लगाउन समेत नागलाई नै प्रयोग गरेको देखिन्छ ।

धन र यौनको प्रतिकको रुपमा पनि लिइने नागलाई विशेषगरी शिव र शिवगणसँगले गहनाको रुपमा प्रयोग गरेको पाइन्छ । त्यसैगरी भगवान विष्णुपनि नागमाथि शयन गर्ने गरिन्छ । त्यसैले विष्णुलाई आदिशेषपनि भनिन्छ । कतिपयले आदिशेष लक्ष्मण र बलरामको रुप पनि भनिन्छ । बुद्ध धर्ममा पनि नेपाली समाजमा नागलाई पूजामात्र नभई सर्पाहुति यज्ञसमेत गर्ने गरिन्छ । काठमाडौंको इन्द्रायणीमा बालाचर्तुदशीका दिन, किर्तिपुरको इन्द्रायणीमा बखुमदअष्टमी र थैबको इन्द्रायणीमा होली पूर्णिमाका दिन नाग होम गर्ने गर्दछ । सर्पाहुति यज्ञले राष्ट्र र जनताको दुर्भिक्ष हटाउँछ भन्ने मान्यता रही आएको छ ।

---

181 उपाध्याय, पूर्ववत पादटिप्पणी संख्या ५, पृ.२७७

शतपथ ब्राम्हणमा पहिलो पटक नागको शव्द प्रयोग गरिएको पाइन्छ । शतपथ ब्राम्हण ११.२,७,१२ जस्मा महानागको अर्थ लेखिएको छ । वृहदारण्यक उपनिषदमा १,३, २४ ऐतरिय ब्राम्हण ८.२१ मा स्पष्ट रुपमा यस्को अर्थ सर्प भनी लेखिएको छ । नागसूत्रमा ओभानिक नागको पनि उल्लेख छ । जस्को पूजा हुने गरिन्छ । सर्पपूजा हिन्दू धर्मको एक अंग हो । जुन अन्य धर्ममा पनि कुनै न कुनै रुपमा सम्वन्ध रहेको छ । शक्ति, भयंकरताले मानिसको ध्यानाकर्षण गर्न सफल नागलाई कतिपय जाति वा वंशका मानिसले आफ्नै धर्मचिन्हको रुपमा समेत लिइएको छ ।[१८२] नागको पूजा मार्गशुक्ल पंचमीका दिन गर्नुपर्ने विधान स्मृतिकौस्तुभमा लेखिएको छ । जुन विशेष गरी दक्षिणापथहरूले मान्दै आएको छ । नागलाई लिएर नागब्रत मान्ने परम्परा पनि रहेको छ । त्यसैगरी नागमैत्री पंचमी मान्ने परम्परापनि समाजमा छ । नागपंचमीमा ब्रत बस्नेले नागप्रतिमामा दुग्ध पदार्थले स्नान गराएको खण्डमा नागसँग मैत्री सम्वन्ध रहन्छ भन्ने मान्यता छ ।[१८३] यसबाहेक कार्तिकशुक्ल चर्तुदशीका दिन पनि नागव्रत बस्ने परम्परा रही आएको छ । यसदिन ब्रत बसेको खण्डमा शेष, शंखपाल तथा अन्यान्य नागमाथि पुष्पचन्दले पूजा गर्नुपर्ने र प्रात:काल र मध्यान्हमा दुग्धस्नान र दुग्धपान गराएमा सर्पले हानी पुऱ्याउँदैन भन्ने छ । त्यसैगरी उक्त पंचमीमा नागमूर्तिमा कमलपत्र तथा मन्त्र तथा पुष्पले पूजा गरी घ्यू, दूध, दहि र महको धारा छोडेर होम गरेमा विषमुक्ति तथा पुत्र पत्नी तथा सौभाग्य प्राप्ती हुन्छ भन्ने छ । नागलाई लिएर भारतमा नागवंशी समेत रहेको पाइन्छ । मध्यप्रदेशको मुआशी तथा नागवंशीहरुले नागवंशीको रुपमा मानिन्छ । काठमाडौं उपत्यकामा पनि भक्तपुरको विस्केट जात्रा नागवंशीहरूमाथि विजय प्राप्तीको रुपमा लिइन्छ । त्यसैगरी काठमाडौं उपत्यकामा मानवबस्ती योग्य बनाउने क्रममा मंजुश्रीले तलाउ छेदन गरेपछि नागहरू बाहिरीन थालेको र मंजुश्रीले कर्कोटक नागराजलाई उपत्यकाबाट बाहिर नजान विशेष अनुरोध गरेर टौदह निर्माण गरेको कथा प्रचलित रहेको छ ।

### ३.४.२ **छेपारो**

---

182 पाण्डेय, पूर्ववत पादटिप्पणी संख्या १० । पृ. ३५५

183 उही । पृ. ३५६

चारखुट्टे माउसुली जस्तो यो जनावरको नेपाली संस्कृतिमा खासै स्थान नरहेपनि सौन्दर्यको दृष्टिले भने राखिएको पाइन्छ । सुक्ष्म रुपमा बुट्टा कुँड्नु पर्ने भएकोले विशेषगरी धातु एवं काष्ठ कलामा यो जीवन प्रयोग भएपनि कममात्रामा पाइन्छ । केही सेन्टिमिटर लामोदेखि तीन मिटरसम्म लामो छेपारोलाई कतिपयले काल्पनि जीव ड्रागनसँगपनि तुलना गरिएको छ ।[१८४] कान बाहिर नै हुने आँखा चारैतिर डुलाउन सक्ने र आफूमाथि खतरा महशुस भएमा रंग बदल्न सक्ने क्षमताका छेपारो कममात्रामा मानवलाई हानी पुर्‍याउने हुन्छ । छेपारोलाई पेरुको मोचे आदिवासीहरूले पूजा गर्ने परम्परासमेत रहेको छ । नेवारी संस्कृतिअनुसार बनाईने घरमा पनि छेपारोको स्थान रहेको छ । घरको पाखो अड्याउन राखिएको तोरण अड्याउन निकालिएको सानो काठको सिंह रुपीलाई स्थानीय भाषा मुलुचा (छेपारो) भनिन्छ । यो जनावरलाई भक्तपुर दरवारमा भने स्वर्णद्वारमा स्थान दिइएको छ ।

### ३.४.३ **विच्छी**

आर्थ्रोपोडा समूहमा रहेको विच्छीलाई माकुराको एक प्रजातिको रुपमा लिइन्छ । विशेष गरी उष्ण प्रदेशमा ढुंगाको चेपमा पाइने र रातको समयमा बाहिर आउने यो जीवलाई निकै विषालु मानिन्छ । शरीरको तल्लो भाग(पुच्छर)ले टोक्ने यो जीव निकै विषालु भएपनि यस्को विषमा पाइने क्लोरोटोक्सिन नामक रसायन क्यान्सर रोगीका क्यान्सर ग्रस्त कोशिकामा राखिदिएमा सकारात्मक असर हुने र चिकित्सकलाई शल्यचिकित्सका लागिपनि अति लाभदायक मानिन्छ ।[१८५] भालेसँग संसर्गपछि भालेलाई नै खाने र बच्चालाई पिठ्युँमा राखी संरक्षण गर्ने यो जीव धार्मिक रुपमा खासै स्थान रहेको नपाइएपनि नागपंचमीको अवसरमा घरको ढोका माथि टाँसिने नागको चित्रमा विच्छीपनि लेखेको हुन्छ । विच्छीको मूर्ति खजुराको सुरासुन्दरीको खुट्टामा उत्कीर्ण गरेको पाइएको छ । यो जीवलाई भक्तपुर दरवारभित्र रहेको तलेजु मन्दिरको प्रवेशद्वारको चौकोस

---

[184] www.wikipedia.org

[185] www.wikipedia.comnflu /wiki/scoprio_

अड्याउन राखिने (अन्य मन्दिरमा नवग्रहको बुट्टा कुंडिने स्थान) भागमा र तलेजु मन्दिरको पछाडिको भागमा रहेको काष्ठखापामा अन्य जलचरको मूर्तिसँगै विच्छीको मूर्ति बनाइएको छ ।

## ३.५ किराफट्याङ्ग

### ३.५.१ गंगटो

सांस्कृतिक रुपमा यो जीवको खासै उपयोगिता नदेखिएपनि नेपालमा भने नागपंचमीका दिन अन्य नागसँगै पूजिने गरिन्छ । बाह्र राशीमध्येको एक राशी कर्कटको खासै मूर्ति नपाइएपनि भारतको भरहुत र भक्तपुरको जन्हंचोक र मूलचोकमा पाइएको छ ।

### ३.५.२ माकुरा

धार्मिक ग्रन्थ एवं धर्मशास्त्रहरुमा विशेष स्थान नदेखिएपनि छ खुट्टे माकुरालाई वेदान्तको रुपमा समेत लिने गरिन्छ ।[१८६] आफै जाल बुनेर आफ्नो आहार खोज्ने यो कीराको शीपबाट प्रभावित भइ विश्वकर्माले वास्तुकला अघि बढाएको भन्ने मान्यता रही आएको छ । मूर्ति विज्ञानमा खासै स्थान रहेको नदेखिएपनि नागपंचमीका अवसरमा घरघरमा टाँसिने नागको चित्रमाभने माकुरा लेखेको हुन्छ ।

## ३.६ विविध

### ३.६.१ ड्रागन

अलौकिक प्राणी ड्रागनलाई छेपारो र सर्पको मिश्रीत रुपमा लिइन्छ । विशेषगरी चिनीया कलासँग सम्वन्धित यो प्राणीलाई नेपालमा कममात्रामा प्रयोग आएको छ । यो प्राणीलाई स्थानीय भाषामा मल: अर्थात चट्याङ पनि भनिन्छ । पर्सियन संस्कृतिमा तीन टाउको र सात टाउको भएको

---

[186] Majpuria, पूर्ववत पादटिप्पणी संख्या ३ । पृ. २०४

ड्रागन पाइन्छ । जसलाई अभ्फिदहक र लोटन भनिन्छ । ग्रीक सभ्यतामा पानीमा रहने धेरै टाउकोयुक्त हाइड्रा भन्ने ड्रागन रहेको छ । पोल्याण्डमा पनि स्मोक वा वेल्स्की नाम गरेको ड्रागन क्राकोउ भन्ने पहाडी क्षेत्रमा बस्ने गरेको विश्वास गरिन्छ । जापानी सभ्यतामा ओरोचि नाम गरेको ८ टाउके ड्रागन रहेको विश्वास गरिन्छ । भक्तपुरको तलेजुस्थित छानो, भण्डारखाल पोखरी र काष्ठकलामा ड्रागनको मूर्ति निर्माण गरेको पाइन्छ ।

# चौथो अध्याय

## मूर्तिहरुको उपयोगिता

धार्मिक, सामाजिक तथा ऐतिहासिक सम्पदाक्षेत्रलाई आकर्षक बनाउनका लागि मूर्तिकलाले निकै सघाउ पुऱ्याएको मान्न सकिन्छ । मठमन्दिर, ढुंगेधारा, सत्तल, दरवार वा अन्य सम्पदाको सिँढीदेखि छानासम्म विभिन्न किसिमका मूर्तिले त्यस्ता सम्पदालाई सुन्दर मात्र बनाइरहेको नभइ कलाकारिताको पनि विकास भएको मान्न सकिन्छ । त्यसैक्रममा भक्तपुर दरवार क्षेत्रको कलामा पनि उल्लेख्य संख्यामा मूर्ति पाइन्छ । यसरी प्राप्त मूर्ति मध्ये कतिपय धार्मिक प्रयोजनका लागि स्थापित देवदेवीको मूर्तिमा पशुपंछीलाई पनि समावेश गरिएको छ भने कतिपय पशुपंछीका मूर्तिहरु स्वतन्त्र रुपमा स्थापना गरेका पाइन्छ । यसरी पशुपंछीका मूर्ति स्थापनामा पनि भक्तपुर दरवार क्षेत्रमा विविधता रहेको छ । त्यसैगरी त्यस क्षेत्रमा प्राप्त पशुपंछीका मूर्तिहरुलाई अझ सुन्दर बनाउनका लागि विभिन्न किसिमका गहनाहरु उत्कीर्ण गरेको पाइन्छ ।

### ४.१ **वास्तुकलामा पशुपंछीको उपयोग**

भक्तपुर दरवार क्षेत्रको कलामा पशुपंछीको मूर्ति प्रचुर मात्रामा पाइएको छ । कतिपय मूर्ति देवदेवीसँग सम्वन्धित रहेका छन् भने कतिपय मूर्ति मन्दिरको सिँढी, ढोका, छाना, तोरण आदिमा प्रयोग गरेको पाइन्छ ।

#### ४.१.१ **देवदेवीसँग**

बढीभन्दा बढी पशुपन्छीको मूर्तिहरू वाहनसँग सम्वन्धित रहेकाले यस्ता मूर्तिहरू देवदेवीसँग बढीमात्रामा देखिन्छ । साथै मूर्ति निर्माण गर्ने कलाकारलेपनि सम्वन्धित पशुपन्छीलाई देवदेवीसँगै राखेर बनाइएको पाइएका छन् । यसले गर्दा सर्वसाधारणले देवदेवीको मूर्ति

अवलोकनको आधारमा राखिएको जीवजन्तुलाई वाहनको रुपमा छुट्याउने गरेका छन् । कतिपय मूर्ति विभिन्न जनावरको शरीरको मिश्रीत भएकोले देवदेवीको कोटीमा नै राख्ने गरेका छन् ।

भक्तपुर दरवारक्षेत्रभित्र रहेको भुवनेश्वरीको मन्दिरमा तुलनात्मक रुपमा अन्य मन्दिरमा भन्दा बढी पशुपंछीको मूर्ति रहेको पाइन्छ । मन्दिरको बुर्जा एवं विभिन्न स्थानमा उपयोग गरिएको देवदेवीको मूर्तिमा समेत पशुपंछीको प्रयोगमा विविधता रहेकोले यो मन्दिर थप महत्वपूर्ण रहेको छ । मन्दिरको अग्रभागको गवाक्षमा वाराहीको आकर्षक मूर्ति रहेको छ । वराहको टाउको जोडिएको यस देवीमा मानवआकृतिका दुई खुट्टा, १२ हात र आयुध बोकेकी देवीले दाहिने खुट्टा होचो कदको राँगोको पीठमा टेकेकी छिन् । सोही मन्दिरको अर्को गवाक्षमा इन्द्रायणीको सुन्दर मूर्ति रहेको छ । १२ हातकी इन्द्रायणीले अत्यन्त कलात्मक हात्ती कुल्चिएकी छिन् । दैत्य बध गरीरहेकी देवीलाई हात्तीले दन्तले घोपिरहेको दृष्य अंकित छ । उठीरहेको हात्तीलाई अझ सुन्दर र कलात्मक बनाउन पिठ्युँमा कालीन र त्यसलाई डोरीले बाँधेको दृष्य राखिएको छ भने टाउकोमा विभिन्न गहनाले सजाइएका छन् ।

त्यसैगरी सोही मन्दिरको नारायणीले पनि गरुड टेकेको छ । दैत्यमाथि प्रहार गरीरहेकी बाऱ्ह हाते नारायणीले पखेटा फिंजाएको गरुडमाथि टेकेको छ । यस मूर्तिमा पनि गरुडको पंख देखाएपनि हात भने मानवाकृत देखिन्छ । पुच्छर भने मयुरको जस्तो छरिएको छ । सोही मन्दिरको अर्को बुर्जामा भने पखेटा विहीन गरुडले दुईहातमा आठहाते नारायणीदेवीलाई थामेको छ । सोही मन्दिरको अर्को एक मूर्तिमा गरुडमाथि चारहाते नारायणी पलेटी कसेर बसेको छ । साथै सोही मन्दिरको अर्को बुर्जामा विणा बजाइरहेकी सरस्वती हाँसमाथि दाँया खुट्टा राखेकी छिन । मन्दिरको अर्को एक बुर्जामा माछामाथि टेकेकी देवी रहेको छ । चारहाते देवीले दुबैखुट्टा माछामाथि टेकेको छ भने माछा कत्लायुक्त रहेको छ । भुवनेश्वरी मन्दिरमा रहेको बुर्जामा नै मकरमाथि टेकेकी गंगा, घोडामाथि चढेकी देवी (?), सिंहमाथि टेकेको चारवटा अन्य देवीका साथै हात्ती माथि टेकेको मूर्ति रहेको छ । विभिन्न देवदेवीमध्ये चक्र, पात्र र मयुरको प्वांख बोकेको भैरव (?) बसाहामाथि बसेको देखाइएको छ । सोही मन्दिरमा पास बोकेको देवता (अग्नि ) मृगमाथि बसेको छ । कान साना तर टाउकोको तुलनामा सानो रहेको यस जनावरको पुच्छरपनि सानो देखिएकोले मृग जस्तो देखिन्छ ।

धेरै वटा बुर्जा भएको उक्त मन्दिरको अर्को एक बुर्जामा माहेश्वरीले बसाहामाथि टेकेको छ । सोही मन्दिर पछाडिको ढुंगेधारामा रहेको शक्तिसहितको पाँचवटा शीर एवं १४ हातयुक्त भैरवको साथमा पनि विभिन्न जीवजन्तुको मूर्ति रहेको छ । उक्त मूर्तिसँग हात र खुट्टामा नागको बाजु र कल्ली, घाँटीमा छोटा र लामा दुई प्रकारको नागभूषण त्यसैगरी गणेशको मूर्तिमा मुसा, हात्तीमाथि आरुढ इन्द्र, नन्दीमाथि आरुढ शिव, गरुडासन विष्णु र सूर्यसँगै घोडाको मूर्ति कुँडिएको छ ।[१]

भक्तपुरको अर्को आकर्षक मूर्तिको रुपमा लिइने श्रीपद्म माविको द्वारमा रहेको महिषमर्दिनी भगवतिको मूर्तिमा पनि पशुपंछीको प्रयोग गरिएको छ । वाहनको रुपमा जिब्रो निकालेको सिंह र टाउको छेडिसकेको अर्थात बध गरीसकेको राँगाको मूर्ति पाइएको छ । पुच्छर उचालीरहेको घाँटीमा घण्टसहितको फलामे सिक्री झुण्ड्याइएको सिंहले वाँया खुट्टा उचालि रहेको छ भने देवीले वध गरेपछिको राँगाको टाउको भुँइमा झरीसकेको र पुच्छर भने देवीको हातले समातेको देखाइएको छ ।

महिषासुरमर्दिनीसँगै रहेको अर्को भैरवको मूर्तिमा भने हात र खुट्टा, कानमा समेत सर्पाभूषण लगाएको छ । यस मूर्तिमा चुरा बाजुको रुपमा सर्पलाई स्थान दिइएको छ भने दाँया बाँया उभिएकी साना कदका सिंघनी र व्याघ्रिणीको मुख बाएको मानवाकृत अर्द्ध जनावर (पूर्ण सिंह र बाघ जस्तो नदेखिने अनुहारका) रहेको छ ।

सोही मूर्तिको बाँया भागमा रहेको भैरबको मूर्तिमा नागभूषण प्रयोग गरिएको छ । भैरबको हात, खुट्टा, कर्णकुण्डल र मालासमेत नागको लगाइएको छ । मूर्तिको दाँया बाँया साना कदका सिंघिनी र व्याघ्रिणीको मुख बाएको मानवाकृत अर्द्ध जनावर (सिंह र बाघको अनुहारसँग मेल खाने) रहेको छ ।

यसैगरी सोही मूर्तिको सम्मुख रहेको शिवलिंगको जलहरीमा समेत नागले बेरेको देखाइएको छ । बसन्तपुर दरवार (संग्रहालय जाने बाटो)को दाँयाबाँया पनि अत्यन्त सुन्दर देवताहरुको मूर्तिका साथै पशुपंछीको प्रयोग गरिएको छ । द्वारको दाँया हनुभैरब र बाँया नृसिंह स्थापना गरिएको छ ।

---

[1] वीणा पौड्याल, **काठमाडौं उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरु** , (ललितपुर : साझा प्रकाशन, २०६०) पृ. ७२

बाँदर मुखाकृतियुक्त हनुभैरब मान्छेमाथि टेकेको छ भने क्रोधमुद्रामा रहेको नृसिंहले हिरण्यकश्यपु बध गरेको दृष्य देखाएको छ । सोही मूर्तिको पछाडिको भागमा रहेको दुई खम्बामा नागपाशयुक्त विष्णु र स्वर्गबाट अमृत बोकेर आएका गरुडको अत्यन्त कलात्मक मूर्ति रहेको छ ।

देवदेवीसँग पशुपंछीको प्रयोगको चर्चा गर्ने क्रममा भक्तपुर दरवारस्थित भैरबचोकपनि अत्यन्त महत्वपूर्ण रहेको छ । यस चोकमा मालतीचोकको वाराही र भैरबका मूर्ति मूर्तिकलाका दृष्टिले उत्कृष्ट हुनुका साथै यी मूर्तिहरुमा प्रयोग गरिएको पशुपंछीमा पनि विविधता रहेको छ । शिलाको बाराही मूर्ति बाँया माथितिर हेरीरहेकी १६ हातकी बाराहीले बसीरहेको राँगो कुल्चेको छ । सोही चोकमा रहेको १८ भैरब मध्ये १६ भैरबले राँगा, वृष, घोडा, मयुर, हाँस, परेवा, रातो चरा, स्याल, भेडा, गरुड, सुगा र गणेशले मुसा एवं कुमारले मयुर कुल्चेको पाइन्छ । यसैगरी सोही चोकको बाहिरी भागमा रहेको मूलचोकस्थित तलेजुको द्वारको दाँयाबाँया अत्यन्त कलात्मक गंगाजमुनाको मूर्ति क्रमश: मकर र कछुवामाथि टेकेको छ । यसै मन्दिरको भित्तामा दर्जनौं देवदेवीहरुको मूर्तिसंगै पशुपंछीका मूर्ति कुँडिएको पाइन्छ । तलेजु प्रवेश गर्ने प्रमुख द्वारको रुपमा रहेको स्वर्णद्वारमा पनि गंगा र जमुनाको मूर्तिसँगै मकर र कछुवाको मूर्ति रहेको छ । यस द्वारमा गणेशको मूर्ति रहेपनि मुसा भने रहेको छैन । द्वारको तोरणको केन्द्रमा महिषमर्दिनी देवीको मूर्ति रहेको छ । चार मुख र दशहाते देवीको दाँया पाउ विन्तिवद्ध गरुडमाथि रहेको छ ।

यसैगरी दरवारक्षेत्र भित्रको कुमारी चोकमा पनि देवदेवीसँग पशुपंछीको मूर्ति हेर्न सकिन्छ । सर्वसाधारणलाई प्रवेश निषेध गरिएको ती स्थानमा अत्यन्त कलात्मक एवं जीवन्त प्रस्तर पशुपंछीका मूर्ति पाइन्छ । दशैंको क्रममा जीवित देवी कुमारीलाई विराजमान गराइने कुमारी चोकमा १०७ वटा कलात्मक देवदेवीका मूर्ति एकैस्थानमा राखिएको छ । उत्तरी भागको दलानमा रहेको यी देवदेवीहरु तीनतहमा रहेका छन् । सबैभन्दा माथिल्लो एवं पश्चिमाभिमुख मूर्तिहरु मध्ये सर्वप्रथम गणेशको मूर्ति रहेको छ । मुसामाथि आरुढ शक्ति सहित गणेश ललितासनमा बसेको छ । त्यसैगरी सिंहमाथि सिंहबाहिनी, नन्दीमाथि सैलेन्द्र सुन्दरी, हाँसमाथि ललितासनमा देवी बसेकी छिन् । सोही स्थानमा हात्तीमाथि ललितासन मुद्रामा इन्द्रायणी, मकरमाथि बसेकी देवी, मृगमाथि बसेकी देवीको मूर्ति रहेको छ । सोही तहको उत्तराभिमुख गरी तीसवटा देवदेवीको मूर्ति रहेको छ ।

प्राय: अधिकांश मूर्ति ललितासनमा रहेको यस तहमा नागेन्द्र नन्दिनीदेवीले उल्लु (कौशिक), भवानीले नन्दी र साँधे चढेकी छिन् । त्यसैगरी नाम स्पष्ट हुन नसकेका देवदेवीमध्ये कतिपयले घोडा, सिंह, हात्तीमाथि ललितासन मुद्रामा बसेकी छिन् । यो तहमा पुरुष देवताको रुपमा पंचमुखी हनुमानको मूर्ति रहेको छ । दसवटा हातसहितका पंचमुखी हनुमान अलिढासनमा उभिएको छ भने यस मूर्तिको वाँया सुँगुरको टाउको, दाँया स्याल र गरुड, र सबैभन्दा माथि बीचमा घोडाको टाउको रहेको छ । यो तहको उत्तराभिमुखी खण्डमा एउटा मात्र मूर्तिमा दुर्गाले महिषमाथि हमला गरेको दृष्य देखाइएको छ ।

चोकका सोही दलानमा पूर्वाभिमुख गरी पहिलो तहमा ९ वटा देवीहरुको मूर्ति राखिएको छ । ती मध्ये कौमारीले कुखुराको भालेमाथि ललितासन मुद्रामा बसेकी छिन् भने भवानीले गरुडमाथि ललितासन मुद्रामा बसेकी छिन् । यसै खण्डमा साँधेमाथि एक देवी बसेकी छिन् भने हात्तीमाथि अन्य ललितासन र पद्मासन गरी बसेकी दुई देवीको मूर्ति रहेको छ ।

कुमारी चोकको दलानमा रहेको तीनतहमध्ये बीचको तहमा कूल २५ वटा मूर्ति रहेका छन् । उत्तराभिमुख गरी स्थापित यी मूर्तिहरुमध्ये २३ वटा मूर्तिहरु सिंहबाहिनी देवीको रहेका छन् । एउटा मूर्ति (चर्तुभुजा नाम गरेकी) मधुकैतभ बध गरीरहेकी देवी गरुडमाथि आरुढ छिन् भने १३ औं मूर्ति अर्थात उक्त तहको बीचको ठूलो सिंहबाहिनी मूर्तिमा (चण्डी) दुई सर्प सहित चन्द्र र सूर्यको मूर्ति रहेको छ । चन्द्रको रथ सातवटा हाँस र सूर्यको रथलाई सातवटा घोडाले तानेको देखाइएको छ ।

तेस्रो अर्थात अन्तिम तहको ३४ वटा मूर्तिमा भने विभिन्न पशुपंछीका मूर्ति राखिएका छन् । यस तहमा पश्चिमाभिमुख गरी स्थापित कूल २७ मूर्तिमध्ये पशुआकृति युक्त हनुमान, गणेश, सुँगुर टाउको भएकी देवी लगायतका मूर्तिमा विविधता पाइन्छ । यो तहको पहिलो मूर्तिमा हनुमानले डमरु र त्रिशुल बोकेको छ । हनुमानको मूर्तिसँगै जोडिएको अर्को मूर्ति सिंहमाथि आलिढासनमा उभिएको छ । उक्त देवमूर्तिसँग त्रिभंगमुद्रामा उभिएकी देवीले मयुर टेकेकी छिन् । सोही स्थानमा दाँया हातमा सर्प बोकेको एक देवता आलिढासन मुद्रामा साँढेमाथि उभिएको छ भने सँगैको अर्को एक मूर्तिमा आलिढासन मुद्रामा उभिएका एक देवताले सुँगुरमाथि टेकेको छ र उक्त देवतासँग

रहेकी शक्तिको बाँया पाउ मयुरमाथि र बाँया पाउले सर्प समाएकी छिन् । सोही मूर्ति सँग रहेको अर्को मूर्तिमा भने आठवटा हात भएको देवता आलिढासन मुद्रामा गरुडमाथि टेकेको छ । अर्को मूर्तिमा आलिढासन मुद्रामा रहेको पुरुष देवताले सर्प र साँढेमाथि टेकेको छ भने उक्त देवताका शक्ति अर्थात स्त्री मूर्तिको टाउको भने सुँगुरको रहेको छ । उक्त मूर्ति अर्द्धपर्यंकासन मुद्रामा रहेको छ । अर्को एक मूर्तिमा एक देवताले हातमा सर्प समाएको र आलिढासन मुद्रामा घोडा र हात्तीमाथि उभिएको छ । अर्को मूर्तिमा भने चामुण्डासँग रहेको देवता आलिढासन मुद्रामा साँढेमाथि टेकेको छ भने उक्त देवताले हातमा बाँयाहातमा सर्प समेत समाएको छ । चामुण्डासँगै रहेको अर्को मूर्ति पुरुष देवताको रहेको छ । उक्त मूर्तिमा पुरुष देवताले सिंहमाथि टेकेको छ । त्यसैगरी सोही मूर्तिसँगै रहेको हनुमानमूर्तिपनि पशुसँग सम्वन्धित मूर्ति हो । आलिढासन मुद्रामा कमलको फूलमाथि उभिएको हनुमानले हातमा पात्र, त्रिशुल र डमरु समाएको छ भने एउटा हात विन्दू मुद्रामा रहेको छ । हनुमानको मूर्ति नजिकै गणेशको मूर्ति रहेको छ । यस मूर्तिमा गणेशले सिंहमाथि कुल्चिएको छ । एक खुट्टा सिंहमाथि र अर्को कमलको फूलमाथि टेकेको आलिढासन मुद्राको गणेशको पाँचवटा टाउको रहेको छ भने दशहात र सँगै शक्ति पनि उभिएकी छिन् । शक्ति त्रिभंग मुद्रामा कमलमाथि उभिएकी छिन् ।

शक्तिसँग उभिएको गणेशसँगैका अन्य तीनवटा मूर्तिमा भने पुरुषदेवताले हात, गला, कानमा सर्पाभूषण लगाएको छ भने जनै समेत सर्पको लगाएको छ । त्यसपछिका दुईवटा मूर्तिमा पशुपन्छी जन्य मूर्ति रहेका छैन । त्यसपछिका मूर्तिमा दशहात र पाँचटाउकायुक्त पुरुष देवता साँढे र सिंहमाथि उभिएको अवस्थामा छ । हातमा सर्प बोकेको उक्त देवतासँगै शक्ति सिंहमाथि उभिएकी छिन् । सोही तहमा रहेको कुमार मयुरमाथि उभिएको दृष्य देखाइएको छ । शक्तिसहितको कुमारले कुखुरा, सर्प बोकेको छ भने उक्त मूर्तिसँग रहेको ब्रम्हाको मूर्ति रहेको छ । ब्रम्हा हाँसमाथि उभिएको छ त्यसैगरी उक्त मूर्तिको सँगै रहेको अर्को मूर्तिमा भने इन्द्रलाई देखाइएको छ । इन्द्र हात्तीमाथि आलिढासन मुद्रामा उभिएको छ ।

कुमारी चोकस्थित दलानमा रहेको विभिन्न देवदेवीका मूर्तिहरुसँग रहेका पशुपन्छीको अध्ययन गर्ने क्रममा सोही स्थानको पूर्वाभिमुख गरी स्थापित सातवटा मूर्तिमा पनि पशुपन्छीका

मूर्तिहरु रहेका छन् । पूर्वाभिमुख मूर्ति मध्ये तीनवटा मूर्तिहरुमा साँढेमाथि आलिढासन मुद्रामा उभिएको पुरुष देवता देखाइएको छ भने एउटा मूर्तिमा वरुण गोहीमाथि आलिढासन मुद्रामा उभिएको छ । वरुणले हातमा सर्पसमेत बोकेको छ । त्यसैगरी अर्को एक मूर्तिमा कुबेर घोडामाथि चढेको देखाइएको छ । उक्त मूर्तिमा न्याउरीले रत्न ओकलेको दृष्यसमेत देखाइएको छ । यो तहको अन्तिम मूर्तिमा विष्णुको मूर्ति रहेको छ । गरुडमाथि आलिढासन मुद्रामा रहेको विष्णुको आठवटा हात देखाइएको छ ।

नगरपालिकाको पूर्वी भागमा रहेको काशी विश्वनाथ रहेको खाल्डोमा चार हाते गणेशको मूर्ति रहेको छ । माथिल्लो भागमा वञ्चरो र डोरी बोकेको गणेशलाई हात्ती देवताको रुपमा लिन सकिन्छ । सोही खाल्डोमा आठहाते देवी र एक देवताको साथमा नागको मूर्ति रहेको छ । देवी नागपाशमाथि कुल्चेको देखाइएको छ । देवीलाई सातटाउको युक्त नागले ओढाइएको छ । नजिकै रहेको देवताको मूर्तिमा पनि सात टाउको युक्त नागले ओढेको छ । अभय मुद्राको उक्त देवता बसेको देखाइएको छ ।

तलेजु मूलचोकमा पनि देवदेवीसँग विभिन्न जनावरहरुको मूर्ति स्थापना गरिएको छ । तलेजु मूलचोकको दुइतल्ले संरचनाको दलिन दलिन एवं भित्ताहरुमा चित्र एवं मूर्तिहरु बनाइएको पाइएपनि अधिकांश चित्र निकै धमिलो एवं जिर्ण भइसकेको छ । जसले गर्दा त्यस्ता चित्रमा उल्लेखित पशुपंछीका चित्र एवं अमुल्य कला दिनप्रतिदिन नष्ट हुँदै गइरहेको छ । अर्कोतर्फ दलिन एवं भित्ताहरुमा टाँसिएको धातुको पाताहरुमा रहेका कतिपय मूर्तिहरु हराइसकेको छ । जुन हालको अवस्था र पुरानो तस्वीरको आधारमा पनि स्पष्ट हुन्छ । प्राप्त पुरानो तस्वीर अस्पष्ट एवं सुक्ष्म रुपमा नखिचिएको हुनाले के कस्ता मूर्तिहरु हराउन पुग्यो भन्न नसकिने अवस्था रहेको छ । हाल रहेको मूर्तिहरुमध्ये तलेजुको प्रवेशद्वारको दाँया दलिनको कापमा सात टाउके नागले ओढेको एक देवता रहेको छ । त्यसैगरी द्वारको बाँया भागमा छ विभिन्न जीवजन्तु उत्किर्ण गरिएको छ । ती जीवजन्तुमाथि दुइहाते देवीहरु आरुढ छिन् । बाँया भागमा रहेको दलिन कापमा रहेको मूर्तिहरुमध्ये वसाहा (४), मयुर (५), सर्प (६) बोका (७), गाई वा गोरु (८) रहेको छ भने सबैभन्दा छेउमा मात्र धनुष बाण बोकेको चारहाते देवता मकरमाथि बसेको देखाइएको छ ।

तलेजुको प्रवेशद्वारको दाँयाबाँया प्रसस्त मूर्ति रहेको छ । अधिकांश देवदेवीसँगै जीवजन्तु रहेको छ । मूलचोकको तलेजु मन्दिरको प्रवेशद्वार दाँया विभिन्न देवदेवीको मूर्ति स्थापना गरेको पाइन्छ । प्रवेशद्वारको दाँया  राँगोमाथि बसेको चार हाते देवता रहेको छ । गदा, त्रिशुल, मयुर प्वाँख बोकेको देवता राँगोमाथि बसेको छ (स्केच १)। त्यसैगरी सिंहमाथि बसेको देवता (स्केच २), सातवटा घोडामाथिको रथमा सूर्य आरुढ (स्केच ३) र सोही मूर्तिसँगै सातवटा हाँसमाथि बनेको रथमाथि चन्द्र आरुढ (स्केच ४) को मूर्ति रहेको छ । त्यसैगरी देवदेवीसँगको मूर्तिको अध्ययन गर्ने क्रममा भेडामाथि बसेको अग्नि देवता (स्केच ८)को मूर्ति रहेको छ । उक्त मूर्तिमा  अग्नि देवताले कलश, वंचरो, गदा र चक्र बोकेको छ । स्केच ९को मूर्तिमा चार हाते देवता घोडामाथि बसेको देखाइएको छ । उक्त देवताले दाँया हातमा गदा, बाँया त्रिशुल, तल्लो दाँया हातमा बीउ र बाँया हातमा न्याउरी बोकेको कुबेरको मूर्ति रहेको छ । सोही मूर्तिसँगै (स्केच १०) चार हाते शिव वसाहामाथि बसेको देखाइएको छ । शिवको माथिल्लो दाँया हातले डमरु, बाँया हातले त्रिशुल तल्ला दाँया हाले अक्षमाला र बाँया हातले कमण्डलु बोकेको देखाइएको छ । स्केच ११ मा रहेको मूर्तिमा चार हाते देवता मयुरमाथि बसेको देखाइएको छ । माथिल्ला दाँया हातले अक्षमाला, बाँया हातले त्रिशुल, तल्ला दाँया हातले विन्दुमुद्रा र बाँया हातले कमण्डलु बोकेको छ । स्केच १२को शंख, चक्र, गदा र पद्मसहितको चारहाते नारायण गरुड माथि बसेको मूर्ति रहेको छ ।

त्यसैगरी द्वारको बाँया भागमा टाँसिएका धातुका पातामा रहेको मूर्तिहरुमा देवदेवीसँगै विभिन्न पशुपन्छीको मूर्ति रहेको छ । उक्त खण्डको स्केच ४को मूर्तिमा तल्लो तहमा हात्ती माथि आरुढ चार हाते देवता रहेको छ । उक्त देवताले चक्र,  वज्र, त्रिशुल र कमलको फूल लिएको देखाइएको छ । स्केच ५ को मूर्तिमा पाश, दण्ड, कमण्डलु र चरु होम्ने यज्ञ सामाग्री बोकेको चार हाते अग्नि देवता बोकामाथि बसेको देखाइएको छ । त्यसैगरी स्केच ६ को मूर्तिमा दण्ड, खड्ग, पद्म र शंख बोकेको देवता वसाहामाथि बसेको देखाइएको छ । साथै स्केच ८ को मूर्तिमा पाश, गदा, शंख र कमण्डलु बोकेको देवता मकरमाथि उभिएको छ भने स्केच ९ को मूर्तिमा धनुष वाण र त्रिशुल बोकेको चारहाते वृद्ध (दारीयुक्त) देवता मयुरमाथि बसेको देखाइएको छ ।

देवदेवीसँग पशुपंछीको मूर्ति अध्ययन गर्ने क्रममा मूलचोकस्थित तलेजु प्रवेश द्वारको बाँया भागमा एउटा मात्र मूर्तिमा देवतासँग जनावर कुँडिएको छ । अन्य मन्दिरहरुमा नवग्रहको मूर्ति कुँडिने सो भागमा तलेजु द्वारको बाँया भागमा भने धनुष बाण बोकेको दुई हाते देवता बसाहामाथि बसेको देखाइएको छ ।

त्यसैगरी तलेजुको प्रवेशद्वारको दाँयाबाँया रहेको गंगा जमुनाले मकर र कछुवामाथि टेकेकी छिन् भने नजिकै रहेको स्वर्णझ्याललाई सिंगार्न प्रयोग भएको बुट्टामा मकर कुँडिएको छ । दुबै झ्यालमा मकरले देवता ओकलेको देखाइएको छ ।

मूर्तिकलाको दृष्टिकोणले उत्कृष्ट तलेजु मूलचोकका तोरणपनि कलाकारिताको दृष्टिले निकै महत्व रहेको छ । तोरण अत्यन्त कलात्मक भएपनि देवदेवीसँग जीवजन्तुको संख्या भने अत्यन्त कम रहेको छ । तोरणको दाँयाभागमा (स्केच १२) तीनमुखे देवता हाँसमाथि घोडचढि बसेजस्तै गरी बसेको देखाइएको छ । उक्त देवताले दाँया हातमा अक्षमाला बाँया हातले त्रिशुल र दुई हात अंजुलीबद्ध रहेको छ । त्यसैगरी तोरणको बाँया भागमा (स्केच १३) इन्द्रले हात्ती चढेको देखाइएको छ । इन्द्रले हातमा वज्र, धनुष र दुइ हात अंजुलीबद्ध रहेको छ । तोरणको तल्लो भागमा दैत्य बध गरीरहेकी देवी सिंहलाई दाँया खुट्टाले टेकेको देखाइएको छ । तोरणको माथिल्लो भागमा रहेको गरुडको दाँयाबाँया (९ र १०) मा चक्र बोकेको नागपुरुष र नागस्त्री लाई पाँच टाउकोयुक्त नागले ओढाइएको छ ।

त्यसैगरी द्वारको माथिल्लो चौकोसमा नृत्यश्वरको मूर्तिसँगै वसाहाको मूर्ति उत्किर्ण गरिएको छ भने त्यसैगरी मूलचोक प्रदक्षिणा पथको जोडिएको पेटीको (द्वारको तल्लो भाग सम्मुख) मध्यमा सातटाउको नागले ओढेको नागदेवताको मूर्ति रहेको छ (५)।

४.१.२ **स्वतन्त्र**

मन्दिरमा शोभा बढाउनका लागि कार्नेशमा बुट्टा कुँड्ने प्रचलन जस्तै पशुपन्छिको मूर्ति पनि कुँडिने गरिन्छ । यसै क्रममा भुवनेश्वरीको मन्दिरको कुनामा रहेको गरुड यस्को ज्वलन्त

उदाहरण हुन । मानवाकृति हातयुक्त पखेटा फिजाई बसेको गरुडलाई सिंगार्नका लागि छातीमा कवच र नागमालाका साथै घंगला जस्तो देखिने लत्रिएको मालापनि कुँडिएको छ ।

स्वर्णद्वारको दाँयाबाँया रहेको अष्टमंगल कलशमा माछालाई स्थान दिइएको छ । अष्टमंगलको चिन्हमा रहने जोडा माछाको टाउको र पुच्छर एक आपसमा विपरित हुने भएपनि यसमा दुईवटै माछाको मुख एउटै दिशातर्फ छ ।

दरवारको सुनधारा मुनि रहेको भगिरथको मूर्तिमा पनि जनावरको प्रयोग भएको छ । यस मूर्तिको चारैतर्फ जलजन्तु, पंछी र काल्पनिक जनावरको मूर्ति कुँडिएको छ । मूतिको माथिल्लो भागमा दाँयाबाँया एक जोडी हाँस सिंहरुपी काल्पनिक जनावर ड्रागनको पीठमा बसेको छ । त्यसैगरी एक जोडी ड्रागन भगिरथको दाँयाबाँया रहेको छ भने सोही मूर्तिको खुट्टा निर गोही ( मकर रहेको छ । साथै खुट्टाभन्दा तलको भागको दाँयाबाँया दुई नागकन्या अञ्जुलीबद्ध भावमा उभिएको छ । त्यसैगरी शैव परम्परालाई शिवलिङ्ग बाहिरको बसेको बसाहाले प्रतिनिधित्व गरेको छ । भक्तपुर दरवार क्षेत्रको पूर्व र दक्षिणपश्चिम क्षेत्रमा रहेको शिवलिङ्गको पश्चिमीभागमा वसाहाको मूर्ति कुँडिएको छ ।

तलेजु मूलचोकमा पनि केही जीवजन्तु स्वतन्त्र रुपमा स्थापना गरिएको छ । मूलचोक तलेजु प्रवेशद्वारको दाँया (स्केच ६) ढोकाको चौकोस अड्याउन राखिने (अन्य मन्दिरमा नवग्रहको बुट्टा कुंडिने स्थान) भागमा विच्छीको मूर्ति बनाइएको छ । त्यसैगरी बसाहाले बोका लखेटेको दृष्य रहेको छ भने द्वारको बाँयाभागमा सिंह र गंगटोको मूर्ति कुँडेको पाइन्छ । साथै तलेजु मन्दिरको बाँया भित्तामा जोडी माछा, (स्केच ३) मकरको मूर्ति स्वतन्त्र रुपले स्थापना राखिएको छ ।

स्वतन्त्र रुपमा स्थापना गरिएको मूर्तिको अध्ययन गर्ने क्रममा तलेजु प्रवेशद्वारको माथि रहेको तोरणको माथिल्लो भागमा गरुडको अंजुलीबद्ध मूर्ति स्थापना गरिएको छ छ (११)। सोही मूर्तिको केही तल (७ र ८) भेडाको आकृतियुक्त जीव रहेको छ । दुइखुट्टे भेडा दुई विपरित दिशातर्फ फर्केको देखाइएको छ । तोरणको तल्लो भागको दाँयाबाँयापनि जीवजन्तुहरुको मूर्ति रहेको छ । तोरणलाई आकर्षक बनाउनका लागि दुबै छेउमा (१ र २) मा मकरको मूर्ति राखिएको छ । विपरित दिशातर्फ फर्केको मकरले ढाल, धनुष र खड्ग सहितको सुरक्षाकर्मी (?) ओकलेको

दृष्य उक्त मूर्तिमा पाइन्छ । सोही मूर्तिको तल्लो भागमा नागका मूर्ति स्थापना गरिएको छ । दाँया मकरको तल्लो भागमा (३) पाँच टाउको युक्त नागले एक नाग पुरुषलाई ओढेको छ भने ती पुरुष विन्तिवद्ध भइ बसेको छ । बाँया भागमा रहेको मकरको तल्लोभागमा पाँचटाउके नागले नागकन्यालाई ओढेको र ती कन्यापनि दाँया भागको पुरुष जस्तै विन्तिवद्ध भइ बसेको देखाइएको छ ।

त्यसैगरी मन्दिर प्रवेशद्वारको तल्लो भाग लुखाखलुमा ढुंगाको दुई सिंहको बीचमा गरुडमुखि सिंह (ब्याल)(३ र ७)ले मणि ओकलेको देखाएको छ । त्यसैगरी ती दुई जनावरको बीचमा दुई सिंह (४ र ६) राखिएको छ । स्वतन्त्र रुपमा राखिएको जनावरको मूर्तिको अध्ययनको क्रममा भण्डारखालमा पनि दर्जनौं जीवजन्तुको मूर्ति पाइएको छ । यस स्थानमा अधिकांश सिंहको मूर्ति रहेका छन् । यी मूर्ति नगरको विभिन्न स्थानबाट संकलन गरी एकै स्थानमा राखिएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

### ४.१.३ **मूर्तिफलक**

भक्तपुर दरवार क्षेत्रभित्रका पशुपंछीका मूर्तिहरुको अध्ययन गर्ने क्रममा श्रीपद्म विद्यालय जाने द्वारको बाहिर रहेको महिषासुर मर्दिनी भगवतिको आकर्षक बुट्टा कुँडिएको पादपीठमा दुई विपरीत दिशातर्फ फकिएको सिंह राखिएको छ ।

भूपतिन्द्र मल्लको सालिकको सिंहासनमा भने आसनको नाम अर्थिने गरी घण्टा झुण्ड्याइएको सिंह उभिएको मुद्रामा छ । सिंहको पछिल्लो भाग भने आसनले छोपिएको छ ।

### ४.१.४ **स्तम्भ**

भूपतिन्द्र मल्लको सालिक ठड्याइएको स्तम्भमा नागलाई स्थान दिइएको छ । जिब्रो लपलपाएको नागको टाउकोमा चराले टेकेको छ । त्यसैगरी भक्तपुर दरवार क्षेत्र भण्डारखाल पोखरी सम्मुख रहेको नारायण मन्दिर अगाडिको खम्बामा एक खुट्टा धसेर अञ्जुलीबद्ध गरुड मूर्ति स्थापना गरिएको छ ।

### ४.१.५ **सिंढी**

भक्तपुर दरवार क्षेत्रमा जनावरको मूर्ति देवदेवीको वाहन वा आसपासपछि बढी रुपमा मठमन्दिरको सिँढीमा प्रयोग भइरहेको छ । यस्तो प्रयोगले एक किसिमले मठमन्दिरको आकर्षण बढ्न पुगेको छ भने अर्कोतिर धार्मिक विश्वास अनुसार मठमन्दिरको त्यस्तो जनावरले रक्षा गर्छ भन्ने मान्यता छ । यसबाहेक कतिपय अवस्थामा सर्वसाधारणलाई जनावरको बारे जानकारी दिने उद्देश्यलेपनि राखिएको महशुस गर्न सकिन्छ । भक्तपुरको पाँचतले मन्दिरपछि एउटै मन्दिरमा पाँचप्रकारका जनावरको प्रयोग दरवारक्षेत्रका सिद्धिलक्ष्मी मन्दिरमा पाइन्छ । यसमन्दिरमा विश्वबाटै लोप हुन लागेको गैंडा, नरपशु, खाडी वा मरुभूमिमा मात्र पाइने उँट, घोडा र सुरक्षाका लागि प्रयोग भइरहेको कुकुरलाई स्थान दिइएको छ । यस मन्दिरमा रहेको गैंडाको मूर्ति वास्तविकतासँग मेल खान्छ । मन्दिरको पहिलो सिँढीको दाँयाबाँया कुकुरको मूर्ति राखिएको छ । पुरुष र महिलाले बच्चा दोर्‍याउनुका साथै सिँढीको दुबैतिर भाले कुकुरलाई बाँधेको पत्ता समाएको छ । वास्तविक कुकुरसँग मेल खानेगरी बनाइएको मूर्तिमा घाँटीमा फलामे सांङ्लासँगै घण्टापनि झुण्ड्याइएको छ ।

मन्दिरको दोस्रो तहमा विश्वबाट दुर्लभ हुन गइरहेको एकसिंगे भाले गैंडाको मूर्तिमापनि एक सिङ मात्र देखाइएको छ । सानो कान, छालाको बाक्लोपना देखाउन कुँडिएको बुट्टा वा आकृति र साना आँखाले गैंडा नपाइने काठमाडौं उपत्यकामा पनि यसबारे जानकारी दिन खोजिएको प्रतित हुन्छ । यो जनावरलाई नियन्त्रणमा लिन चारै खुट्टामा फलामे सांङ्लाले बाँधिएको छ भने घाँटीमा घंगलाको माला र फलामे साङलामा घण्ट झुण्ड्याएर सजाइएको छ । मन्दिरको तेस्रो तहमा घोडाको मूर्ति निर्माण गरिएको छ । प्राय: सूर्य, कल्कि, चन्द्रमा, रेवन्त वा अमिताभको मूर्तिमा घोडाको मूर्ति निर्माण गर्ने भएपनि यस सिँढीमा भने स्वतन्त्र रुपमा निर्माण गरेको पाइएको छ । यस मूर्तिमा घोडालाई विशेष प्रकारले सजाइएको छ । खुट्टामा साना घंगला र चुरी लगाइएको यो मूर्तिमा घोडा कुदाउन आवश्यक लगाम र काठीपनि कुँडिएको छ । यस मूर्तिमा घाँटी र पुच्छरको माथिल्लोभागमा घंगलाको माला लगाइएको छ भने घोडचढी चढ्नका लागि कालीनसमेत राखिएको यस मूर्तिमा घोडाको जगरसमेत स्पष्ट झल्किन्छ ।

मन्दिरको चारौं तहमा रहेको सिँढीमा नरपशुलाई स्थान दिइएको छ । यस अलौकिक प्राणीको मुखाकृति र खुट्टा मानिसको तर अगाडिको खुट्टा र टाउकोको माथिल्लो भागमा सिङसहितको सिंहको जस्तो आकृति र पुच्छर रहेको यो जनावरको घाँटीमा फलामे साङ्ला लगाइएको छ । खुट्टामा घंगला लगाइएको छ ।

यसै मन्दिरको अन्तिम एवं पाँचौ तहको सिँढीमा अन्य मन्दिरमा नरहेको जीव उँटलाई स्थान दिइएको छ । राजस्थान वा खाडीतिर उँटलाई सजाए जस्तै गरी यस मन्दिरको सिँढीमा रहेको उँटलाईपनि विशेष किसिमले सजाइएको छ । अगाडिको दुबै खुट्टामा एक एक वटा घंगला बाँधेको उँटको घाँटीमा फलामे साङ्ला र घंगला रहेको छ भने पिठ्युँमा उँटमा सवार धहुने व्यक्ति बस्नका लागि कालीन (गलैंचा) लगाइएको छ भने उँट चढ्न र कुदाउन सजिलोको लागि बुट्टेदार लगाम लगाइएको छ ।

दरवारक्षेत्रको मठमन्दिरको सिँढीमा विभिन्न मूर्ति रहेपनि फसिदेग:को सिँढीमा पनि विभिन्न जनावर अत्यन्त कुशल पूर्वक बनाइएको छ । यस मन्दिरको सिँढीमा ल्याल र जुरो वास्तविक देखिने गरी दुई साँढे उभिएको देखाइएको छ । त्यसैगरी घाँटीमा डोरीले बाँधेको अवस्थाको दुई हात्तीपनि राखिएको छ । सिँढीमा हात्ती राखेर मन्दिरलाई अझ आकर्षक बनाउने कार्य भुवनेश्वरीको मन्दिरमा अझ बढी स्पष्ट हुन्छ । कमलको फुलको बोट उखेलेर फ्याल्न लागेको दुई हात्ती अत्यन्त आकर्षक ढंगले राखिएको छ । दरवार क्षेत्रमा प्राप्त हात्तीमध्ये यी दुई हात्ती अत्यन्त सजीव र पूर्ण रुपमा वास्तविक हात्तीसँग मेल खाने गरी बनाइएको छ । त्यसैगरी सोही मन्दिरको माथिल्लो सिँढीमा दुई सिंहपनि राखिएको छ । दरवारक्षेत्रको लापांदेग:को सिँढीमा दुई ठुलठुला सिंहको मूर्ति रहेको छ भने विलासपुरको सिँढी, नारायण मन्दिरको सिँढीमा पनि सिंहलाई स्थान दिइएको छ ।

४.१.६ **छाना**

स्वर्णद्वारको छानामा समेत जनावरको मूर्ति कुँडिएको छ । छानामा पखेटायुक्त सिंह, सुँढ उचालेको हात्ती, मुख बाएको चील जस्तो चराको टाउको र ड्रागनलाई स्थान दिइएको छ । त्यसैगरी तलेजु मन्दिरको छानाको दुई कुनामा चारवटा ड्रागनको मूर्ति निर्माण गरिएको छ ।

जनावरको प्रयोगबारे अध्ययन गर्ने क्रममा स्वतन्त्र रुपमा पनि उपयोग गरेको पाइन्छ । कतिपय अवस्थामा मन्दिरसँग कुनै सम्वन्ध नै नरहेको अवस्था छ भने कतिपय सिँढी वा अन्य स्थानमा उपयोग गरेको पाइन्छ । भण्डारखाल पोखरीमा काल्पनिक प्राणीको प्रयोग गरिएको छ । पोखरी क्षेत्र भनी छुट्याइएको स्थानमा नै ढुंगाको पखेटायुक्त ड्रागन बनाइएको छ । अभिलेखमा पनि जनावरको मूर्ति पाइएको छ । फसिदेग:को पूर्वतिर रहेको ढुंगेधाराको माथिल्लो भागमा पाँच टाउके नागसहित दुई बसाहाको मूर्ति कुँडिएको छ । भक्तपुर दरवार क्षेत्रमा बढीमात्रामा सिंहको प्रयोग भइरहेको छ । स्वर्णद्वारको माथिल्लो भागमा सिंहका साथै हात्तीको मूर्ति स्थापना गरिएको छ । त्यसैगरी दरवारक्षेत्रभित्रको सुनधारामा बढीमात्रामा जनावरको मूर्ति कुँडिएको छ । अधिकांश धारामा जस्तै यसधारापनि मकरमुखी भएपनि यसको माथिल्लो भागमा न्याउरी चारपाउ टेकेको छ भने मकरको मुखबाट बोका निस्केको देखाएको छ । त्यसैगरी मकरयुक्त धारामा भेडा, बनेल( स्याल?), कछुवा, भ्यागुता, माछा, नाग, चल्ला, हाँस, चरा, बोका कुँडिएको छ ।

४.१.७ **तोरण**

प्राय: मठमन्दिरको प्रवेशद्वारको माथिल्लो स्थानमा राखिने तोरणमा क्षपुलाई राखिने गरेपनि भक्तपुरको स्वर्ण द्वारको तोरणमा भने नागकुमार र नागकन्यालाई खुट्टाले समाएको उडीरहेको गरुडलाई स्थान दिइएको छ । त्यसैगरी स्वर्ण द्वारको तोरणको दाँया र बाँया रहेको गंगा जमुनाले जलचरमाथि टेकेको छ । दाँया उभिएकी गंगाले मकरमाथि टेकेको छ भने बाँया उभिएकी जमुनाले कछुवामाथि टेकेको छ ।

मूलचोकस्थित तलेजु मन्दिर प्रवेशद्वार माथि रहेको तोरणको माथिल्लो भागमा गरुडको अंजुलीबद्ध मूर्ति स्थापना गरिएको छ छ (११)। सोही मूर्तिको केही तल (७ र ८) भेडाको आकृतियुक्त जीव रहेको छ । दुइखुट्टे भेडा दुई विपरित दिशातर्फ फर्केको देखाइएको छ । तोरणलाई आकर्षक बनाउनका लागि दुबै छेउमा (१ र २) मा मकरको मूर्ति राखिएको छ । विपरित दिशातर्फ फर्केको मकरले ढाल, धनुष र खड्ग सहितको सुरक्षाकर्मी (?) ओकलेको दृष्य उक्त मूर्तिमा पाइन्छ । सोही मूर्तिको तल्लो भागमा नागका मूर्ति स्थापना गरिएको छ । दाँया मकरको तल्लो भागमा (३) पाँच टाउको युक्त नागले एक नाग पुरुषलाई ओढेको छ भने ती पुरुष विन्तिवद्ध भइ

बसेको छ । बाँया भागमा रहेको मकरको तल्लोभागमा पाँचटाउके नागले नागकन्यालाई ओढेको र ती कन्यापनि दाँया भागको पुरुष जस्तै विन्तिवद्ध भइ बसेको देखाइएको छ । कलाको दृष्टिकोणले उत्कृष्ट तलेजु मूलचोकका तोरणपनि कलाकारिताको दृष्टिले निकै महत्व रहेको छ । तोरण अत्यन्त कलात्मक भएपनि देवदेवीसँग जीवजन्तुको संख्या भने अत्यन्त कम रहेको छ । तोरणको दाँयाभागमा (स्केच १२) हाँस देवता घोडचढि बसेजस्तै गरी बसेको देखाइएको छ । त्यसैगरी तोरणको बाँया भागमा (स्केच १३) इन्द्रले हात्ती चढेको देखाइएको छ । तोरणको तल्लो भागमा दैत्य बध गरीरहेकी देवी सिंहलाई दाँया खुट्टाले टेकेको देखाइएको छ । तोरणको माथिल्लो भागमा रहेको क्षपुको स्थानमा गरुड स्थापना गरिएको छ भने त्यसको दाँयाबाँया (९ र १०) मा चक्र बोकेको नागपुरुष र नागस्त्रीको मूर्ति रहेको छ ।

### ४.१.८ **टुँडाल**

जीवजन्तुको प्रयोगलाई लिएर अध्ययन गर्ने क्रममा मूलचोकको टुँडाललाई पनि विशिष्ट रुपमा अध्ययन गर्न सकिने अवस्था रहेको छ । उत्तराभिमुख चारवटा धातुका र अन्य काष्ठकलाका टुँडालमा धेरै किसिमका जीवजन्तु प्रयोग गरिएको छ ।

यस चोकको उत्तराभिमुख १० टुँडालमध्ये ८ वटामा विभिन्न किसिमका जीवजन्तुहरुलाई स्थान दिइएको छ । टुँडालमा प्राय: तल्लो तह सामाजिक जीवन, दोस्रो तहमा देवदेवी र तेस्रो तहमा फूल वा पातले सिंगारिने गरेपनि यस क्षेत्रको टुँडालमा भने तल्लो तहमा जीवजन्तुलाई स्थान दिइएको छ । कतिपयमा स्वतन्त्र र कतिपयमा दैत्यबध गरीरहेको दृष्य रहेको छ । टुँडाल १ ( पूर्वबाट पश्चिमदिशातर्फ)मा तल्लो भागमा स्यालको मूर्ति निर्माण गरिएको छ । त्यसमाथि शवासानमा उभिएकी देवी स्थापना गरिएको छ । त्यसैगरी टुँडाल २ को तल्लोतहमा  स्याल र कुकुरले एक पुरुषलाई झम्टिन खोजेको देखाइएको छ । टुँडाल ४ मा बसाहाको मूर्ति कुँडिएको छ भने त्यसमाथि महेश्वरको मूर्ति राखिएको छ । टुँडाल ५ मा तल हेरीरहेको सिंहमाथि आरुढ वैष्णवी रहेको छ । टुँडाल ६ मा फर्केर हेरीरहेको सिंहमाथि पुस्तक बोकेकी देवी उभिएको देखाइएको छ । त्यसैगरी उत्तराभिमुख टुँडाल ७ मा वसाहाको अर्को मूर्ति रहेको छ । त्यस माथि पात्र, खटवाङ,

पाश र दण्ड बोकेको देवता उभिएको छ भने टुँडाल ९ मा सबभन्दा तल्लो भागमा गरुड झैं देखिने आठ हाते जीव निर्माण गरिएको छ त्यसमाथि सिंहमाथि उभिएको चारटाउको भएका गणेशको मूर्ति रहेको छ । उत्तराभिमुख टुँडालमध्ये अन्तिम टुँडाल (१०) मा घोडामुखि देवतामाथि देवी आरुढ गरेको मूर्ति निर्माण गरिएको छ ।

त्यसैगरी पूर्वाभिमुख १० टुँडालमध्ये ९ वटा टुँडालमापनि विभिन्न किसिमको जीवजन्तुका मूर्ति निर्माण गरेको पाइन्छ । टुँडाल १ (दक्षिणबाट उत्तरतर्फ)को सबैभन्दा तल्लो भागमा घोडामुखी देवताले दुइ दानव बध गरीरहेको र त्यसमाथि सिंहमा आरुढ भैरब देखाइएको छ । त्यसैगरी टुँडाल २ को सबैभन्दा तल्लो तहमा नृसिंहले दुई दैत्य बध गरेको देखाइएको छ । उक्त तहको माथि गरुडमाथि उभिएको विष्णुको मूर्ति निर्माण गरिएको छ । टुँडाल ३ को तल्लो भागमा वराहले दुइ दैत्यको बध गरेको देखाइएको छ भने माथिल्लो भागमा शवमाथि उभिएको देवी राखिएको छ । टुँडाल ४ को तल्लो भागमा नृसिंहले दुई दानव वध गरीरहेको त्यसमाथि मयुरको मूर्ति रहेको छ । मयुरलाई देवीले टेकेकी छिन् । टुँडाल ५ को तल्लो भागमा गरुड देवताले २ दानवको बध गरेको देखाइएको छ । उक्त टुँडालको माथिल्लो भागमा बोकामाथि उभिएको भैरबको मूर्ति राखिएको छ । टुँडाल ६ को तल्लो भागमा सिंहले दुई दानव बध गरेको देखाइएको छ भने माथिल्लो भागमा वसाहामाथि देवी उभिएको मूर्ति रहेको छ । टुँडाल ७ मा मकरले दुई दैत्य बध गरेको देखाइएको छ । उक्त टुँडालको मध्यभागमा संुगुरमाथि उभिएको भैरबको मूर्ति रहेको छ । टुँडाल ९ मा घोडामाथि शक्ति सहितको शिव रहेको छ भने टुँडाल १० मा गरुडले दुइ दानव बध गरेको देखाइएको छ । यस टुँडालको बीचको तहमा भागमा मयुरमाथि देवी उभिएको देखाइएको छ ।

त्यसैगरी मूलचोकको दक्षिणाभिमुख तीनवटा टुँडालमध्ये २ वटामा (पश्चिमबाट पूर्वतर्फ)मात्रै जनावहरुको मूर्ति राखिएको छ । टुँडाल १ मा सिंहमाथि देवी उभिएको देखाइएको छ भने टुँडाल २ मा भने ह्यगृवले दुई दैत्यको टुप्पी समाएको छ देखाइएको छ । यस टुँडालको मध्यतहमा हात्तीमा सवार इन्द्रको मूर्ति निर्माण गरिएको छ ।

मूलचोकको पश्चिमाभिमुख १० टुँडालमध्ये (उत्तरदिशाबाट दक्षिणदिशातर्फ) ८ वटा टुँडालमा विभिन्न पशुपंक्षीको मूर्ति कुँडिएको छ । टुँडाल १ मा गरुडमाथि भैरबको मूर्ति कुँडिएको छ । टुँडाल २ मा कुँसल(शार्दुल)ले दुई दैत्य बध गरेको देखाइएको छ भने त्यसमाथि सिंहमाथि देवी उभिएको देखाइएको छ । टुँडाल ३ को तल्लो भागमा घोडामुखी देवताले दुई दैत्य बध गरेको देखाइएको छ भने माथिल्लो भागमा घोडामाथि भैरबको मूर्ति रहेको छ । टुँडाल ४ को तल्लो भागमा गणेशले दुई दैत्य बध गरेको देखाइएको छ । त्यसमाथि राँगामाथि बाराही चढेकी छिन् । बराहमुखी बाराहीको आठ हात रहेको छ । टुँडाल ५ को तल्लो भाठमा सिंघिनीले दुई दैत्य बध गरेको छ भने माथिल्लो भागमा राँगामाथि भैरब उभिएको छ । त्यसैगरी टुँडाले ६ मा सिंहमाथि देवी उभिएकी छिन् । टुँडाल ७ मा बाँदरले (हनुमान?) दुई दैत्य बध गरेको देखाइएको छ । त्यसमाथि नागफणमाथि भैरब उभिएको देखाइएको छ । टुँडाल १० मा बोकामाथि देवी उभिएको देखाइएको छ ।

त्यसैगरी भण्डारखाल पोखरीमा नारायण र गणेशको मूर्तिमा मात्र जीवजन्तुको मूर्ति पाइएको छ । यस स्थानमा दर्जनौं मूर्ति रहेपनि पोखरी जानेबाटोमा रहेको प्रवेशद्वारमा रहेको नारायण गरुडको पीठमा बसेको छ भने गणेशले सर्पको जनै धारण गरेको छ । उक्त गणेश मूर्तिमा मुसालाई समेत स्थान दिइएको छैन ।

### ४.२ गहना

विभिन्न मन्दिर एवं दरवार क्षेत्रमा सौन्दर्य बढाउन र अन्य प्रयोजनका लागि राखिएको जीवलाई अझ बढी सुन्दर बनाउन जीवजन्तुको मूर्तिमा विभिन्न बुट्टा एवं गहनाहरू कुँडिने गरिन्छ । कतिपय जीवजन्तुमा गहना एवं कपडाजन्य सामाग्री समेत उत्कीर्ण गरिएको पाइन्छ । जसले गर्दा विभिन्न बस्तुबाट निर्मित निर्जिव जीवजन्तुपनि अत्यन्त स्वाभाविक र सजीव जस्तो प्रतित लाग्छ । जीवजन्तुलाई आकर्षक बनाउनका लागि मूर्तिकारको स्वविवेक वा कलामा परेको प्रभाव प्रत्यक्ष त्यस्ता मूर्तिमा प्रतिविम्वित हुने भएकोले यस्ता मूर्तिहरू सौन्दर्यको दृष्टिकोणबाटमात्र

नभै तत्कालिन समाजको स्थितिको अध्ययन गर्ने माध्यम पनि बन्न जान्छ । नेपाली समाजमा मठमन्दिर आदि क्षेत्रमा प्रयोग हुने जीवजन्तुमा कतिपय अवस्थामा गहनाको प्रयोग गर्ने गरेको पाइन्छ । विशेष गरी हिंश्रक जीवजन्तुलाई घाँटीमा फलामे साङ्लाले बाँध्ने गरेको र त्यसमा घण्टा झुण्ड्याइने गरेको पाइन्छ । राजा वा शासकहरूले निर्माण गर्ने मठमन्दिरमा प्रयोग हुने जीवजन्तुको तुलनामा तर, सर्वसाधारणले निर्माण गरेको त्यस्ता मूर्तिमा अत्यन्त कममात्रामा श्रृंगारका सामाग्री प्रयोग भएको पाइन्छ । कतिपय अवस्थामा भने प्रयोग भएको मूर्तिलाई सजीवता दिनका लागि गहना प्रयोग नगरी मूर्तिहरू निर्माण गरिएका पाइन्छ । भक्तपुरको दरवारक्षेत्रमा रहेको मूर्तिमासुक्ष्म रुपले हेर्ने हो भने बढीमात्रामा मुकुट प्रयोग भएको देखिन्छ । कतिपय मूर्तिमा जन्तर, कलि, बाजु र फलामे साङ्ला र घण्टा समेत प्रयोग गरिएको छ ।

४.२.१ **मुकुट**

मूर्तिलाई आकर्षक बनाउन र सामान्य मूर्तिभन्दा पृथक देखाउनका लागि बढीभन्दा बढी प्रयोग हुने गहनाको रुपमा मुकुटलाई राखिन्छ । देवदेवीलाई सिंगार्नका साथै दैत्य र राजा आदिलाई अन्य सर्वसाधारणभन्दा पृथक रहेको देखाउन कलाकारले मुकुट लगाइदिने गरिन्छ । कतिपय अवस्थाभने देवदेवी वा दैत्यआदि बाहेकका अन्य जीवजन्तुलाईपनि मुकुट लगाइदिएको देख्न सकिन्छ । यस दरवारक्षेत्रभित्रका दर्जनौ मठमन्दिर र आसपास रहेका कतिपय जीवजन्तुको मूर्तिमा मुकुट लगाइदिएको पाइन्छ । सिधा अर्थमा हेर्ने हो भने त्यस्ता मूर्तिहरू बढी सुन्दर हुने भएतापनि अन्य मूर्तिको तुलनामा पृथक र असमान्य देखाउनका लागिपनि यस्ता गहना लगाइदिने गरिन्छ । भुवनेश्वरीस्थित मन्दिरको चारै बुर्जामा स्थापित हात फैलाइएको गरुडदेखि अत्यन्त आकर्षक हनुभैरव र नृसिंहका मूर्तिमा समेत मुकुट अत्यन्त सुन्दर ढंगले निर्माण गरिएको पाइन्छ । भुवनेश्वरीको मन्दिरमा रहेको गरुडको शिरमा अत्यन्त सामान्य रुपले मुकुट बनाइएको छ । जस्को बीचमा रत्न धारण गराइएको छ । सोही मन्दिरको माथिल्लो तल्लाको गवाक्षमा राखिएको वाराहीको मूर्तिमा भने विशेष किसिमको मुकुट राखिएको छ । उक्त मूर्ति भक्तपुर दरवारक्षेत्रमा रहेको मूर्तिहरूमा रहेको मुकुटमध्ये आकर्षण बढी छ । सोही मूर्तिसँग सामिप्यता रहने गरी मालतीचोक जाने बाटोमा रहेको नृसिंह र हनुभैरव, गिरी नृसिंहको मुकुट अत्यन्त आकर्षक ढंगले

बढी चोसोमोसोयुक्त बनाइएको छ । बढी चोसोमोसोयुक्त भएपनि अत्यन्त सुक्ष्म बुट्टाले मूर्तिलाई अझ भव्य बनाएको पाइन्छ ।

सुन्धारास्थित भगिरथको मूर्तिमा रहेको नागकन्याको मूर्तिमा जडिएको मुकुटको पनि अध्ययन गर्न लायक देखिन्छ । नागकन्याको टाउकोमा रहेको सुन्दर मुकुटमा रत्न जडान गरिएको छ भने यस्ते अर्को मूर्ति शिवमन्दिरको नागकन्यामा पनि देख्न सकिन्छ । उक्त नागकन्यामा पनि चोसोयुक्त मुकुट पहिऱ्याएको छ । स्वर्णद्वारको गणेश र भण्डारखाल पोखरी जाने द्वारको गणेश मूर्तिमा भने रत्नजडित मुकुट रहेपनि अन्य मुकुटको तुलनामा अत्यन्त सामान्य रहेको छ ।

### ४.२.२ **माला**

देवदेवीहरूलाई सिंगारिने माध्यम भनेको विविध किसिमको गहना भएपनि फूलका मालाहरुले पनि सिंगारिने गर्दछ । यसैक्रममा मठमन्दिर, देवता नजिक राखिने वाहन वा अन्य पशुपन्छिको मूर्तिमा पनि फूलका मालाले सिंगारिने गरेको पाइएको छ । दरवारक्षेत्रको सुन्धारास्थित भगिरथको दाँयाबाँया उभिएकी नागकन्याको मूर्तिमा वैष्णव सम्प्रदायले धारण गरिने वैजयन्ति माला वरण गरेको देख्न सकिन्छ । जुन अत्यन्त आकर्षक र सहज देखिन्छ । यसले नागकन्याको मूर्तिलाई अझ सुन्दर बनाउन प्रयास गरिएको छ । स्वर्णद्वारको गणेश, भण्डारखालको गणेशलेपनि माला धारण गरेको छ । यसैगरी भुवनेश्वरीस्थित सिंहको घाँटीमा, हाडा आगमको टुँडालमा रहेको वराह, विलासपुर जाने बाटोमा रहेको भैरव मूर्तिको दाँयाबाँया उभिएकी सिंघिनी र व्याघ्रिणीको मूर्तिमा पनि वैजयन्ति माला धारण गरेको छ । साथै द्वारको काष्ठ तोरणमा रहेको हनुमान, नाचीरहेको वराह हाडा आगमको टुँडालमा रहेको हात्तीलेपनि माला वरण गरेको छ । विलासपुर द्वारको दाँयाबाँया रहेको सिंहको मूतिका साथै लपंदेग:, भुवनेश्वरी, र भण्डारखाल पोखरीमा रहेको सिंहहरूमा घंगलायुक्त माला लगाइएको छ । त्यसैगरी त्यसैगरी घोडा, गैंडा, उँटमा पनि घंघलासहितको माला लगाइएको छ । घोडा, उँट, गैंडाको खुट्टामा समेत घंगला लगाइएको छ भने लपंदेग:को सिंह, विलासपुरको सिंह, मालतीचोकको सिंह, सिद्धिलक्ष्मीको नरपशुको खुट्टामा घंगला लगाइएको छ ।

### ४.२.३ **सिक्री**

राम्रो देखिन अनेक बुट्टा कुँडिएको वा विभिन्न प्रकारले जोडिएर बनाइने गहना मध्ये सिक्रीपनि एक हो । मानव समाजमा पनि बढीभन्दाबढी प्रयोग हुने चाँदी वा सुनका सिक्री देवदेवीका साथै जनावरका मूर्तिमा प्रयोग गरेको पाइन्छ । प्राय: घाँटीमा लगाइने सुनका सिक्री हुने भएतापनि जनावरको घाँटीमा आवश्यक भन्दा मोटो सिक्री लगाइएको आधारमा पनि ती सिक्री फलामे साङ्ला भन्ने स्पष्ट देखिन्छ । फलामे साङ्ला विशेष गरी जनावरमाथि नियन्त्रणका लागि प्रयोग गर्ने भएतापनि कतिपय जनावरको घाँटीमा मात्र कसिएर बनाइएकोले सौन्दर्यको लागि बनाइएको प्रतित हुन्छ । उदाहरणार्थ विलासपुर भैरव मूर्तिमा रहेको सिंहको घाँटीमा घण्टपनि झुण्ड्याइएको छ । यसबाहेक भुवनेश्वरी, मालतीचोक, लपंदेग: लगायतका सम्पूर्ण सिंहको घाँटीमा घण्टसहितको फलामे साङ्लाले बाँधिएको छ । यसरी फलामे साङ्लाले बाँधेपनि अत्यन्त सजीव र शरीर सुहाउँदो देखिन्छ । सिंह बाहेक सिद्धिलक्ष्मीमन्दिरस्थित अहिंश्रक जनावरलाई नियन्त्रण लिनपनि साङ्ला प्रयोग भएको छ । घोडा, उँट र कुकुर घरपालुवा जनावर भएपनि साङ्लाले बाँधिएको छ भने सोही मन्दिरमा चारखुट्टाले टेकेको मानवाकृतिको नरपशुलाईपनि साङ्लाले बाँधिएको छ । नरपशुको मूर्ति बाहेक अन्य सम्पूर्ण मूर्तिको घाँटीमा साङ्लासँगै घण्टपनि झुण्ड्याइएको छ । भुवनेश्वरीको गरुडमा मात्रै साङलासँगै घण्टको स्थानमा घंगला झुण्ड्याइएको छ । साङ्ला वा सिक्रीलाई कतिपय अवस्थामा घाँटीमा मात्र नबाँधी शरीरको अन्य स्थानमा पनि बाँधिएको पाइन्छ । सिद्धिलक्ष्मीको गैंडा, उँट र घोडा र विलासपुरको सिंह यस्को ज्वलन्त उदाहरण हुन् । सिद्धिलक्ष्मी मन्दिरको गैंडालाई नियन्त्रणमा लिएको प्रतित स्वरुप घाँटी र चारैखुट्टामा साङ्लाले बाँधिएको छ । सोही मन्दिरमा रहेको घोडाको मूर्तिमा भने साङ्लाको प्रयोग लगाममा गरेको छ । यसबाहेक विलासपुरको सिंहको एउटा खुट्टामा पनि साङ्ला प्रयोग गरिएको छ । जुन मल्लकालीन समयमा दरवारको प्रांगणमा राखिने सिंहलाई फलामे साङ्लाले बाँध्ने कलाको प्रभावको रुपमा लिन सकिन्छ । जुन ललितपुर दरवारक्षेत्रमा पनि सोही प्रकृतिको सिंहको मूर्ति पाइएको छ ।

यसबाहेक जनावरसँग सम्वन्धित मूर्तिहरूमा सिक्रीपनि प्रयोग भएको पाइन्छ । भुवनेश्वरीको सिंह, सिद्धिलक्ष्मीको नरपशुमा फलामे साङ्लाको अतिरिक्त सिक्रीपनि प्रयोग भएको छ । स्वर्णद्वारस्थित शंखबोकेकी केटी (शंख किरा?)को घाँटीमा आठवटा रत्नयुक्त सिक्री र टाउकोमा पनि सिक्रीले सिंगारिएको छ ।

### ४.२.४ **मणि**

नाग प्रजातिको शीरमा मणि धारण गर्ने गरिन्छ । भक्तपुर दरवार क्षेत्रमा पनि बढीभन्दा बढी नाग प्रजातिको शीरमा धारण गरेको पाइन्छ । भागिरथको सुन्धारा मूर्तिमा रहेको तीन टाउके नागको शीरमा मणिले आकर्षण थपिएको छ । यसैगरी भक्तपुर दरवारको प्रांगणमा रहेको भूपतिन्द्र मल्लको शालीकमा रहेको स्वर्ण नागको टाउको मणिले आकर्षण थपिएको छ । तर नागपोखरीस्थिन नागको टाउकोबाट मणि हराएको वा झरीसकेको स्पष्ट हुन्छ । यसैगरी विलासपुरको द्वारको भैरबको मूर्तिको खुट्टामा रहेको नागमणिले राम्रो देखिन्छ । सुन्धाराको नागको टाउकोमा रहेको मणिले पनि मूर्तिलाई सजिव बनाएको छ ।

### ४.२.५ **चुरा/बाजु/कली**

स्त्री जातिले नाडीमा चुरा र स्त्री पुरुष दुबैले पाखुरामा बाजु लगाउनुका साथै खुट्टामा कली लगाउने गरेपनि भक्तपुर दरवार क्षेत्रभित्रका पशुपन्छिको मूर्तिमा तीनै गहना प्रयोग भएको पाइन्छ । भगिरथ रहेको मूर्तिमा नागकन्याले हातमा बाजु लगाएकी छिन् । त्यसैगरी स्वर्णद्वारमा रहेको शंख बोकेकी जीवको हातमा चुरा र बाजु धारण गराएको छ । शिव मन्दिरको नागकन्याका साथै सिद्धिलक्ष्मी मन्दिरको नरपशुले चुरा र बाजु धारण गरेको छ । भुवनेश्वरी मन्दिरको माथिल्लो बुर्जाको कुनामा रहेको गरुडले चुरा धारण गरेको छ । सोही मन्दिरको माथिल्लो तल्लाको गवाक्षमा रहेको पश्चिमाभिमुख वाराही र हाडाआगंको मूर्तिको वाराहीमा बाजु जस्तो चुरा लगाइएको छ । ती मूर्तिको खुट्टामा पनि बुट्टेदार कली लगाइएको छ । त्यसैगरी विलासपुरको भैरवमूर्तिको दाँयाबाँया रहेको सिंघिनी र व्याघ्रिणीको मूर्तिमा चुरा लगाइदिएको छ ।

विलासपुरको दाँयाबाँया रहेको सिंहका साथै मालतीचोकको बाहिर रहेको सिंह, लपंदेग:को सिंहको खुट्टामा कली लगाइएको छ । उक्त गहनाले निर्जीव मूर्तिपनि सजीव जस्तो देखिन्छ । भुवनेश्वरीको गरुडले हातमा चुरी र पाखुरामा बाजु लगाउनुका साथै नारायण मन्दिरको गरुडको खुट्टामा कली र स्वर्णद्वारको गरुडको हातमा कली लगाइदिएको छ । सिद्धिलक्ष्मी मन्दिरको सिंढीमा स्थापित नरपशु,घोडा, भक्तपुर दरवार प्रवेश गर्ने काष्ठद्वारको हनुमान, वराह र स्वर्णद्वारको गणेश को खुट्टामा पनि कलि रहेको छ । यसैगरी मालतीचोक प्रवेश गर्ने द्वारको बाहिर रहेको गिरी नृसिंह, नृसिंह र हनुभैरवको मूर्तिको हातमा बाजु प्रकृतिको बाक्लो चुरा, पाखुरामा बुट्टेदार बाजु र खुट्टामा पनि विशेष बुट्टा कुँडिएको कली रहेको छ ।

### ४.२.६ **विविध**

सौन्दर्यको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण गहनाहरूमध्ये भक्तपुर दरवार क्षेत्रका पशुपन्छीको मूर्तिमा कर्ण कुन्डल, मोती माला, जन्तर, औंठी र मेखलाबन्धपनि रहेको छ । स्वर्णद्वारको शंख बोकेकी केटीले कानको प्वाल देखिने गरी कर्ण कुण्डल लगाइएको छ भने सिद्धिलक्ष्मी मन्दिरस्थित चार खुट्टाले टेकेको तर मानवमुखाकृतिसँग मेल खाने नरपशुलाई जन्तर लगाइ दिएको छ । भुवनेश्वरी मन्दिरको गवाक्षमा रहेको हात्तीको मूर्तिको दाँतमा समेत गहना लगाइदिएको छ । हस्ति दन्तमा रत्नजडित औंठी र टाउकोमा मोतिमालाले सिंगारिएको छ । भण्डारखालको प्रवेशद्वारमा रहेको गणेश, मालतीचोकको प्रवेश द्वारको हनुभैरबको खुट्टामा घंगला बाँधिएको छ । गहनाको अध्ययन गर्ने क्रममा नारायणमन्दिरको गरुड, मालतीचोकको हनुभैरब, हाडाआगमको वाराहीको कम्मरमा मेखलाबन्ध बाँधिएको छ । मूर्तिलाई सुन्दर र आकर्षक बनाउने क्रममा विलासपुर जाने द्वारको दाँयाबाँया रहेको सिंह मूर्तिको शीरमा गजुरसमेत राखिदिएको छ ।

## ४.३ पशुपन्छिको मूर्तिमा पाइएको विविधता

दरवार क्षेत्रभित्रको पशुपंछीको मूर्ति अध्ययन गर्ने क्रममा केही विशिष्ट मूर्तिहरु चर्चा गर्नु सान्दर्भिक देखिन्छ । कतिपय मूर्ति अन्यत्रको तुलनामा निकै आकर्षित रहेको छ भने कतिपय मूर्तिमा त्रुटी समेत भेटिएको छ ।

भुवनेश्वरीको वराहको टाउको जोडिएको यस देवीमा मानवआकृतिका दुई खुट्टा, १२ हात र आयुधका साथै पोशाक र गहनाले सिंगारेर देवीको रुपमा स्थापित गरेको छ । त्यसैगरी दाहिने खुट्टा होचो कदको राँगोको पीठमा टेकेको पाइन्छ । प्रत्यक्ष रुपमा गाई जस्तो देखिएपनि जनावरको लिंगको आधारमा यो जनावर राँगा भन्ने स्पष्ट हुन्छ ।

खुट्टा उचालेको राँगामा कुनै किसिमका गहना वा पोशाक नरहेपनि मूर्ति भने निकै कुशल पूर्वक बनाइएको छ । तुलनात्मक रुपमा पुच्छर भने मोटो रहेको छ । सोही भूवनेश्वरीको मन्दिरको माथिल्लो तल्लाको चारैतिरको कार्नेसमा विभिन्न देवदेवीमध्ये चक्र, पात्र र मयुरको प्वांख बोकेको भैरव (?) बसाहामाथि बसेको छ । पलेटी कसेर बसेको भएपनि बसाहा अत्यन्त सजीव पाइन्छ । बसाहाको ल्याल, भैरबतर्फ हेरेको छ भने पुच्छर घुम्रिएकोले केही काल्पनिकता मिसिएको आभास हुन्छ । यस मूर्तिमा पनि कुनै किसिमको श्रृंगार गरेको पाइन्न । सोही मन्दिरको नारायणीको खुट्टाले टेकेको गरुडको पंख देखाएपनि हात भने मानवाकृत देखिन्छ । पुच्छर भने मयुरको जस्तो छरिएको छ । यस मन्दिरमा रहेको दुईवटा हात्ती भने निकै आकर्षित रहेको छ । पिठ्युँमा कालिन ओछ्याइएका हात्ती अत्यन्त सजीव देखिन्छ ।

यस क्षेत्रको सिद्धिलक्ष्मी मन्दिरमा रहेको सिँढीमा राखिएको जनावरका मूर्ति अत्यन्त सजीव र आकर्षक रहेको पाइन्छ । सिँढीमा रहेको कुकुर, उँट र घोडा अत्यन्त सजीव रहेको छ भने गैंडाको अनुपातमा केही नमिलेको जस्तो देखिन्छ । साथै नरपशुको मूर्तिमा अनुहारमा दाऱ्ही बनाइएकोले पशु वा मानिस कुन हो भनी छुट्याउन सकिन्न ।

जनावरको मूर्ति निर्माणको क्रममा वसन्तपुर दरवारको दाँयाभागमा रहेको चारहाते हनुभैरव र नृसिंहपनि अतिआकर्षक रहेको छ । अत्यन्त सुक्ष्म आभुषणका साथै विभिन्न आयुध

(हथौडा, अग्नि, त्रिशुल र पुष्प) बोकेका हनुभैरवको मुखाकृति बाहेक अन्य सम्पूर्ण भाग मानवाकृतिमा रहेको छ । हनुभैरवलाई डरलाग्दो देखाउनकालागि मुख बाएको देखाएको छ । यसले बाँदर प्रजातिको दाऱ्हासमेत देखिएकोले मूर्ति निकै आकर्षक देखिन्छ । त्यसैगरी नृसिंह मूर्ति अत्यन्त कलात्मक मूर्ति मध्ये एक मान्नसकिन्छ । दाँया हातमा चक्र र बाँया हातमा गदा बोकेको नृसिंहले दुई हातले हिरण्यकश्यपुको पेट चिरेको देखाएको छ । मूर्तिलाई सजीव बनाउनका लागि नृसिंहले मुख बाएको छ भने यस मूर्तिमा अत्यन्त सुक्ष्म आभुषण एवं बुट्टा कुँडिएकोले मूर्ति अत्यन्त आकर्षक रहेको छ । मुख सिंह र अन्य शरीर मानवाकृत यस मूर्ति निर्माणको क्रममा प्राविधिक कमजोरी देखिन्छ । नृसिंहले हिरण्यकश्यपु बधको क्रममा दैत्यको खड्ग र मतूक झरेको देखाइएको छैन भने दाँया हात समेत स्वतन्त्र रुपले छोडेको पाइन्छ । त्यसैगरी दुई खुट्टासमेत कुनै अवरोध त्यसै छोडेको छ । जसले गर्दा नृसिंहमाथि कुनैपनि दुर्घटना निम्तिनसक्ने अवस्था रहेको छ ।

भक्तपुरको अर्को आकर्षक मूर्तिको रुपमा लिइने श्रीपद्म माविको द्वारमा रहेको भगवतिको मूर्तिमा वाहनको रुपमा जिब्रो निकालेको सिंह र टाउको छेडिसकेको राँगाको मूर्ति पाइएको छ । यस मूर्तिमा सिंहले वाँया खुट्टा उचालेको छ भने पुच्छर स्वाभाविक रुपमा घुम्रिएको छ ।

शैव परम्परालाई शिवलिङ्ग बाहिरको बसेको बसाहाले प्रतिनिधित्व गरेको छ । भक्तपुर दरवार क्षेत्रमा एक्लो तर शिवको पूर्वी द्वारमा घुँडा ढसेर बसेको बसाहा धेरै खिइसकेको छ । यद्यपी यस मूर्तिमा पनि कुनै किसिमको श्रृंगार गरिएको छैन ।

शिव मन्दिरमा रहेको शंखबाट जल अर्पण गरीरहेको नागकन्या अत्यन्त सुन्दर ढंगले निर्माण गरेको पाइन्छ । नागको तल्लो भाग नागको शरीर र माथिल्लो (कम्मरदेखि माथि) मानवाकृतिमा रहेको उक्त नागकन्यालाई पाँचटाउको युक्त नागले ओढेको छ । मणिसहितको नागको पाँचैवटा टाउकोमा आभामण्डल जस्तै देखाउन खोजेको छ । साथै नागको पेटको भागमा कत्लासमेत देखाउन खोजेको छ

मन्दिरमा शोभा बढाउनका लागि कार्नेशमा बुट्टा कुँड्ने प्रचलन जस्तै पशुपन्छिको मूर्ति पनि कुँडिने गरिन्छ । यसै क्रममा भुवनेश्वरीको मन्दिरको कुनामा रहेको गरुड यस्को ज्वलन्त उदाहरण हुन । मानवाकृति हातयुक्त पखेटा फिजाई बसेको गरुडलाई सिंगार्नका लागि छातीमा

कवच र नागमालाका साथै घंगला जस्तो देखिने लत्रिएको मालापनि कुँडिएको छ । स्वर्णद्वारको दाँयाबाँया रहेको अष्टमंगल कलशमा माछा लाई स्थान दिइएको छ । अष्टमंगलको चिन्हमा रहने जोड माछाको टाउको र पुच्छर एक आपसमा विपरित हुने भएपनि यसमा दुईवटै माछाको मुख एउटै दिशातर्फ छ।

भण्डारखाल पोखरीमा जाने बाटोमा रहेको द्वारमा गरुडनारायणको अनुहारभने मानवाकृतका छन् । हात मानवको जस्तो देखिएपनि खुट्टा भने चराको देखाइएको छ । हत्केला स्पष्ट छैन । त्यसैगरी नारायण मन्दिर अगाडिको स्तम्भमा एक खुट्टा धसेर अञ्जुलीबद्ध गरुडको हात र खुट्टाका साथै अनुहारपनि मानवाकृत रहेको छ । नागलाई गलामा लगाएको यस गरुडको पखेटापनि रहेको छ । धोति लगाएका अत्यन्त स्वाभाविक देखिने यो गरुडको कानमा कानफट्टा समूहले लगाउने जस्तो रिङ र अनुहारमा जुँगा रहेको छ ।

बसन्तपुर दरवारको प्रवेशद्वारको बाँया खम्बामा स्थापना गरिएको गरुड कलाकारिताको दृष्टिले महत्वपूर्ण रहेको छ । अत्यन्त सुक्ष्म कलाकारिता रहेको यस गरुडको आठहात देखाइएको छ भने दुई जोडी हात शरीरको अघिल्लो भाग (विन्तिवद्ध मुद्रा र अमृतघट बोकेको) र दाँया भागमा दुई वटा हात (एक हातमा अक्षमाला र अर्कोमा पुस्तक) र बाँया भागमा पुष्प र छत्र बोकेको हात देखाइएको छ । चारै जोडी हात मानवाकृति देखिएपनि मूर्तिको मुख भने गिद्ध वा चीलको भैं चुच्चो रहेकोले मात्र यो जीवलाई पंछी भनेर जान्न सकिन्छ । यो गरुडले टेकेको सातवटा नागको नागपाश अत्यन्त आकर्षक देखिन्छ भने त्यसको सात नागको सातैवटा टाउकोमा मणि रहेको र नागले जिब्रो निकालेको भैं देखिएकोले सजीव देखिन्छ ।

भक्तपुर दरवारक्षेत्रभित्रको प्रमुख आकर्षणको केन्द्र स्वर्ण द्वारमा हात्ती टाउके गणेशलाई द्वारमा उपयोग गरेको छ । सुरक्षाको देवताको रुपमा लिइने यस गणेशले नागको जनैपनि धारण गरेको छ । यसमा मुसा भने देखिन्न । त्यसैगरी भण्डारखाल पोखरीको प्रवेशद्वारमा पनि गणेशको उपयोग गरिएको छ । यस द्वारमा पनि चार हाते गणेशको वाहन मुसालाई भने स्थान दिइएको छैन ।

भक्तपुर दरवार क्षेत्रस्थित फसिदेग:को पूर्वी भागमा रहेको ढुंगेधारामा रहेको शिलालेखमा रहेको दुई वटा वसाहाको मूर्ति निकै आकर्षित रहेको छ । शिलालेखको शिरोभागमा रहेको शिवलिङ्ग तिर हेरीरहेको दुई बसाहाको जुरो अत्यन्त स्वभाविक देखिन्छ भने पछाडिको खुट्टा पूर्ण रुपमा बसेको र अगाडिको दुई खुट्टा भने केही उठेको देखाइएको छ । वसाहाको पुच्छर भने केही मोटो रहेको देखिन्छ । त्यसैगरी उक्त शिलालेखमा नागपाशयुक्त पाँच टाउके नागको मूर्ति पनि रहेको छ । नाग मूर्तिको टाउकोको अनुपात केही फरह देखिन्छ भने नागपाशमा चारवटा नागमात्र देखिन्छ ।

भक्तपुर दरवार क्षेत्रभित्रका अधिकांश सिंह वास्तविकतासँग मेल खाँदेन । यसैक्रममा पचपन्न झ्याल अगाडिको मन्दिरमा रहेको दुई सिंहको टाउको बाटुलाकार रहेको छ भने डरलाग्दो रुप देखाउन खोज्ने क्रममा उक्त सिंह हाँसीरहेको झैं प्रतीत हुन्छ । यसैगरी वसन्तपुर दरवारको प्रवेशद्वारमा रहेको दुई ठूला सिंह निकै कलात्मक देखिन्छ । सिंहलाई सिंगार्नका लागि विभिन्न आभुषणको प्रयोग गरेको पाइन्छ भने टाउकोमा गजुर र घाँटीमा घण्टासमेत लगाइदिएको छ । प्राकृतिक सिंहसँग मेल नखाएपनि यो सिंहलाई डरलाग्दो बनाउनका लागि मुख बाएको देखाएको छ । जसले गर्दा सिंहको दाऱ्हा समेत देखाइएको छ । दाँया भागमा भाले सिंह र बाँया भागमा पोथी सिंह प्रयोग गरेपनि भाले सिंहको लिंगसमेत निर्माण गरेको छ भने पोथी सिंहको लैंगिक चिन्ह भने कुँडिएको पाइन्न । साथै यो सिंहको पंजा र नंग्रापनि वास्तविकतासँग मेल खाँदैन । सिंहको केश घुम्रिएको र पुच्छर समेत शरीरको माथिल्लो भागसम्म तेर्सिएको आकर्षक मान्न सकिन्छ । यसबाहेक भण्डारखाल पोखरीमा रहेको दर्जनौं सिंहहरु हाँसिरहेको जस्तो देखिन्छ भने ती मूर्ति पनि वास्तविकतासँग मेल रहेको पाइन्न ।

# पाँचौं अध्याय

## ५.१ निश्कर्ष तथा सुझावहरु

भक्तपुर राजदरवार क्षेत्रमा रहेको पशुपंछीका मूर्ति अध्ययन गर्ने क्रममा ती मूर्तिहरु कलाको दृष्टिले अत्यन्त सजीव एवं विविधतायुक्त रहेको पाइएको छ । नेपाली परिवेशमा नरहेका जीवजन्तुका साथै विभिन्न अत्यन्त सुक्ष्म एवं गौण जीवजन्तुलाई पनि कलाको माध्यमबाट स्थान दिइएको छ । यसले एकातर्फ जीवजन्तुबारे ज्ञान दिन सफल भएको छ भने अर्कोतर्फ सुक्ष्म एवं अत्यन्त कलात्मक मूर्ति स्थापनासँगै स्थापत्यकलालाई अझ उकास्न सफल भएको छ ।

ईशापूर्वकालदेखि नै मूर्तिकलामा जीवजन्तुलाई स्थान दिइएको आधारमा पनि पशुपन्छीको महत्व आदिमकालदेखि नै प्रचुरमात्रामा थियो भन्न सकिन्छ । त्यसमाथि पशुपंछीलाई वेद, तन्त्र साहित्य, ज्यौतिष, पुराण लगायतका धार्मिक ग्रन्थहरुमा दिइएको स्थानले मानव जीवनमा पशुपन्छीले निकै महत्व राखेको स्पष्ट हुन्छ । नेपालको सन्दर्भमा हालसम्म प्राप्त मूर्ति मध्ये सम्राट अशोकको राज्यारोहणको २० औं वर्षमा लुम्बिनीमा स्थापित अशोक स्तम्भमा रहेको घोडाको मूर्ति सर्वप्राचीन रहेको छ । सोही परम्पराको निरन्तरता वा अन्य कारण मुलुकको विभिन्न स्थानको मूर्तिमा पशुपंछीलाई स्थान दिएको देखिन्छ । यसैक्रममा भक्तपुर दरवार क्षेत्रमापनि प्रचुर मात्रामा पशुपंछीलाई स्थान दिइएको छ । कतिपय मूर्ति धार्मिक महत्व दर्शाउनका लागि देवदेवीका वाहनको रुपमा स्थान दिइएको छ भने कतिपयमा भने सौन्दर्यशास्त्र अनुसार मठमन्दिर वा त्यस क्षेत्रलाई सिंगार्नका लागि प्रयोग भएको पाइन्छ ।

विभिन्न देवदेवीको वाहनका रुपमा मात्र नभइ देवदेवीको रुपमा पूजिने परम्पराको आधारमा (वाराही, हनुमान, सिंघीनी, व्याघ्रिणी, महाविष्णु) पनि पशुपंछीको महत्व अझ व्यापक मान्न सकिन्छ । गाईजात्रा, घोडाजात्रा, राँगाजात्रा जस्ता संस्कार एवं मनोरंजनका लागि गरिने

जात्रा बाहेक देवदेवीको रुपमा नृसिंहजात्रा, नीलवृषजात्रा(दीपंखा), चोलेचाजात्रा (पाठीजात्रा) गर्ने गरेको छ । यस आधारमा पनि पशुपंछीको महत्व प्राचीनकालदेखि नै निकै मान्न सकिन्छ ।

जीवजन्तुलाई व्याख्या एवं विश्लेषण गर्ने क्रममा थलचर, नभचर, जलचर, सरीसृप र किराफट्यांग्राको रुपमा विभाजन गर्न सकिन्छ । यद्यपी नेपाली समाजमा रहेको आख्यान एवं मूर्तिकलाको आधारमा नरपशु र ड्रागनलाई समेत भक्तपुर दरवारक्षेत्रको कलामा समावेश गरिएको छ । यस स्थानमा नेपाली भूभागमा नपाइने उँट, सिंहलाई स्थान दिइएको छ । त्यसैगरी उपत्यकामा नपाइने गैंडा, मूर्तिकलामा प्राय: विरलै पाइने कुकुर, विच्छी, माकुरो, गंगटाका मूर्ति यस क्षेत्रमा पाइएको छ । यसबाहेक न्याउरी, उल्लु, कुखुरा, परेवा, भ्यागुता, छेपारोको मूर्तिले सजिएको भक्तपुर दरवार क्षेत्रमा यी जीवजन्तु कतिपय देवदेवीका वाहनको रुपमा छन् भने कतिपय सिंढी छाना स्वतन्त्र रुपले स्थान दिइएको छ । जीवजन्तुलाई सजीव बनाउनका लागि हरसंभव प्रयास गरिएको महशुस हुने यस स्थानको कलाकृतिको आधारमा पनि ती जीवको महत्व दर्शाइ संरक्षण गर्नुपर्छ भन्ने चेतना दिने प्रयास गरेको मान्न सकिन्छ । यसलाई जैविक विविधताको रुपमा लिन सकिन्छ । यस्को ज्वलन्त नमूना जलचरहरु पानीसँग सम्वन्धित स्थल ढुंगेधारा, जलद्रोणी आदिमा पाइन्छ । कतिपय मूर्ति जीवजन्तुको प्रकृति दर्शाउन सोही प्रकृतिका दृष्यसमेत कुँडिएको पाइन्छ । जऱ्हंचोक काठको खापा, मूलचोकको तलेजु मन्दिरको सम्मुख रहेको झ्याल यस्को उदाहरण हुन् ।

जीवजन्तुको महत्वलाई दर्शाउन विग्रह वा परिवर्तित स्वरुपलाई समेत स्थान दिइएको भक्तपुर दरवार क्षेत्रमा पशुपंछीका मूर्ति मठमन्दिरको सिँढी, स्तम्भ, तोरण, टुँडाल, मूर्तिफलक, छाना आदि स्थानमा बनाइएको छ । त्यस क्षेत्रको धार्मिक, सामाजिक, सांस्कृतिक एवं ऐतिहासिक क्षेत्रको महत्व बढाउन वा सुन्दरता थप्न, जीवजन्तुको महत्व एवं गुण दर्शाउन स्वतन्त्र वा विभिन्न देवदेवीसँग मूर्ति निर्माण गरेको पाइन्छ । पशुपंछीका मूर्तिलाई सजीव बनाउनका लागि अत्यन्त सुक्ष्म बुट्टा निर्माणदेखि चुरा, सिक्री, गहना, मुकुट, माला आदि समेत लगाइदिएका छन् ।

कलाकृतिको दृष्टिकोणले मात्र नभई धार्मिक, सामाजिक, सांस्कृतिक दृष्टिकोणले समेत महत्वपूर्ण भक्तपुर दरवार क्षेत्रको पशुपंछीका मूर्तिको अध्ययनले प्राणीशास्त्रको अध्ययनको लागि समेत सघाउ पुऱ्याउने छ भनी आशा गर्न सकिन्छ ।

भक्तपुर जिल्लालाई धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको रुपमा हेर्न सकिन्छ । त्यसमाथि वर्षेनी हजारौं पर्यटकहरु भक्तपुर दरवार क्षेत्रको अवलोकनका लागि पुग्ने गर्छन् । तर, यहाँ सोचे अनुसारको पुरातात्विक सामाग्री, मठमन्दिर, ढुंगेधारा, कोट, दरवार आदिमा रहेको मूर्तिहरुको संरक्षण गर्न वा प्रकाशमा ल्याउन सकीरहेको छैन । तर, पनि केही सुझावहरु दिन सकिन्छ -

क) दरवार क्षेत्रको सम्पदाहरुमा रहेको जीवजन्तुका मूर्तिहरु शैक्षिक दृष्टिकोणले पनि महत्वपूर्ण मान्न सकिन्छ । यस स्थानमा रहेको जीवजन्तुका मूर्तिलाई पठन पाठनको विषय बनाउनका लागि वास्तविकता जीवजन्तुसँग के कति मेल खान्छ भनी अध्ययन गर्नुपर्ने आवश्यकता समेत देखिएको छ ।

ख) उपत्यकाभित्र तान्त्रिक रुपमा अगाडि रहेको भक्तपुर दरवार क्षेत्रको कलाकृति अध्ययन गर्न असहज अवस्था रहेको छ । यस क्षेत्रमा सहज रुपमा अवलोकन गर्न स्थानीय गुठी वा सरोकारवालाहरुले अनुमति नदिएका कारण भक्तपुर दरवारक्षेत्रमा अझै सयौंको संख्यामा पशुपंछीका मूर्तिहरु हुनसक्ने अनुमान गर्न सकिन्छ । सरोकारवालाहरुले मूलचोक, भैरबचोक, कुमारीचोक, दुइमाजुचोक लगायतका स्थानमा तस्वीर खिच्न र अध्ययनका लागि समेत लगाएको प्रतिवन्धले एकातर्फ त्यस क्षेत्रको कलाकृति बारे अझ गहिराइसम्म अध्ययन गर्न असमर्थ भएको छ । तसर्थ, यस क्षेत्रको अध्ययन अघि बढाउनका लागि सर्वसाधारणलाई अनुमति दिनुपर्ने देखिन्छ ।

ग) अध्येताहरुको समेत पहुँचभन्दा बाहिर रहेको भक्तपुर दरवार क्षेत्रको भित्रीचोकहरुमा उत्कृष्ठ काष्ठकला एवं चित्रकला पाइन्छ । यसबारे अध्ययन गर्न अनुमति स्थानीय सरोकारवालाहरुले नदिएका कारण त्यस्ता कला संरक्षणमा उदासिनता देखा परेको छ । त्यसैले यस्ता कलाकृतिको अध्ययन तत्काल थाल्नुपर्ने देखिन्छ ।

घ ) सर्वसाधारणको पहुँचभन्दा बाहिर र केही सरोकारवालाहरुको एकाधिकारीताले गर्दा यस क्षेत्रमा के कति जीवजन्तु र अन्य मूर्ति छ भन्न सकिएको छैन । यसले गर्दा यहाँका कलाकृति हराउने क्रम बढ्न थालेको छ भने संरक्षणको अभावमा मानवीय एवं प्राकृतिक रुपमा क्षति पुग्न थालेका छन् । उक्त क्षति विश्व कलाक्षेत्रमा नै अपूरणीय मान्न सकिन्छ । यसको ज्वलन्त उदाहरण मूलचोक र भैरवचोकको भित्तेचित्र उप्किनु वा वर्षातको पानीले विग्रिदै गएकोलाई लिन सकिन्छ । यसबाहेक काष्ठकलामा देखिएको क्षतिले पनि यसक्षेत्रको सुरक्षाका लागि सर्वसाधारणमा जानकारी प्रसार गरी यहाँको कलाकृति अवलोकनका लागि खुल्लापन ल्याउनुपर्ने देखिन्छ । तत्काल ती सामाग्री र त्यस्ता कलाको महत्व सर्वसाधारणलाई दिने उद्देश्य राखी कार्य थाल्नुपर्न देखिन्छ ।

ङ) यस क्षेत्रको कलाकृतिसँग सम्वन्ध रहेको लोकोख्यान, पद्धति आदि बारे जानकारी दिने उद्देश्यले यसबारे तत्काल अध्ययन गर्नुपर्ने अवस्था रहेको छ ।

# सन्दर्भ सूचि

**नेपाली**


| | | |
|---|---|---|
| खनाल, मोहनप्रसाद | २०५२ | **नेपाली कला** , काठमाडौं : साझा प्रकाशन । |
| जबरा, धनशमशेर | २०३६ | **कामकला रहस्य** , काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र । |
| | २०४६ | **कुलार्णव रहस्य**, काठमाडौं : नेराप्रप्र । |
| जोशी, हरिराम | २०३३ | **उत्तरप्राचीनकालीन मुद्रा** , काठमाडौं : साझा प्रकाशन |
| तिवारी, मणिप्रसाद, | २०४३ | **त्रिकाल जन्मकुण्डली दर्पण**, काठमाडौं : स्वयं । पेज |
| दाहाल,पेशल र सोमप्रसाद खतिवडा | २०५८ | **नेपालको कला र वास्तुकला**, काठमाडौं : एमके पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स । |
| पौड्याल, वीणा | २०५७ | **नेपाली मूर्तिकला र चित्रकला**, कीर्तिपुर : त्रिवि संस्कृति तथा पुरातत्व विभाग । |
| | २०६० | **काठमाडौं उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरु**, ललितपुर : साझा प्रकाशन |
| भट्टराई, गोविन्दप्रसाद | २०४१ | **मूर्तिकला**, काठमाडौं : इल्या भट्टराई । |
| मुनंकर्मी, लीलाभक्त | २०४१ | **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन**, भक्तपुर : भवानीकेशरी मुनंकर्मी । |
| रेग्मी, जगदीशचन्द्र | २०५० | **प्राचीन नेपाली संस्कृति** (दोस्रो सं.) , काठमाडौं : साझा प्रकाशन |
| वज्राचार्य, धनवज्र | २०३० | **लिच्छविकालका अभिलेख** , काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र । |
| वाङदेल, लैनसिंह | २०३९ | **प्राचीन नेपाली मूर्तिकलाको इतिहास** , काठमाडौं : नेराप्रप्र । |
| सुवेदी, मधुसुदन | २०६२ | **सनातन दैनिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका** ( दोस्रो सं), ललितपुर : सानुमैया सुवेदी । |

| | | |
|---|---|---|
| शर्मा, बुद्धिसागर | २०२१ | **वृहत्सूचीपत्रम बौद्ध विषयक सप्तमे भाग प्रथम खण्ड** , काठमाडौं : वीर पुस्तकालय । |
| | २०२१ | **वृहत्सूचीपत्रम तन्त्र विषयक चतुर्थोभाग द्वितीय खण्ड** , काठमाडौं :  राष्ट्रिय अभिलेखालय । |
| क्षेत्री गणेश र रामचन्द्र रायमाझी | २०६० | **नेपाली कला, वास्तुकला र प्रतिमालक्षण** (दोस्रो सं) , काठमाडौं : एसिया पब्लिकेशन । |
| 'त्रिशुली', धर्मरत्न शाक्य र अन्य | २०६२ | **दीपंखा यात्रा** , यल : दीपंखा गुठी । |

**English**

| | | |
|---|---|---|
| Bastrow, A. L. | 1988 | **The prehistoric goddess**, In Olson, C. (Ed.), The book of goddesses: Past and present . New York; Crossroad. |
| Blumenberg, H. | 1985 | **Work on myth**, (R. W. Wallace, Trans.). Cambridge; MIT Press. |
| Danielou A. | 1964 | **Hindu polytheism**, London; Routledge and kegan paul. |
| Majpuria, Trilokchandra | 2000 | **Sacred Animals of Nepal & India**, Lashkar; M. Devi. |
| Macdonell, A.A. | 1963 | **The vedic mythology** , Delhi; Motilal Banarasidas. |
| Pal,P. and Bhattacharya, D.C | 1969 | **The Astral divinity of Nepal** , Vanarasi; prithivi prakashan. |
| Pal, P. | 1985 | **Vaishnav Iconology in Nepal**, Calcutta; Asiatic society . |
| Raay, Amita | 1973 | **Art of Nepal**, Delhi ; Indian Council for Cultural Relation . |
| Singh, Madanjit | 1971 | **Himalayan Art**, Newyork; The macmillan co. |

Vajracharya, Dhana &

K.P. Malla 1985 **The Gopal Rajvamsavali**, Kathmandu; Nepal Research Centre.

Vaidya, Tulsiram &

Purushottam L. Shrestha 2002 **Bhaktapur Rajdarwar**, Kirtipur; CNAS .

**नेपालभाषा**

जोशी, रास ११२९ **स्वनिग:या संस्कृति** (उपत्यकाको संस्कृति)। ख्वप : कुत: पिकाक: ।

श्रेष्ठ, सुरेन्द्रमान १११८ **नेवा: छेँ** (नेवार घर)। रामभक्त भोमि ।

**हिन्दी**

अग्रवाल, वासुदेशरण १९९७ **भारतीय कला** (द्वितीय सं), वाराणसी : पृथिवी प्रकाशन ।

उपाध्याय, वासुदेव १९८२ **प्राचीन भारतीय मूर्ति विज्ञान** , वाराणसी : चौखम्बा विद्याभवन ।

काणे, पीभी १९९२ **धर्मशास्त्रका इतिहास, भाग १-५**,लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

तिवारी, मारुतिनन्दन र कमल गिरी १९९७ **मध्यकालिन भारतीय प्रतिमालक्षण**,वाराणसी : विश्वविद्यालय प्रकाशन ।

पाण्डेय,राजवली २००३ **हिन्दू धर्म कोश** (तृतीय सं),लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

मिश्र,सुरेशचन्द्र २००४ **ज्योतिष सर्वस्व**, नईदिल्ली : रंजन पब्लिकेशन ।

शर्मा, मिहिरचन्द्र १९९० **निर्णयसिन्धु**, बाराणसी : बम्बइ बुक डिपो ।

श्रीवास्तव, वृजभूषण १९९८ **प्राचीन भारतीय प्रतिमा विज्ञान एवं मूर्तिकला**, वाराणसी : विश्वविद्यालय प्रकाशन ।

श्रीवास्तव, सोनू २००४ **अग्निपुराण सांस्कृतिक अध्ययन**, इलाहावाद : इलाहावाद वि.वि. संस्कृत विभाग ( डि.फिल थेसिस, )।

त्रिवेदी, रामगोविन्द १९५० **वैदिक साहित्य**, काशी : भारतीय ज्ञानपीठ ।

**पत्रपत्रिका**

जोशी,रास ११११९ 'असनय् म्येचा जात्रा' (असनमा राँगाजात्रा) **स्वनिग:** ,(यँ : स्वनिग: पिकाक, नेसं ११११९)

मुनंकर्मी, लीलाभक्त २०५४ 'कालरात्री पूजा र पायोजात्रा' **भक्तपुर** *१५:१२,* भक्तपुर : भक्तपुर नगरपालिका ।

श्रेष्ठ, पुरुषोत्तमलोचन २०५५ 'जन्हंचोकका कलाकृतिहरु कालरात्री पूजा र पायोजात्रा' **भक्तपुर** *१७:३,* भक्तपुर : भक्तपुर नगरपालिका

Internet

www.psyeta.org/sa/sa2.2/sax.html
www. wikipedia . org
www.anaflora .com
http://www.hindu.com/fr/2005/01/07/stories/2005010702891000.htm
http://www.ecoheritage.cpreec.org/

**हस्तलिखित एवं अप्रकाशित**

रास जोशीको संकलनमा रहेको भूपतिन्द्र मल्लाया मोकांपुरया हात्ती खेदा

शाक्य, सृजना २०५९ **नेवा: समाजय् ध्याचू मे छगू अध्ययन** (नेवार समाजमा व्यंग्य गीत एक अध्ययन), (यल : त्रिवि, मानविकी तथा सामाजिक शास्त्र संकाय, स्नातकोत्तर नेपालभाषा थेसिस( अप्र.)

















































































